# मध्यमकालीन खर्च संरचना
## (Medium-Term Expenditure Framework)

(आर्थिक बर्ष २०८२/०८३ - २०८४/०८५)

मध्यमकालीन खर्च संरचना
(आर्थिक वर्ष २०८२/०८३ - २०८४/०८५)

गण्डकी प्रदेश सरकार

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

पोखरा, नेपाल

असार १, २०८२

# मध्यमकालीन खर्च संरचना

# (Medium-Term Expenditure Framework-MTEF)

## आर्थिक वर्ष २०८३/८४-२०८५/८६

**गण्डकी प्रदेश सरकार**

## गण्डकी प्रदेश नीति तथा योजना आयोग

**पोखरा, नेपाल**

**असार १, २०८३**

**मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८३/८४-२०८५/८६)**

प्रतिलिपि अधिकार @ गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखरा, नेपाल

फोनः ०६१-४५२५९४

Email: pppcgandaki@gmail.com

Website: ppc.gandaki.gov.np

# भूमिका

मध्यमकालीन खर्च संरचना (MTEF) योजनाबद्ध विकास एवम् सार्वजनिक वित्त व्यवस्थापनको एक महत्त्वपूर्ण औजार हो। यसले आवधिक योजना र वार्षिक योजनाबीच तादात्म्यता कायम गर्ने कार्य गर्दछ। यो दस्तावेजले आर्थिक स्रोतको वस्तुपरक विश्लेषण गरी प्राथमिकताका क्षेत्रमा त्रिवर्षीय रूपमा सन्तुलित बजेट प्रक्षेपण मार्फत सिमित स्रोतको प्राथमिकीकरणमा सहयोग पुऱ्याउँछ। मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनका सम्बन्धमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ ले मार्गदर्शन गरे अनुरूप आय-व्यय विश्लेषण र विनियोजनलाई यथार्थपरक र तथ्यमा आधारित बनाउँछ।

गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२– २०८५/८६) ले "**आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी**" को सोचअनुरूप उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समावेशी विकास हासिल गर्ने लक्ष्य राखेको छ। मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गर्दै प्राथमिकता प्राप्त कार्यक्रमको निरन्तरता, बहुवर्षीय आयोजनाको प्रभावकारी सम्पादन र स्रोतको पूर्वनिर्धारण गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। साथै, यसले दिगो विकास लक्ष्य, लैङ्गिक समानता, जलवायु अनुकूलन र प्रदेश सरकारका रूपान्तरणकारी कार्यक्रम तथा आयोजनालाई प्राथमिकताका आधारमा बजेटमा समावेश गरी कार्यान्वयनको गतिशीलता बढाउँदछ।

गण्डकी प्रदेश सरकारले तयार गरेको यो मध्यमकालीन खर्च संरचनामा आगामी तीन आर्थिक वर्ष (२०८३/८४– २०८५/८६) का लागि यथार्थपरक राजस्व र व्ययको प्रक्षेपण, स्रोतको सुनिश्चितता र नतिजा प्राप्तिको मार्गचित्र समावेश गरिएको छ। विषयगत मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना र प्रादेशिक बजेट सूचना प्रणालीबाट प्राप्त तथ्याङ्कलाई आधार बनाई यो दस्तावेज तयार गरिएको छ। यसको कार्यान्वयनले वित्तीय अनुशासन, पूँजीगत खर्च र कामको गुणस्तरमा सुधार र आर्थिक सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ।

अन्त्यमा, यस मध्यमकालीन खर्च संरचनाको निर्माणमा सहयोग पुऱ्याउने विषयगत मन्त्रालय एवम् निकायका पदाधिकारी र कर्मचारी लगायत सबै सरोकारवाला प्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

**पोखरा, गण्डकी प्रदेश**

# विषयसूची


**परिच्छेद एकः परिचय ...................................................... १**

१.१ पृष्ठभूमि ...................................................... १

१.२ परिचय ...................................................... १

१.३ उद्देश्य ...................................................... ४

१.४ कानूनी व्यवस्था ...................................................... ५

१.५ संस्थागत व्यवस्था ...................................................... ६

१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ...................................................... ८

१.७ मध्यमकालीन खर्च संरचनामा सुधार ...................................................... १०

**परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना ...................................................... १२**

२.१ पृष्ठभूमि ...................................................... १२

२.२ विकासका चुनौती तथा अवसर ...................................................... १३

२.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ...................................................... १५

२.४ मध्यमकालीन आर्थिक तथा वित्त खाका ...................................................... १६

२.५ मध्यमकालीन नतिजा खाका ...................................................... १८

२.६ मध्यमकालीन बजेट खाका ...................................................... २०

२.७ त्रिवर्षीय बजेट खाका ...................................................... २३

२.८ प्राथमिकताको आधारमा बाँडफाँट ...................................................... २७

२.९ बजेट कोडिङको अवस्था ...................................................... २८

२.१० अन्तर सरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण ...................................................... ३१

**परिच्छेद तीनः मन्त्रालय/निकायगत मध्यमकालीन खर्च संरचना ...................................................... ३४**

३.१ आर्थिक मामिला मन्त्रालय ...................................................... ३४

३.२ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ...................................................... ४०

३.३ वन तथा वातावरण मन्त्रालय ...................................................... ४८

३.४ उद्योग तथा पर्यटन मन्त्रालय ...................................................... ५६

३.५ स्वास्थ्य मन्त्रालय ...................................................... ६०

३.६ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय ...................................................... ७१

३.७ उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय ...................................................... ७७

३.८ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय ........ ८५

३.९ गण्डकी प्रदेश नीति तथा योजना आयोग........ ९०

३.१० प्रदेश सभा सचिवालय ........ ९४

३.११ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय........ ९८

३.१२ मुख्य न्यायाधिवक्ताको कार्यालय........ १०५

३.१३ प्रदेश लोकसेवा आयोग ........ १०९

## तालिका सूची

तालिका १: मध्यमकालीन आर्थिक तथा वित्त खाका........ १८
तालिका २: मध्यमकालीन नतिजा खाका........ १९
तालिका ३: मध्यमकालीन बजेट खाका ........ २१
तालिका ४: प्रदेश मन्त्रालय/निकायको यथार्थ, संशोधित अनुमान तथा प्रक्षेपण विवरण ........ २४
तालिका ५: प्राथमिकताको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ २७
तालिका ६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ २८
तालिका ७: लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण........ ३०
तालिका ८: जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ ३१
तालिका ९: नेपाल सरकारबाट गण्डकी प्रदेश सरकारलाई वित्त हस्तान्तरण ........ ३१
तालिका १०: गण्डकी प्रदेश सरकारबाट स्थानीय तहलाई वित्त हस्तान्तरण........ ३२
तालिका ११: आर्थिक मामिला मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक........ ३८
तालिका १२: आर्थिक मामिला मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान........ ३९
तालिका १३: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक........ ४४
तालिका १४: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान........ ४७
तालिका १५: वन तथा वातावरण मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक ........ ५४
तालिका १६: वन तथा वातावरण मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान ........ ५४
तालिका १७: उद्योग तथा पर्यटन मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक ........ ५८
तालिका १८: उद्योग तथा पर्यटन मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान ........ ५९
तालिका १९: स्वास्थ्य मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक........ ६९
तालिका २०: स्वास्थ्य मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान........ ६९
तालिका २१: भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक ........ ७५
तालिका २२: भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान ७६
तालिका २३: उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक ........ ८२
तालिका २४: उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान ........ ८३

तालिका २५: सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक ........................ ८८
तालिका २६: सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान ........... ८९
तालिका २७: गण्डकी प्रदेश नीति तथा योजना आयोगको त्रिवर्षीय नतिजा सूचक.................................. ९२
तालिका २८: गण्डकी प्रदेश नीति तथा योजना आयोगको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान...................... ९३
तालिका २९: प्रदेश सभाको त्रिवर्षीय नतिजा सूचक ................................................................... ९६
तालिका ३०: प्रदेश सभाको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान ........................................................ ९६
तालिका ३१: मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको त्रिवर्षीय नतिजा सूचक .................................. १०२
तालिका ३२: मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान..................... १०३
तालिका ३३: मुख्य न्यायाधिवक्ता कार्यालयको त्रिवर्षीय नतिजा सूचक ............................................. १०८
तालिका ३४: मुख्य न्यायाधिवक्ता कार्यालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान ................................ १०८
तालिका ३५: प्रदेश लोकसेवा आयोगको त्रिवर्षीय नतिजा सूचक.................................................... ११३
तालिका ३६: प्रदेश लोकसेवा आयोगको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान........................................ ११३

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७६/७७ देखि योजनाबद्ध विकास पद्धतिको अभ्यास हुँदै आएको छ। आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म कार्यान्वयनमा रहेको प्रथम पञ्चवर्षीय योजना पश्चात आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्म कार्यान्वयन हुने गरी तयार गरिएको दोस्रो पञ्चवर्षीय योजना अहिले कार्यान्वयनको दोस्रो वर्षमा छ। समावेशी, सन्तुलित र दिगो सामाजिक-आर्थिक विकासको गतिलाई तीव्रता प्रदान गर्न योजनाबद्ध विकास आवश्यक रहन्छ। नेपालको दीर्घकालीन सोच २१०० **'समृद्ध नेपाल, सुखी नेपाली** र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले परिकल्पना गरेको **"समृद्ध प्रदेश सुखी नागरिक"** को सोचसँग तादात्म्यता हुनेगरी दोस्रो पञ्चवर्षीय योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीति तय गरिएको छ। दोस्रो पञ्चवर्षीय योजनाले प्रदेशको समग्र विकास तथा समुन्नतिको गतिलाई द्रुततर तुल्याउन **"आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"** को सोच सहित संरचनात्मक रूपान्तरणमार्फत् उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, रोजगारी सिर्जना र दिगो विकासमा जोड दिएको छ। योजनाले लिएका लक्ष्य हासिल गर्न उपलब्ध स्रोतको वस्तुपरक अनुमान, विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन अपरिहार्य हुन्छ। सार्वजनिक वित्त व्यवस्थापनका उल्लिखित पक्षको सुधारलाई निर्देशित गर्न मध्यमकालीन खर्च संरचना औजारको रुपमा रहेको छ।

आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता एवम् सामाञ्जस्यता, समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्न मध्यमकालीन खर्च संरचना सहयोगी सिद्ध भएको छ। यसले उपलब्ध स्रोत साधनको तथ्यपरक आङ्कलन गरी प्राथमिकता प्राप्त क्षेत्रमा मध्यम अवधिको व्यवस्थापन मार्फत सार्वजनिक वित्तको कुशलतापूर्वक परिचालन गर्न सहयोग पुर्‍याउँछ। नागरिकका अपेक्षा स्रोतको उपलब्धताको सीमाभित्र समेटी क्षेत्रगत प्राथमिकता निर्धारणमार्फत अपेक्षित नतिजा प्राप्त गर्न मध्यमकालीन खर्च संरचना उपयोगी हुन्छ। यस अर्थमा अपेक्षित एवम् दिगो सार्वजनिक वित्त व्यवस्थापनमा यसको प्रभावकारी भूमिका रहन्छ।

## १.२ परिचय

आवधिक योजना र वार्षिक बजेटबीच अन्तरआवद्धता कायम गर्ने त्रिवर्षीय चक्रिय योजना मध्यमकालीन खर्च संरचना हो। सार्वजनिक वित्त व्यवस्थापनको एक महत्त्वपूर्ण औजारका रूपमा रहेको यो संरचनाले उपलब्ध साधन-स्रोतको अनुमानलाई प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। गर्दछ। यस अन्तर्गत समष्टिगत आर्थिक तथा वित्त खाका, नतिजा खाका र कार्यक्रम तथा बजेट खाका

समावेश गरिएको हुन्छ। आर्थिक तथा वित्त खाका अन्तर्गत अर्थतन्त्रको वर्तमान अवस्था, मध्यमकालीन अवधिको अनुमान एवम् प्रक्षेपण गरिन्छ। यसैगरी नतिजा खाका अन्तर्गत क्षेत्रगत वर्तमान र अपेक्षित नतिजा समावेश हुन्छन् भने बजेट खाका अन्तर्गत सार्वजनिक वित्त व्यवस्थापनका समग्र पक्ष समेटिएको हुन्छ।

प्रदेश स्रोत अनुमान समितिमार्फत् उपलब्ध त्रिवर्षीय स्रोत सीमाभित्र रही क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत मन्त्रालय र निकायका प्राथमिकताका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक स्रोत एवम् प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण गर्ने अनुदान तथा राजस्व बाँडफाँट सहित मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ र सोही सीमाभित्र रही त्रिवर्षीय बजेट अनुमान गरिन्छ। यसरी सार्वजनिक स्रोत परिचालन गरी आगामी तीन वर्षमा प्राप्त हुने नतिजाको समेत अनुमान गरिन्छ।

यस त्रिवर्षीय खर्च संरचना मार्फत् गत आर्थिक वर्षको प्रगति समीक्षा, चालू आर्थिक वर्षको संशोधित अनुमान र आगामी तीन आर्थिक वर्षको अनुमानका आधारमा प्रक्षेपण गरिन्छ। यो संरचना विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व अनुमान र सङ्कलनबीचको तादात्म्यता तथा निर्धारित लक्ष्य र नतिजा लगायतका आधारमा प्रत्येक वर्ष परिमार्जन गर्नुपर्ने भएकाले यसलाई चक्रीय योजना पनि भनिन्छ। एउटा आवधिक योजनाको म्याद सकिएको र अर्को लागु भई नसकेको अवस्थामा यसले योजनाको रिक्ततालाई सम्बोधन गर्नुका साथै बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोग पुऱ्याउँछ।

सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापनमा विभिन्न समस्या विद्यमान रहेका छन्। आवधिक योजना र वार्षिक विकास योजनामा तादात्म्यता हासिल हुन नसकेमा आवधिक योजनाले निर्धारण गरेका लक्ष्य हासिल गर्न प्रायः असम्भव हुन्छ। यसका साथै, स्रोत सिमितताको वर्तमान अवस्थामा नागरिकका विकास अपेक्षा पूरा गर्न कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण अपरिहार्य हुन्छ। उक्त आवश्यकतालाई मध्यनजर गरी नेपालमा दशौं पञ्चवर्षीय योजनादेखि र गण्डकी प्रदेशमा प्रथम पञ्चवर्षीय योजनासँगै उक्त योजनासँग तादात्म्य हुनेगरी मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था कानुन अनुसार सुनिश्चित गरिएको छ। आवधिक योजनालाई वार्षिक योजना तथा कार्यक्रमसँग जोड्ने माध्यमको रूपमा रहेको मध्यमकालीन खर्च संरचनामा सामान्यतया देहायका विशेषता रहेका हुन्छन्।

(क) **आवधिक योजना र वार्षिक बजेट बीच तादात्म्यताः** मध्यमकालीन खर्च संरचनाले आवधिक योजना कार्यान्वयनको लागि त्रिवर्षीय क्षेत्रगत नतिजा सूचक र लक्ष्य, अर्थतन्त्रको अवस्था र

अपेक्षित लक्ष्य, स्रोत अनुमान र कार्यक्रम तथा आयोजना प्राथमिकीकरण गर्न सहयोग गर्दछ। यसका लागि योजनाको सोच, लक्ष्य र रणनीतिलाई खर्च संरचनाको सम्बन्धित विषय क्षेत्रगत मन्त्रालय/निकाय खण्डमा समावेश गरिएको हुन्छ। यसरी वार्षिक विकास कार्यक्रम र आवधिक योजनाबीच सम्बन्ध सेतुको स्थापना गरिन्छ।

**(ख)** **विकास कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणः** योजनाले लिएका लक्ष्य हासिल गर्न उपलब्ध स्रोत साधनको महत्तम परिचालनका लागि विकास कार्यक्रम वा आयोजनाबाट हासिल हुने प्रतिफल तथा यसबाट आर्थिक, सामाजिक विकासमा पुग्ने योगदानको आधारमा प्राथमिकता निर्धारण एवम् परिमार्जन आवश्यक हुन्छ। प्राथमिकता प्राप्त आयोजनालाई पर्याप्त स्रोत उपलब्धता सुनिश्चित गर्न समेत यो संरचना सहयोगी हुन्छ ।

**(ग)** **लाभ-लागत अनुमानः** कार्यक्रम वा आयोजना लाभ-लागत अनुमान गर्न उक्त कार्यक्रम वा आयोजना कार्यान्वयनको लागि सञ्चालन गरिने क्रियाकलापको लागत अनुमान तथा लाभान्वित जनसङ्ख्या वा प्रतिफलको तुलना गरिन्छ। मन्त्रालय तथा निकायले सञ्चालन गर्ने आयोजना र कार्यक्रमका विभिन्न क्रियाकलापको प्रति एकाइ खर्च अनुमानको साथै विभिन्न क्षेत्रमा आगामी तीन आर्थिक वर्षभित्र गरिने लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचक समेत यस संरचनामा प्रस्तुत गरिन्छ।

मध्यमकालीन खर्च संरचना अन्तर्गत पर्ने देहाय बमोजिमका तीनवटा खाकामा माथि उल्लिखित विशेषता समेटिएका हुन्छन्ः

(क) **समष्टिगत आर्थिक खाकाः** यस खाकामा प्रदेशको समष्टिगत अर्थतन्त्रको अवस्था विश्लेषण गरी आगामी तीन आर्थिक वर्षको अर्थतन्त्रका प्रमुख सूचक अनुमान तथा प्रक्षेपण समावेश गरिएको हुन्छ। वित्तीय तथा मौद्रिक क्षेत्र एवम् सार्वजनिक वित्तका प्रभाव तथा असर तहका सूचक पनि समावेश हुने यस खाकालाई Medium Term Fiscal Framework-MTFF को रूपमा पनि चिनिन्छ।

**(ख)** **नतिजा खाकाः** आवधिक योजनाले निर्धारण गरेका क्षेत्रगत नतिजा सूचक, सोको विद्यमान अवस्था र आगामी तीन आर्थिक वर्षको लक्ष्य यस खाकामा समावेश भएको हुन्छ। अर्को शव्दमा भन्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने सम्भाव्य प्रतिफलको अनुमानसहितको खाका मध्यमकालीन नतिजा खाका हो। यो खाकालाई Medium Term Result Framework-MTRF पनि भन्ने गरिन्छ।

**(ग)** **बजेट तथा कार्यक्रम खाकाः यसमा** प्रदेश सरकारको आगामी तीन वर्षको आय तथा व्ययको अनुमान एवम् प्रक्षेपण समावेश गरिएको हुन्छ। संघबाट प्राप्त हुने अनुदान, आन्तरिक

आयलगायत अन्य स्रोतसमेत आङ्कलन गरी विषयक्षेत्रगत प्राथमिकता अनुरूप आयोजनागत रूपमा खर्चको अनुमानसहितको खाका हो मध्यमकालीन बजेट खाका। यसलाई Medium Term Budgetary Framework-MTBF पनि भनिन्छ।

## १.३ उद्देश्य

सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापनमा विद्यमान समस्या, विशेषतः आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट बीचमा अपेक्षित तादात्म्यता नहुनु, वहुवर्षीय कार्यक्रम तथा आयोजनामा समेत बजेट विनियोजन गर्न छुटाउनु, रूग्ण र समस्याग्रस्त ठहर गरिएका आयोजनाको समस्या समाधान नगरी बजेट विनियोजन भईरहनु, आयोजना कार्यान्वयन क्षमता सुधारमा पर्याप्त ध्यान नपुग्नु, लामो समय देखि कार्यान्वयनमा रहेका धेरै लगानी भईसकेका पुराना आयोजना सम्पन्न गर्न भन्दा नयाँ आयोजना थप गर्नमा वढी सकृयता र चासो रहनु आदि वित्त व्यवस्थापनको क्षेत्रमा महसुस गरिएका छन्। यस्तै प्रकृतिका सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित समस्या सम्बोधनका लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानूनी व्यवस्था गरिएको हो। यसका मुख्य उद्देश्य देहायबमोजिम रहेका छन्:

(क) सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्नु,

(ख) आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु,

(ग) आयोजनाको प्राथमिकीकरण र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,

(घ) सार्वजनिक खर्चलाई प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु,

(ङ) बजेट अनुमानलाई यथार्थपरक बनाउनु,

(च) प्रदेश सरकारको आन्तरिक स्रोत र सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणका आधारमा समष्टिगत वित्त खाका, नतिजा खाका तथा बजेट खाका तयार गर्नु,

(छ) विषयगत मन्त्रालय तथा निकायको बजेट अनुमानलाई यथार्थपरक र प्रभावकारी बनाउनु।

यस प्रकार मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोतलाई प्रदेश सरकारको आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट बिच तालमेल गराई विनियोजन कुशलता र सार्वजनिक खर्चको प्रभावकारिता एवम् वित्तीय अनुशासन कायम गराई बजेटलाई अधिकतम नतिजामुखी बनाउनु हो।

## १.४ कानूनी व्यवस्था

(क) **नेपालको संविधान:** नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग अन्तर्गत संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा वार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्ने प्रावधान रहेको छ। संविधानको धारा ६० मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा राजस्व उठाउन सक्ने व्यवस्था रहेको छ। नेपाल सरकारले सङ्कलन गरेको राजस्व तीन वटै तहमा न्यायोचित वितरण गर्ने र नेपाल सरकारले प्रदेश एवम् स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। यस प्रयोजनका लागि संविधानको भाग २६ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ।

(ख) **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४:** अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको दफा १७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने व्यवस्था गरेको छ। ऐनले मध्यमकालीन खर्च संरचना तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक रकम छुट्याउनु पर्ने व्यवस्था गरेको छ। त्यसैगरी, मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य, प्रस्तावित योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ, प्रस्तावित योजना कार्यान्वयन पश्चात प्राप्त हुनसक्ने प्रतिफल वा उपलब्धिको प्रक्षेपण समेत खुलाउनुपर्ने व्यवस्था गरेको छ।

(ग) **प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८:** यस ऐनको परिच्छेद ३ मा राजस्व र व्ययको अनुमान तथा दफा ५ मा नीति तथा योजना आयोगले आवधिक योजनाका आधारमा प्रत्येक आर्थिक वर्षमा त्रिवर्षीय मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त मध्यमकालीन खर्च संरचनामा नीति तथा योजना आयोगले समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति एकाइ लागत, आयोजना वा कार्यक्रममा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्ने भन्ने व्यवस्था रहेको छ। त्यसैगरी, प्रदेश मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ।

**(घ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९:** यस नियमावलीको नियम १० मा मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी चैत मसान्तसम्म तयार गर्नु पर्ने प्रावधान रहेको छ। यसरी तयार भएका खाकाका आधारमा सबै विषयगत मन्त्रालयले मध्यमकालीन खर्च संरचना तयार गरी वैशाख पन्ध्र गतेभित्र नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ। यसरी मन्त्रालयले तयार गर्ने मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति एकाइ लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफल समावेश हुनुपर्ने व्यवस्था छ। त्यसैगरी, सो दस्तावेजमा तीन आर्थिक वर्षको आयोजना वा कार्यक्रमगत अनुमानित वार्षिक बजेट, गत आर्थिक वर्षको यथार्थ खर्च तथा चालू आर्थिक वर्षको विनियोजन सहितको बजेट खाका र तीन आर्थिक वर्षमा हासिल हुने अपेक्षित प्रतिफल सहित नतिजा खाका रहनु पर्ने व्यवस्था रहेको छ। यसरी तयार गरिने मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरणलाई विषयगत मन्त्रालयले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गर्नुपर्ने प्रावधान रहेको छ।

**(ङ) प्रदेश सरकारको बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८०:** यस निर्देशिकाको दफा ३ मा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को व्यवस्थालाई आत्मसात गरेको छ।

## १.५ संस्थागत व्यवस्था

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ ले प्रदेश सरकारका विभिन्न मन्त्रालय एवम् निकायको कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्यमा समन्वय गर्न देहाय बमोजिम विभिन्न संरचना परिकल्पना गरेको छ।

### (क) प्रदेश स्रोत अनुमान समिति

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ११ बमोजिम देहाय अनुसारको प्रदेश स्रोत अनुमान समिति रहने व्यवस्था रहेको छः

| | |
|---|---|
| उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | संयोजक |
| सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने), प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| सचिव, आर्थिक मामिला मन्त्रालय | सदस्य |

| | |
|---|---|
| प्रमुख, नेपाल राष्ट्र बैंक, पोखरा | सदस्य |
| प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

प्रदेश सरकारको खर्च, राजस्व, नेपाल सरकारबाट प्राप्त हुने अनुदान र बजेट कार्यान्वयनको समीक्षा गरी उपलब्ध हुन सक्ने स्रोतको आंकलन गर्ने जिम्मेवारी प्रदेश स्रोत अनुमान समितिमा रहेको छ। समितिले आवधिक योजना, विषय क्षेत्रगत दीर्घकालीन योजना अर्थात् गुरूयोजना, मध्यमकालीन खर्च संरचना र प्रदेश सरकारको नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको खर्चको आवश्यकता आंकलन सहित स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सो समेतको आधारमा मध्यमकालीन समष्टिगत वित्त खाका तयार गर्नुपर्ने व्यवस्था रहेको छ। समितिले फागुन पन्ध्र गतेभित्र सुझाव सहितको प्रतिवेदन आर्थिक मामिला मन्त्रीसमक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ।

**(ख) बजेट समिति**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १३ बमोजिम प्रदेश सरकारका मन्त्रालय वा निकाय अन्तर्गतको कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्यमा समन्वय गर्न तथा खर्चको मापदण्ड निर्धारण गर्न देहायअनुसारको बजेट समिति रहने व्यवस्था रहेको छः

| | |
|---|---|
| लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको नवौं तह वा दशौं तह वा सो सरहको अधिकृत | अध्यक्ष |
| प्रमुख, योजना तथा बजेट महाशाखा | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| प्रमुख, योजना शाखा | सदस्य-सचिव |

बजेट समितिले प्रदेश सरकारका मन्त्रालय वा निकाय अन्तर्गतको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यमा समन्वय गर्न तथा खर्चको मापदण्ड निर्धारण गर्न बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्नुपर्ने जिम्मेवारी रहेको छ। समितिले प्रदेश नीति तथा योजना आयोगबाट प्राप्त बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनका आधारमा आफ्नो केन्द्रीय निकाय र अन्तर्गतका कार्यालयको लागि मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम तयार गरी नीति तथा योजना आयोग र अर्थमन्त्रालयमा पठाउने एवम् सोको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्ने गराउने कार्य समेत गर्दछ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना तर्जुमाका चरण र प्रकृया सम्बन्धी व्याख्या सहितको अभिन्न कानूनी व्यवस्था रहेको छैन तथापि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८; प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ मा भएका व्यवस्था र यस सम्बन्धमा स्थापित सिद्धान्तका आधारमा मध्यमकालीन खर्च संरचना तयार गर्ने गरिएको छ।

### (क) समष्टिगत वित्त खाका निर्धारण र त्रिवर्षीय स्रोत अनुमान

प्रदेश स्रोत अनुमान समितिले प्रदेशको खर्च, राजस्व सङ्कलनको अवस्था, नेपाल सरकारबाट प्राप्त हुने अनुदान, र बजेट कार्यान्वयन अवस्था समीक्षा गरी आगामी तीन आर्थिक वर्षमा उपलब्ध हुन सक्ने आर्थिक स्रोत तथा गर्न सकिने खर्चको सीमा अनुमान तथा प्रक्षेपण गरेको छ। स्रोत अनुमान तथा प्रक्षेपण गर्दा गत आर्थिक वर्षको वार्षिक र चालू आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक अवस्था, आगामी आर्थिक वर्षमा उपलब्ध हुन सक्ने राजस्व र संघबाट प्राप्त हुने अनुदान लगायतका प्रदेश सञ्चित कोषमा जम्मा हुने स्रोत समेतलाई आधार मानिएको छ।

### (ख) विषय क्षेत्रगत बजेट सीमा तथा स्रोत बाँडफाँट

प्रदेश नीति तथा योजना आयोगबाट दोस्रो पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य स्थानीयकरणको मार्गचित्र, विषय क्षेत्रगत नीति तथा गुरूयोजना, प्रादेशिक आवश्यकता तथा प्राथमिकता, प्रदेश गौरवका आयोजना तथा बहुवर्षीय आयोजना कार्यान्वयनको अवस्था एवम् नयाँ कार्यक्रम तथा आयोजनाको आवश्यकता समेतलाई आधार लिई आगामी तीन आर्थिक वर्षको बजेट सीमा एवम् स्रोत बाँडफाँट गरिएको छ। त्यसैगरी, बजेट तर्जुमाका लागि आयोगको निर्णयअनुसार स्वीकृत बजेट तर्जुमा मार्गदर्शन समेत गरी चालू, पूँजीगत र वित्तीय व्यवस्था सहितको बजेट सीमा प्रदेश मन्त्रालय र निकायमा प्रेषण गरिएको थियो।

### (ग) विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमा

प्रदेश नीति तथा योजना आयोगबाट उपलब्ध गराईएको मार्गदर्शन र ढाँचाका आधारमा मन्त्रालय/निकायद्वारा विषय क्षेत्रगत बजेट सीमाको अधीनमा रही तर्जुमा गरी पठाइएका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी यो दस्तावेज तयार गरिएको हो। मध्यमकालीन खर्च संरचना मस्यौदा तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा प्राथमिकता निर्धारण, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण अनुसार गरिएको

छ। तत्पश्चात् विषयगत मन्त्रालय/निकायमा प्रारम्भिक छलफल गरी विषय क्षेत्रगत स्रोत अनुमान तथा खर्च प्रक्षेपण गरिन्छ। यसप्रकार प्रदेश मन्त्रालय एवम् निकायबाट कार्यक्रम तथा आयोजनाको विवरण तयार गरी प्रति एकाइ लागत र विषय क्षेत्रगत नतिजा खाका समेत समावेश गरी तयार गरिएको प्रस्तावित मध्यमकालीन खर्च संरचना नीति तथा योजना आयोगमा प्राप्त हुन्छ। यसरी प्राप्त हुन आएको मस्यौदा प्रतिवेदनलाई नीति तथा योजना आयोगले अन्तिम रूप दिई विनियोजन विधेयकसँगै प्रदेश सभा समक्ष पेश गर्न आर्थिक मामिला मन्त्रालयमा पठाउने गर्दछ।

### (घ) मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन तथा प्रक्षेपण

मध्यमकालीन खर्च संरचनामा मन्त्रालय/निकायगत त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण सम्बन्धित मन्त्रालय/ निकायका बजेट उपशिर्षक तहमा मात्र समावेश गरिएको छ। यस बाहेक बजेट उपशिर्षक अन्तर्गतका आयोजना, कार्यक्रम एवम् क्रियाकलापको बजेट विनियोजन तथा प्रक्षेपण मध्यमकालीन खर्च संरचनामा समावेश गर्ने गरिएको छैन। बजेट उपशिर्षक अन्तर्गतका आयोजना तथा कार्यक्रम एवम् क्रियाकलापको विवरण आर्थिक मामिला मन्त्रालयबाट प्रकाशन गरिने वार्षिक विकास पुस्तिकामा समावेश गरिने भएकाले यस संरचनामा उक्त विवरण समावेश गरिएको छैन।

### (ङ) खर्च तथा स्रोतबीचको तालमेलको समीक्षा

विषय क्षेत्रगत मन्त्रालय तथा निकायबाट प्राप्त मध्यमकालीन खर्च संरचना मस्यौदालाई पुनरावलोकन गरी बजेट मागको प्राविधिक विश्लेषण समेत गरिएको छ। विषय क्षेत्रगत मन्त्रालय एवम् निकायसँग छलफल गरी खर्च तथा स्रोतलाई आवश्यकता अनुसार परिमार्जन गरिन्छ। यसरी सम्बन्धित मन्त्रालय/निकायबाट तयार गरी प्राप्त भएको बजेट अनुमान खासगरी पूँजिगत खर्च तथा वित्तीय व्यवस्थाका विषयमा नीति तथा योजना आयोगमा नीतिगत तथा कार्यक्रमगत छलफल समेत आयोजना गरिएको थियो। छलफलका क्रममा अनिवार्य दायित्व, वित्तीय कुशलता, आर्थिक मितव्ययिता, वहुवर्षीय दायित्व र आयोजना तथा कार्यक्रमको प्राथमिकता लगायतका विषयलाई आधार मानिएको थियो।

### (च) मध्यमकालीन खर्च संरचना र बजेटबीचको अन्तरसम्बन्ध कायम

मध्यमकालीन खर्च संरचनाको प्रमुख विशेषता नै आवधिक योजना र वार्षिक बजेटबीच सम्बन्ध स्थापित गराउनु पर्ने भएकाले मध्यमकालीन खर्च संरचना र बार्षिक बजेटबीच तादात्म्यता हुनुपर्ने यसको बाध्यता हो। यस क्रममा मध्यमकालीन खर्च संरचनाको पहिलो वर्षको लागि बजेटमा प्रस्तावित तथा अन्तिम रूप दिईएको बजेट रकम र स्रोत व्यवस्था उल्लेख गरिन्छ भने दोस्रो र तेस्रो वर्षमा खर्च तथा स्रोत अनुमानलाई आधार लिई प्राथमिकता, अपेक्षित उपलब्धि, बहुवर्षीय दायित्व, आयोजना अवधि लगायतका

पक्षलाई ध्यान दिई विषय क्षेत्रगत मन्त्रालयबाट प्राप्त खर्च प्रक्षेपणको प्राविधिक विश्लेषण गरिन्छ। सोही आधारमा विषयक्षेत्रगत रूपमा दोस्रो र तेस्रो वर्षको खर्च प्रक्षेपण गरिएको छ।

### (छ) मध्यमकालीन खर्च संरचनाको स्वीकृति र प्रकाशन

यस चरणमा विषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना एकीकृत गरी खर्चको माग र स्रोत बीचको तालमेल, स्रोत अनुमान समितिबाट निर्धारित त्रिवर्षीय स्रोतसँगको तादात्म्यता, तथा समष्टिगत वित्त खाका, समष्टिगत बजेट खाका र समष्टिगत नतिजा खाका तयार गरी उक्त खाका बीचको तालमेल समेत विश्लेषण पश्चात प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनालाई अन्तिम रूप दिईएको हो। यसरी तयार गरिएको मध्यमकालीन खर्च संरचना आर्थिक मामिला मन्त्रालयमार्फत प्रदेश सभामा पेश गर्ने प्रयोजनार्थ आयोगको मिति **२०८३ असार १ गतेको** निर्णय अनुसार स्वीकृत गरिएको छ। तत्पश्चात प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ बमोजिम राजस्व र व्ययको अनुमानको साथमा दफा ५ बमोजिम तयार गरिएको मध्यमकालीन खर्च संरचनाको दस्तावेज आर्थिक मामिला मन्त्रालय मार्फत् मिति २०८३ असार १ गते गण्डकी प्रदेश सभा समक्ष पेस गरिएको हो।

## १.७ मध्यमकालीन खर्च संरचनामा सुधार

मध्यमकालीन खर्च संरचना तयार गर्दा दोस्रो पञ्चवर्षीय योजनाको रणनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयनको लागि बजेटमा समावेश हुने कार्यक्रम तथा आयोजना आवधिक योजनासँग अन्तरआवद्ध हुनेगरी पहिचान, विकास तथा प्राथमिकीकरण गरिएको छ। आयोजना तथा कार्यक्रम र वार्षिक बजेट बीच तादात्म्यता कायम हुनेगरी मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। बजेट विनियोजन र कार्यान्वयनको अवस्था हेर्दा स्रोत र कार्यान्वयन क्षमताको उचित विश्लेषण नगरी प्रत्येक वर्ष आयोजनाको सङ्ख्या बढ्दै गएको र तोकिएको समय र लागतमा सम्पन्न नहुने गरेको अवस्था छ।

खासगरी पूर्वाधार निर्माणसँग सम्बन्धित मन्त्रालय जस्तैः भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था र उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयमा क्रमागत आयोजनाको सङ्ख्या अत्यधिक रहेको अवस्था छ। यस्ता आयोजनामा कुल लागतको तुलनामा न्यून बजेट मात्र विनियोजन हुने गरेको, कार्यान्वयनको क्रममा विभिन्न समस्याको कारण ढिलाई हुने गरेको र ठुलो सङ्ख्यामा आयोजना अधुरा तथा अपुरा रहेको अवस्था छ। यसरी विनियोजन कुशलताको अभावमा प्राथमिकताका आयोजना कार्यान्वयनमा पर्याप्त स्रोत सुनिश्चित गर्न नसकिएको, पूँजिगत खर्च न्यून हुन गएको र समग्रमा सार्वजनिक क्षेत्रको वास्तविक पूँजी निर्माण पनि कमजोर हुन गएको अवस्था छ।

सार्वजनिक वित्त विनियोजन र खर्चको यस पृष्ठभूमिमा मध्यमकालीन खर्च संरचनालाई सार्वजनिक वित्त व्यवस्थापन सुधार गर्ने औजारको रूपमा लिइन्छ। मध्यमकालीन खर्च संरचनाले खासगरी सार्वजनिक वित्त परिचालनमा अनुशासन, अनुमानयोग्यता, विनियोजन कुशलता र प्रभावकारिता हासिल गर्न मद्दत गर्दछ। स्रोत परिचालनको कमजोर अवस्था, बजेट माथिको उच्च चाप, क्रमागत आयोजना तथा कार्यक्रमको अत्याधिक सङ्ख्या, आयोजनाको लागत तथा समय निर्धारण गरिए भन्दा वढ्ने गरेको स्थिति एवम् अधुरा तथा अपुरा आयोजनाको सङ्ख्या अत्याधिक रहेको अवस्था विद्यमान छ। त्यसकारण नयाँ कार्यक्रम तथा आयोजनाका सम्बन्धमा उच्च प्रतिफल दिने, समयमै सम्पन्न गर्न सकिने र तयारी कार्य पूरा भएका आयोजनालाई प्राथमिकता दिनुपर्ने मान्यता आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा मार्गदर्शनमा राखिएको छ।

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा माथि उल्लिखित मान्यतामा रही कार्यक्रम वा आयोजनाको पुनः प्राथमिकीकरण तथा विनियोजन पक्षको विश्लेषण गरिएको छ। पहिचान, विकास र पूर्वतयारीका कार्य सम्पन्न भएका निश्चित थ्रेसहोल्ड भन्दा धेरै लागत अनुमान गरिएका आयोजनालाई प्रदेश आयोजना बैंक प्रणालीमा अनिवार्य प्रविष्टि गर्नुपर्ने व्यवस्था छ। यसरी आयोजना बैंकमा प्रविष्ट भएका आयोजना कार्यान्वयनमा सहजता र शिघ्रता आउने अपेक्षा गरिएको छ।

# परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालको संविधानले परिकल्पना गरेबमोजिम लोककल्याणकारी राज्यको अवधारणाअनुरूप समाजवाद उन्मुख, सबल र गतिशील आर्थिक प्रणालीको निर्माण गर्दै सुशासन, दिगो विकास र समन्यायिक समृद्धिको संस्थागत विकास गर्नु राज्यको प्रमुख अभिष्ट रहेको छ। यस समष्टिगत राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि संघीय शासन प्रणालीको कुशल एवम् प्रभावकारी व्यवस्थापन, समतामूलक तथा उत्थानशील विकास प्रक्रियाको अवलम्बन, उत्पादन एवम् उत्पादकत्वमा निरन्तर अभिवृद्धि तथा मर्यादित रोजगारीका अवसरको व्यापक सिर्जनामार्फत उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्नु अपरिहार्य देखिन्छ। मुलुकको सर्वाङ्गीण रूपान्तरण र समृद्धिका लागि दूरदृष्टिसहितको समष्टिगत आर्थिक एवम् विषयक्षेत्रगत विकास नीतिको तर्जुमा, प्राथमिकताप्राप्त रणनीति तथा कार्यक्रमको वस्तुपरक पहिचान, र नतिजामुखी कार्यान्वयन संयन्त्रको सुदृढीकरण नै आधुनिक सार्वजनिक वित्त व्यवस्थापनका सुदृढ आधारस्तम्भ हुन्।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को कानूनी व्यवस्थाबमोजिम गण्डकी प्रदेश सरकारले प्रत्येक आर्थिक वर्षको विनियोजन विधेयकसँगै प्रदेश सभामा मध्यमकालीन खर्च संरचना पेश गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ। गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन आदेश अनुसार आवधिक योजनाका लक्ष्यहरूलाई वार्षिक बजेट प्रणालीसँग आबद्ध गर्ने रणनीतिक औजारको रूपमा यो संरचना तर्जुमा गर्ने संस्थागत दायित्व यस आयोगमा निहित रहेको छ।

गण्डकी प्रदेशको समग्र विकासको मार्गचित्रका रूपमा 'दोस्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२ – २०८५/८६)' कार्यान्वयनको चरणमा रहेको छ। यस आवधिक योजनाले सन् २०३० सम्ममा हासिल गर्नुपर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धताका रूपमा रहेका दिगो विकास लक्ष्यलाई प्रादेशिक तहमा आन्तरिकीकरण गर्दै सुशासन, सामाजिक न्याय र सन्तुलित समृद्धिको मूल सोचलाई आत्मसात गरेको छ।

यसै पृष्ठभूमिमा, दोस्रो पञ्चवर्षीय योजनाले तय गरेका समष्टिगत तथा क्षेत्रगत लक्षित नतिजाहरू हासिल गर्ने दिशामा सार्वजनिक खर्चलाई निर्देशित र अनुशासित बनाउन यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। प्रदेशको आर्थिक-सामाजिक परिदृश्यको वस्तुनिष्ठ विश्लेषणका आधारमा 'स्रोत अनुमान तथा खर्च सीमा निर्धारण समिति' ले निर्धारण गरेको समष्टिगत राजस्व एवम् स्रोतको उपलब्धता र खर्च

सीमाको परिधिभित्र रही आगामी आर्थिक वर्ष २०८३/८४ र तत्पश्चातका दुई आर्थिक वर्ष २०८४/८५ र २०८५/८६ को मध्यमकालीन खर्च संरचनाको खाका प्रस्तुत गरिएको छ।

विद्यमान समयमा राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्रमा देखा परेका बहुआयामिक चुनौती एवम् अर्थतन्त्रका उदीयमान सम्भावनाको गहन परिदृश्यात्मक विश्लेषण यस संरचनामा गरिएको छ। बाह्य र आन्तरिक आर्थिक संकुचनबाट पर्न सक्ने सम्भावित नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने रणनीतिक उपाय अवलम्बन गर्दै, लक्षित आर्थिक वृद्धिदर हासिल गर्न र प्रादेशिक समष्टिगत आर्थिक स्थायित्व कायम गर्न यो मध्यमकालीन खर्च संरचना पूर्ण रूपमा केन्द्रित रहेको छ।

## २.२ विकासका चुनौती तथा अवसर

गण्डकी प्रदेशको आर्थिक-सामाजिक रूपान्तरण प्रक्रियालाई द्रुत र दिगो बनाउने सन्दर्भमा विद्यमान आन्तरिक तथा बाह्य परिदृश्यका आधारमा रणनीतिक चुनौती र उदीयमान अवसर दुवै विद्यमान रहेका छन्। दोस्रो पञ्चवर्षीय योजनाका रणनीतिक लक्ष्य हासिल गर्न र सार्वजनिक वित्त व्यवस्थापनलाई सबल बनाउन उल्लिखित चुनौतीको वैज्ञानिक व्यवस्थापन र अवसरको महत्तम उपयोग गर्नु अपरिहार्य देखिन्छ।

### (क) विकासका समसामयिक चुनौती

१. **समन्यायिक समृद्धि र गरिबी निवारणः** नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्दै निरपेक्ष एवम् बहुआयामिक गरिबीको पूर्ण अन्त्य गर्ने, सामाजिक सुरक्षा र संरक्षणका माध्यमबाट न्यायपूर्ण समाज निर्माण गर्ने तथा आम नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउनु,

२. **उत्पादन, उत्पादकत्व र मर्यादित रोजगारीः** अर्थतन्त्रका प्रमुख क्षेत्र कृषि, उद्योग र सेवाको समग्र उत्पादकत्वका साथै श्रमको उत्पादकत्व अभिवृद्धि गरी प्रदेशभित्रै व्यापक रूपमा उत्पादनशील र मर्यादित रोजगारीका अवसर सिर्जना गर्नु,

३. **समष्टिगत आर्थिक स्थायित्व र बाह्य क्षेत्र व्यवस्थापनः** वर्तमान आर्थिक असहजतालाई सम्बोधन गर्दै उत्पादन, बचत र लगानीको वातावरण सुदृढ गर्नुका साथै उपभोगमुखी आयातलाई प्रतिस्थापन गरी व्यापार असन्तुलन न्यून गर्ने र बाह्य क्षेत्रको स्थायित्वलाई दिगो बनाउनु,

४. **विप्रेषणको उत्पादनमूलक उपयोग र जनशक्ति पलायन नियन्त्रणः** वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणलाई उपभोगबाट उत्पादनमूलक एवम् पूँजी निर्माणका क्षेत्रहरूमा केन्द्रित गर्नु र

मुलुकबाट शिक्षित, दक्ष एवम् ऊर्जावान जनशक्तिको पलायनलाई न्यूनीकरण गरी स्वदेशमा नै व्यवस्थापन गर्नु,

५. **जलवायु उत्थानशीलता र विपद् जोखिम न्यूनीकरणः** भौगोलिक सम्वेदनशीलताका कारण आइपर्ने प्राकृतिक विपद्को जोखिमलाई न्यूनीकरण गर्दै विकास कार्यक्रममा जलवायु अनुकूलनशीलता, पुनरुत्थान र पर्यावरणीय उत्थानशीलता कायम गर्नु,

६. **वित्तीय अनुशासन र खर्च दक्षताः** सार्वजनिक खर्चको कुशल व्यवस्थापनमार्फत् अनुत्पादक एवम् फजुल खर्च नियन्त्रण गरी चालू खर्चलाई वाञ्छित सीमाभित्र राख्नु, पूँजीगत खर्चको मात्रा र गुणस्तर बढाउनु तथा आन्तरिक स्रोत परिचालनमा व्यापक सुधार गरी आत्मनिर्भर अर्थतन्त्रको आधार तयार गर्नु,

७. **विनियोजन कुशलता र वित्तीय संघीयताको सुदृढीकरणः** वित्तीय संघीयताको मर्मनुरूप स्रोत साधनको महत्तम परिचालन र न्यायोचित वितरण गर्नुका साथै कानूनी, जनशक्तिगत र संस्थागत सुदृढीकरणमार्फत सार्वजनिक खर्चको समन्यायिक र नतिजामूलक व्यवस्थापन गर्दै विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्नु।

**(ख) विकासका उदीयमान अवसर**

१. **जनसाङ्ख्यिक लाभको उपयोगः** प्रदेशमा उपलब्ध युवा जनशक्तिको जनसाङ्ख्यिक लाभलाई उच्चस्तरीय मानव पूँजी निर्माणको माध्यमबाट प्रादेशिक आर्थिक विकास र नवप्रवर्तनमा उपयोग गर्न सकिने प्रचुर सम्भावना रहनु,

२. **प्राकृतिक स्रोतको दिगो र उत्थानशील परिचालनः** प्रदेशभित्र प्रचुर मात्रामा उपलब्ध जल, जमिन र जङ्गल जस्ता प्राकृतिक स्रोत साधनहरूको वैज्ञानिक, पर्यावरण-अनुकूल र दिगो उपयोगमार्फत उच्च आर्थिक समृद्धि हासिल गर्ने बलियो आधार हुनु,

३. **प्रविधि, ज्ञान र नवप्रवर्तनः** सूचना तथा सञ्चार प्रविधिको बढ्दो सञ्जालीकरण र यस क्षेत्रमा संलग्न प्राविधिक रूपमा दक्ष जनशक्तिको क्षमतालाई शासकीय र आर्थिक गतिविधिमा आन्तरिकीकरण गर्ने अवसर उपलब्ध हुनु,

४. **प्रवासी पूँजी र ज्ञानको आकर्षणः** वैदेशिक रोजगारीमा रहेका श्रमिक र गैर-आवासीय नेपालीहरूसँग रहेको बचत, आधुनिक सीप, प्रविधि र पूँजीलाई प्रदेशका ठूला पूर्वाधार र उत्पादनशील क्षेत्रमा आकर्षित गर्ने सम्भावना हुनु,

५. **पूर्वाधार र वित्तीय पहुँचमा विस्तारः** यातायात तथा सञ्चार नेटवर्कको क्रमिक सञ्जालीकरण, स्वच्छ ऊर्जा (जलविद्युत/सौर्य ऊर्जा) को सुलभ उपलब्धता, र ग्रामीण तहसम्म वित्तीय पहुँच तथा साक्षरतामा भएको वृद्धिले आर्थिक गतिविधिलाई सघन बनाउन सहयोग पुग्नु,

६. **विविधताको बहुआयामिक उपयोगः** गण्डकी प्रदेशमा अवस्थित विशिष्ट भौगोलिक, जैविक, पर्यावरणीय एवम् अद्वितीय सामाजिक-सांस्कृतिक विविधतालाई दिगो पर्यटन (प्रकृति, साहसिक र संस्कृति) र उच्च मूल्ययुक्त कृषि व्यवसायसँग जोडी बहुआयामिक लाभ लिन सकिने अवसर हुनु।

## २.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

### (क) प्रादेशिक सोच

**"आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"** उच्च आर्थिक वृद्धि, समुन्नत अर्थतन्त्र, उच्च उत्पादन, सम्मानित रोजगारी र आय तथा भौतिक सुविधा, सुरक्षा र स्वच्छ पर्यावरण भएको समुन्नत प्रदेशमा बसोबास गर्ने स्वस्थ, शिक्षित, सीपयुक्त तथा सम्पन्न नागरिक।

### (ख) प्रादेशिक लक्ष्य

आत्मनिर्भरता, सामाजिक न्याय र समुन्नति हासिल गर्ने।

### (ग) प्रादेशिक उद्देश्य

१. गुणस्तरीय पूर्वाधार र उत्पादन, रोजगारी तथा आय वृद्धि गर्नु,
२. मानव पूँजी निर्माण, विकासका लाभको समन्यायिक वितरण र सामाजिक न्याय स्थापित गर्नु,
३. गुणस्तरीय सार्वजनिक सेवाप्रवाह र सुशासन अभिवृद्धि गर्नु।

### (घ) प्रादेशिक रणनीति

१. उत्पादन तथा उत्पादकत्व र दिगो आर्थिक वृद्धि गर्ने,
२. मानव पूँजी निर्माण तथा न्यायपूर्ण समाजको स्थापना गर्ने,
३. दिगो तथा उत्थानशील पूर्वाधार विकास तथा अन्तर- आबद्धता अभिवृद्धि गर्ने,
४. हरित, कार्बन तटस्थ तथा जलवायु अनुकूलनका कार्य र स्वच्छता अभिवृद्धि गर्ने,
५. विकास प्रक्रिया तथा नतिजामा लैङ्गिक समानता तथा समावेशिता कायम गर्ने,
६. नवीन ज्ञान तथा प्रविधिको अभ्यास र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने,
७. स्रोत परिचालन, सुशासन, अन्तरसम्बन्ध र साझेदारीलाई सवलीकरण तथा सुदृढीकरण गर्ने,
८. प्रदेश नीति, योजना तथा विकास नतिजालाई अध्ययन, अनुसन्धान तथा प्रमाणमा आधारित बनाउने।

**(ङ) प्रादेशिक विकास तथा रुपान्तरणका प्रमुख क्षेत्र**

१. सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माण,
२. प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन,
३. व्यावसायिक कृषि तथा आत्मनिर्भरता,
४. दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण,
५. बजारमुखी उत्पादन र दिगो पर्यटन,
६. सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्िक लाभ,
७. शिक्षित,सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण,
२. दिगो तथा उत्थानशील पूर्वाधार,
३. स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी,
४. मर्यादित श्रम,उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण,
५. सशक्त महिला, सामाजिक समावेशीकरण तथा समानता,
६. सन्तुलित वातावरण र जलवायु तथा विपद उत्थानशीलता,
७. सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध,
८. सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन।

## २.४ मध्यमकालीन आर्थिक तथा वित्त खाका

दोस्रो पञ्चवर्षीय योजनामा गण्डकी प्रदेशले लिएको "**आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी**" को सोच एवम् योजनाको लक्ष्य तथा उद्देश्य अनुरूप आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक तथा वित्त खाका तयार गरिएको छ। यस खाकामा सार्वजनिक वित्तको कुशल, समन्यायिक, नतिजामूलक व्यवस्थापन लगायत निजी, समुदाय तथा सहकारी क्षेत्रको लगानी, उत्पादन, रोजगारीमा प्रोत्साहन हुने गरी समुन्नत अर्थतन्त्र निर्माणमा जोड दिइएको छ। दोस्रो पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र, राष्ट्रिय तथा प्रादेशिक आर्थिक अवस्था र राजस्व तथा अर्थतन्त्रका सूचकमा देखिएका प्रवृत्तिलाई मध्यनजर गरी उत्पादन, रोजगारी र आय लगायतका आर्थिक सूचकको लक्ष्य निर्धारण गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा वार्षिक आर्थिक वृद्धि दर ४.९२ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा वार्षिक आर्थिक वृद्धि दर ५.०१ प्रतिशत हुने प्रारम्भिक अनुमान छ।

अर्थतन्त्रको उल्लिखित अवस्था, सम्भावित परिदृष्य तथा सोको रूपान्तरणको आवश्यकतालाई मध्यनजर गरी आगामी आर्थिक वर्ष २०८३/८४ र त्यसपछिका दुई आर्थिक वर्षका लागि आर्थिक वृद्धिदरको लक्ष्य निर्धारण गरिएको छ। आगामी तीन आर्थिक वर्षको अवधिमा आर्थिक वृद्धिदर औसत ६.६१

प्रतिशत रहने लक्ष्य निर्धारण गरिएको छ। वास्तविक क्षेत्रका परिसूचकका लक्षित मान तयार गर्दा देहाय अनुसारका विषयलाई आधार लिईएको छ।

१. निजी क्षेत्रबाट हुने संस्थागत कृषि कार्य र तहगत सरकारका कृषि सुधारका प्रयासले अर्थतन्त्र थप मजबुत हुने र मौसम अनुकूल रहेमा कृषि क्षेत्रको उत्पादन बढ्न सक्ने,
२. निर्माणाधिन अवस्थामा रहेका प्रदेश प्राथमिकता र रूपान्तरणकारी आयोजनाका साथै तीन तहका सरकारबाट कार्यान्वयनमा रहेका बृहत यातायात पूर्वाधार, सिँचाई लगायतका सार्वजनिक निर्माणका कार्यले आर्थिक वृद्धिमा थप योगदान गर्ने,
३. निर्माणाधिन जलविद्युत् आयोजनामध्ये सम्पन्न हुने चरणमा रहेका आयोजना निर्माणले गति लिने र कुल जडित क्षमता एवम् विद्युत खपत उल्लेख्य बढ्ने,
४. नागरिकको बचत क्षमता वढ्दै गएको र उक्त बचत लगानीमा रुपान्तरण गर्न सकेमा आर्थिक क्रियाकलाप थप गतिशिल हुने,
५. पर्यटन नीति तथा गरूयोजना तयार हुने क्रममा रहेकाले आधारभूत पर्यटकीय पूर्वाधार, पर्यटकीय गन्तव्य पहिचान, आथित्यता संस्कार विस्तार तथा क्षेत्रगत क्षमता विकासमार्फत् आर्थिक गतिविधिमा उल्लेखनीय योगदान पुग्ने।

आगामी तीन आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्यसँग तादात्म्यता हुने गरी सार्वजनिक वित्तको त्रिवर्षीय लक्ष्य अनुमान गरिएको छ। स्रोत र खर्चतर्फका सूचकको विद्यमान स्थिति तथा आगामी तीन आर्थिक वर्षको अपेक्षित लक्ष्य तालिका १ अनुसार छ।

तालिका १: मध्यमकालीन आर्थिक तथा वित्त खाका

| सि.नं. | सूचक | एकाई | २०८१/८२ (संशोधित अनुमान) | २०८२/८३ (प्रारम्भिक अनुमान) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ (अनुमान) | २०८४/८५ (प्रक्षेपण) | २०८५/८६ (प्रक्षेपण) |
| १ | वार्षिक आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) | प्रतिशत | ४.९२ | ५.०१ | ८.९ | ९.६ | १०.४ |
| २ | कुल गार्हस्थ्य उत्पादन (उपभोक्ता मूल्यमा) | रू दश लाख | ५५४३९२ | ५९२६७५ | ६४७८६१ | ७०९९५८ | ७८३७६३ |
| ३ | कुल गार्हस्थ्य उत्पादन (आधारमा मूल्यमा) | रू दश लाख | ४८७७३३ | ५२०४३१ | ५७३८५१ | ६२८५४६ | ६९३८०३ |
| ४ | प्रतिव्यक्ति आय (GNI Per Capita) | अमेरिकी डलर | १६३६ | १६५१ | २००० | २३०० | २५०० |
| ५ | प्राथमिक क्षेत्र (योगदान) | प्रतिशत | २६.८७ | २६.२८ | २४.८६ | २४.०४ | २३.२९ |
| ६ | द्वितीय क्षेत्र (योगदान) | प्रतिशत | १७.०४ | १८.३७ | १७.५६ | १७.९६ | १८.३६ |
| ७ | तृतीय क्षेत्र (योगदान) | प्रतिशत | ५६.०९ | ५५.३५ | ५७.५९ | ५८.०२ | ५८.३४ |
| ८ | प्राथमिक क्षेत्र (प्रचलित आधारभूत मूल्यमा) | प्रतिशत | १३१०५७ | १३६७९३ | १३७९३० | १४६३८९ | १५६८९५ |
| ९ | द्वितीय क्षेत्र (प्रचलित आधारभूत मूल्यमा) | प्रतिशत | ८३११९ | ९५६०४ | १०३०७० | ११५३९० | १३००८८ |
| १० | तृतीय क्षेत्र (प्रचलित आधारभूत मूल्यमा) | प्रतिशत | २७३५५७ | २८८०३५ | ३३२८४९ | ३६६७६७ | ४०६८२१ |

*स्रोतः दोस्रो पञ्चवर्षीय योजना,गण्डकी प्रदेश; राष्ट्रिय तथ्याङ्क कार्यालय; दोस्रो पञ्चवर्षीय योजना कार्यान्वियन योजना*

## २.५ मध्यमकालीन नतिजा खाका

गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले लिएका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। विषय क्षेत्रगत मन्त्रालय तथा निकायबाट प्राप्त विवरण तथा विभिन्न स्रोतबाट उपलब्ध तथ्याङ्कको आधारमा आर्थिक वर्ष २०८१/८२ को

यथार्थ र २०८२/८३ को अनुमानित उपलब्धि समावेश गरिएको छ। आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमान तथा त्यस पछाडिका दुई आर्थिक वर्षका लागि दोस्रो पञ्चवर्षीय योजनाको मान अर्थात रूपान्तरणका प्रमुख क्षेत्रहरूको आधारमा सामन्जस्य हुनेगरी प्रक्षेपण गरिएको छ।

**तालिका २: मध्यमकालीन नतिजा खाका**

| क्रसं | प्रदेशका नतिजा सूचक | एकाइ | २०८१/८२ (संशोधित अनुमान) | २०८२/८३ (प्रारम्भिक अनुमान) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | गरिबीको दर | प्रतिशत | ११.८८ | ११ | ९ | ८.६ | ७ |
| २ | बहुआयामिक गरिबी | प्रतिशत | ९.५ | ९ | ७ | ६.३ | ६ |
| ३ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२९ | ०.२९ | ०.२८ | ०.२८ | ०.२७ |
| ४ | श्रमशक्ति सहभागिता दर (१५ वर्षमाथि) | प्रतिशत | ४३ | ४५ | ४८ | ५२ | ५६ |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४५ | ४८ | ५० | ५५ | ६० |
| ६ | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ९९८ | १२०० | १३५० | १७०० | २५०० |
| ७ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९९.८ | ९९.९ | १०० | १०० | १०० |
| ८ | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ९९.५ | ९९.७ | १०० | १०० | १०० |
| ९ | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ६८ | ७२ | ७५ | ८० | ८५ |
| १० | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७२ | ७२ | ७२.७ | ७३ | ७४ |
| ११ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | १०० | ९० | ९० | ८५ | ७० |

| क्रसं | प्रदेशका नतिजा सूचक | एकाइ | २०८१/८२ (संशोधित अनुमान) | २०८२/८३ (प्रारम्भिक अनुमान) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १२ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २२ | २० | १८ | १६ | १५ |
| १३ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म | जना | ६ | ६ | ५ | ४ | ३ |
| १४ | कुल प्रजनन दर | प्रतिशत | १.५ | १.६ | १.८ | १.९ | २ |
| १५ | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | ८२ | ८३ | ८३.५ | ८४.५ | ८५ |
| १६ | माध्यमिक तह (९—१२) मा खुद भर्नादर | प्रतिशत | ५७.९ | ५९.९ | ७०.९ | ७५.८ | ८० |
| १७ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ४३ | ४८ | ५२ | ५६ | ६० |
| १८ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६३८ | ०.६४१ | ०.६७३ | ०.६८८ | ०.७०० |

*स्रोतः दोस्रो पञ्चवर्षीय योजना, गण्डकी प्रदेश; राष्ट्रिय तथ्याङ्क कार्यालय; दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन योजना, प्रदेश आर्थिक सर्वेक्षण, सम्बन्धित मन्त्रालय/निकायका प्रकाशित प्रतिवेदन*

## २.६ मध्यमकालीन बजेट खाका

मध्यमकालीन बजेट तथा कार्यक्रम खाका तयार पार्दा दोस्रो पञ्चवर्षीय योजनाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति र परिमाणात्मक लक्ष्य; दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र; गण्डकी प्रदेश सरकारको समुन्नतीको खाका एवम् समष्टिगत आर्थिक स्थायित्व, विनियोजन कुशलता र अनुमान योग्यतालाई मुख्य आधारका रुपमा लिइएको छ। नतिजा खाकाका साथै विषय क्षेत्रगत परिमाणात्मक लक्ष्य हासिल हुने गरी वित्तीय स्रोत तथा खर्चको अनुमान गरिएको छ।

## तालिका ३ः मध्यमकालीन बजेट खाका

(रू हजारमा)

| सि.नं. | स्रोत | २०८१/८२ (उपलब्धि) | २०८२/८३ (संशोधित अनुमान) | २०८३/८४ (अनुमान) | २०८४/८५ (प्रक्षेपण) | २०८५/८६ (प्रक्षेपण) |
|---|---|---|---|---|---|---|
| क. | व्यय अनुमान | **२२८९२२४६** | **२२८११६५६** | **३२९९९९००** | **३३६७०२१७** | **३४९२५९९३** |
| १ | चालू खर्च | ६१५८४८० | ७१०५९९६ | १०७२६५९१ | १०५२०६०९ | १०८३४७४६ |
| २ | पूँजीगत खर्च | १४९९०९२४ | १३९२४७०७ | २००२६१२२ | २०६७५७६६ | २१५४३६३४ |
| ३ | वित्तीय व्यवस्था | ० | ० | २५०००० | २४७३९७ | २५४७७५ |
| ४. | वित्तीय हस्तान्तरण | १७४२८४२ | १७८०९५३ | १९९७१८७ | २२२६४४५ | २२९२८३९ |
| ख. | आय अनुमान | **२४७४५८९०** | **२४८११६५६** | **३२९९९९००** | **३३६७०२१७** | **३४९२५९९३** |
| १ | आन्तरिक राजस्व | **३५११७८७** | **३७४०९६६** | **५८४१८५२** | **६२८४४२१** | **६५२७५७६** |
| १.१ | कृषि क्षेत्र | २२४९ | २५०९ | ३२०० | ३३०० | ३३९९ |
| १.२ | घर जग्गा लगायतको रजिष्ट्रेशन दस्तुर | ७७२७३३ | ८००००० | १४४०००० | १५५५२०० | १६०१८५६ |
| १.३ | बाँडफाँटबाट प्राप्त हुने मनोरन्जन कर | ५७६० | २०० | ७६०० | ८२०३ | ८८५४ |
| १.४ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | २१९४ | १००० | २३०० | २४८४ | २६०८ |
| १.५ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त आय | १५९५१३ | १००००० | ३२०००० | ३५८४०० | ३९४२४० |
| १.६ | पर्यटन,पदयात्रा | ७०२९ | १६८४ | ६४०० | ७२०४ | ८११० |
| १.७ | सवारी साधन कर | ११८७७१५ | १२००००० | १३८०००० | १४७६६०० | १५००००० |
| **१.८** | **यातायात क्षेत्रको अन्य आम्दानी** | ५६९०७२ | ६००९३४ | १०७०००० | ११४३१०० | ११९७७२३ |
| **१.९** | **अन्य आम्दानी** | ८०५५२१ | १०३४६३९ | १६१२३५२ | १७२९९३० | १८१०७८६ |
| २ | **राजस्व बाँडफाँट** | **८५७८६३३** | **९५००३१०** | **१०१६४७४८** | **११४५५६६५** | **११९१३८९२** |

(रू हजारमा)

| सि.नं. | स्रोत | २०८१/८२ (उपलब्धि) | २०८२/८३ (संशोधित अनुमान) | २०८३/८४ (अनुमान) | २०८४/८५ (प्रक्षेपण) | २०८५/८६ (प्रक्षेपण) |
|---|---|---|---|---|---|---|
| २.१ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६३१७८६१ | ७३००३१० | ७११४७४८ | ८०३९६६५ | ८३६१२५२ |
| २.२ | बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २२६०७७३ | २२००००० | ३०५०००० | ३४१६००० | ३५५२६४० |
| ३ | **नेपाल सरकारबाट प्राप्त रोयल्टी** | **३५१९३८** | **३८७४१७** | **५१४८००** | **५६५२३५** | **५६४२७५** |
| ३.१ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ४४०८८ | ५४०५३ | ६२१०० | ७७०६८ | ७१७६३ |
| ३.२ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | १११४ | ४०२० | ४६०० | ४८७६ | ५०२२ |
| ३.३ | बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | ० | ० | १०० | १०३ | १०६ |
| ३.४ | बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | २९१३३४ | ३०७९७३ | ४२३००० | ४५६६८८ | ४६००८९ |
| ३.५ | बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | १५४०२ | २१३७१ | २५००० | २६५०० | २७२९५ |
| ४ | **अनुदान** | **११११३८२१** | **१०४७००४५** | **१२७२८५००** | **१३६०९८६५** | **१४२६७४०९** |
| ४.१ | वित्तीय समानीकरण अनुदान | ७००९३६३ | ७०७७२२४ | ७८४८२०० | ८४१३२७० | ८८८४४१४ |
| ४.२ | सशर्त अनुदान चालू | १३००२९१ | १४०००३५ | १९३७८०० | २०३४६९० | २०९५७३१ |
| ४.३ | सशर्त अनुदान पूँजीगत | १०८३७१७ | १२००७२५ | १९९२५०० | २१३१९७५ | २१९५९३४ |
| ४.४ | विशेष अनुदान चालू | ४४४८४ | १२०६०० | १६०४०० | १६८४२० | १७३४७३ |
| ४.५ | विशेष अनुदान पूँजीगत | ५४५४६६ | २६८१४० | २३५००० | २५१४५० | २५८९९४ |
| ४.६ | समपूरक अनुदान | ११३०५०० | ४०३३२१ | ५५४६०० | ६१००६० | ६५८८६५ |
| ५ | **गत वर्षको नगद मौज्दात** | **११८९७११** | **७१२९१८** | **२००००००** | **०** | **०** |
| ६ | **दायित्व** | **०** | **०** | **१७५००००** | **१७५५०३१** | **१६५२८४१** |
| ६.१ | आन्तरिक ऋण | | ० | १७५०००० | १७५५०३१ | १६५२८४१ |
| ६.२ | नेपाल सरकारलाई फिर्ता | ११४०७२६ | | ० | ० | ० |
| ग. | **बचत (-) न्यून (+)** | **-७१२९१८** | **-२००००००** | **०** | **०** | **०** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयको वार्षिक मूल्याङ्कन प्रतिवेदन, बजेट वक्तव्य, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## २.७ त्रिवर्षीय बजेट खाका

### (क) पृष्ठभूमि तथा नीतिगत केन्द्रविन्दु

त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा नेपालको संविधानले अवलम्बन गरेको **तीव्र आर्थिक विकास र तीनखम्बे अर्थनीति** (सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी) लाई मुख्य आधार बनाइएको छ। यस साझेदारी मार्फत समुन्नत अर्थतन्त्रको जग निर्माण गर्दै **गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले** निर्दिष्ट गरेका रूपान्तरणका क्षेत्रहरूको प्रभावकारी कार्यान्वयन गर्ने विषयलाई केन्द्रमा राखिएको छ।

### (ख) मार्गदर्शक सिद्धान्त र मुख्य आधार

१. **दीर्घकालीन सोचः** प्रदेश सरकारको **"आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"** को दीर्घकालीन लक्ष्यलाई मुख्य मार्गदर्शक सिद्धान्तका रूपमा लिइएको छ।
२. **बजेटको जगः** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटका सिद्धान्त एवम् प्राथमिकतालाई यस खाकाको मुख्य आधार बनाइएको छ।
३. **वित्तीय स्थिरताः** समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै सार्वजनिक स्रोतको विनियोजनमा कुशलता र अनुमानयोग्यता (Predictability) सुनिश्चित गरिएको छ।

### (ग) प्राथमिकता र प्रतिबद्धताका क्षेत्र

यस त्रिवर्षीय प्रक्षेपणले देहायका क्षेत्रमा विशेष जोड दिएको छः

१. **सुशासन र वित्तीय संघीयताः** राज्यका हरेक क्षेत्रमा सुशासन कायम गर्दै वित्तीय संघीयताको कुशल र पारदर्शी व्यवस्थापन गर्ने।
२. **आर्थिक वृद्धि र जीवनस्तर सुधारः** उच्च आर्थिक वृद्धि हासिल गर्दै नागरिकको दैनिक जीवनस्तरमा गुणात्मक सुधार ल्याउने।
३. **प्रभावकारी कार्यान्वयनः** विकास कार्यक्रम तथा आयोजनाहरूलाई तोकिएको समय र गुणस्तरभित्रै प्रभावकारी रूपमा सम्पन्न गर्ने।

### (घ) स्रोत तथा खर्चको अनुमान

समष्टिगत नतिजा खाकामा निर्धारित प्रादेशिक लक्ष्यका साथै विषय क्षेत्रगत नतिजाहरू प्राप्त हुने गरी स्रोत र खर्चको वस्तुपरक एवम् वैज्ञानिक अनुमान गरिएको छ। मन्त्रालय तथा निकायगत तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका ४ मा प्रस्तुत गरिएको छः

तालिका ४ः प्रदेश मन्त्रालय/निकायको यथार्थ, संशोधित अनुमान तथा प्रक्षेपण विवरण

(रू हजारमा)

| प्रदेश व्यवस्थापिका | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | १३३४९९ | ७०८५ | १४०५८४ | ०.६१ |
| २०८२/८३ (संशोधित अनुमान) | १३४४७७ | ४५०० | १३८९७७ | ०.६१ |
| २०८३/८४ (अनुमान) | १७८३०१ | ३१०३५ | २०९३३६ | ०.६३ |
| २०८४/८५ (प्रक्षेपण) | १७६४४५ | ३२३१० | २०८७५५ | ०.६२ |
| २०८५/८६ (प्रक्षेपण) | १८१७०७ | ३३८१८ | २१५५२५ | ०.६२ |

| गण्डकी प्रदेश लोक सेवा आयोग | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | ९२९०१ | ५२१५ | ९८११६ | ०.४३ |
| २०८२/८३ (संशोधित अनुमान) | ९६१२० | ६१२० | १०२२४० | ०.६१ |
| २०८३/८४ (अनुमान) | १०६५२७ | ४३५०० | १५००२७ | ०.६३ |
| २०८४/८५ (प्रक्षेपण) | १०५४१८ | ४६३४४ | १५१७६२ | ०.४५ |
| २०८५/८६ (प्रक्षेपण) | १०८५६२ | ४८८४८ | १५७४१० | ०.४५ |

| मुख्य न्यायाधिवक्ताको कार्यालय | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | १८९०७ | ३७९ | १९२८६ | ०.०८ |
| २०८२/८३ (संशोधित अनुमान) | १८८६० | १६०० | २०४६० | ०.०९ |
| २०८३/८४ (अनुमान) | २३७५८ | २००० | २५७५८ | ०.०८ |
| २०८४/८५ (प्रक्षेपण) | २३५११ | १९७९ | २५४९० | ०.०८ |
| २०८५/८६ (प्रक्षेपण) | २४२१२ | २०३८ | २६२५० | ०.०८ |

| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | ३६३८४८ | १४६७७३ | ५१०६२१ | २.२३ |
| २०८२/८३ (संशोधित अनुमान) | ४४२७५० | १४२५६० | ५८५३१० | २.५७ |
| २०८३/८४ (अनुमान) | ६९९५५५ | १८९४८४ | ८८९०३९ | २.६९ |
| २०८४/८५ (प्रक्षेपण) | ६९८१९७ | १९९७८८ | ८९७९८५ | २.६७ |
| २०८५/८६ (प्रक्षेपण) | ७१९०३७ | २०९८८६ | ९२८९२३ | २.६६ |

| आर्थिक मामिला मन्त्रालय | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | ८२८८० | ७७१७ | ९०५९७ | ०.४० |
| २०८२/८३ (संशोधित अनुमान) | ८५१०९ | ३२२५५ | ११७३६५ | ०.५१ |
| २०८३/८४ (अनुमान) | १९५९९७ | ३१९०० | २२७८९७ | ०.६९ |
| २०८४/८५ (प्रक्षेपण) | १९३९५६ | ३२४७४ | २२६४३० | ०.६७ |
| २०८५/८६ (प्रक्षेपण) | १९९७४० | ३३७५१ | २३३४९१ | ०.६७ |

| वन तथा वातावरण मन्त्रालय | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | ४७१००४ | ३००७०२ | ७७१७०६ | ३.३७ |
| २०८२/८३ (संशोधित अनुमान) | ५००४५६ | ३०६९८४ | ८०७४४० | ३.५४ |
| २०८३/८४ (अनुमान) | ७७९४३८ | ४३८५५० | १२१७९८८ | ३.६९ |
| २०८४/८५ (प्रक्षेपण) | ७७७५६४ | ४४६९६२ | १२२४५२६ | ३.६४ |
| २०८५/८६ (प्रक्षेपण) | ८००७७२ | ४६०८८० | १२६१६५१ | ३.६१ |

| उद्योग तथा पर्यटन मन्त्रालय | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | १३८१२७ | ३९५७२९ | ५३३८५६ | २.३३ |
| २०८२/८३ (संशोधित अनुमान) | १७९२७१ | ४०४९९८ | ५८४२६९ | २.५६ |
| २०८३/८४ (अनुमान) | २८१४३६ | ६४३५१८ | ९२४९५४ | २.८० |
| २०८४/८५ (प्रक्षेपण) | २७८५०६ | ६४०५२७ | ९१९०३३ | २.७३ |
| २०८५/८६ (प्रक्षेपण) | २८६८११ | ६६०८९१ | ९४७७०२ | २.७१ |

| कृषि तथा भूमि व्यवस्था मन्त्रालय | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | १३०८२०५ | १०४५९९ | १४१२८०४ | ६.१७ |
| २०८२/८३ (संशोधित अनुमान) | १५२२२९७ | १०५३६८ | १६२७६६५ | ७.१४ |
| २०८३/८४ (अनुमान) | १९०९८६४ | ९८७०१ | २००८५६५ | ६.०९ |
| २०८४/८५ (प्रक्षेपण) | १९१७९८१ | १०११५७ | २०१९१३८ | ६.०० |
| २०८५/८६ (प्रक्षेपण) | १९७५२६५ | १०४८७९ | २०८०१४३ | ५.९६ |

| भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | ३०९५२६ | ९४१५१९४ | ९७२४७२० | ४२.४८ |
| २०८२/८३ (संशोधित अनुमान) | ४०७८६० | ८६२९३९८ | ९०३७२५८ | ३९.६२ |
| २०८३/८४ (अनुमान) | ५६५८३१ | ११४०३८९७ | ११९६९७२८ | ३६.२७ |
| २०८४/८५ (प्रक्षेपण) | ५६०४२९ | ११९५६८८८ | १२५१७३१७ | ३७.१८ |
| २०८५/८६ (प्रक्षेपण) | ५७७१४३ | १२५२४४४० | १३१०१५८३ | ३७.५१ |

| उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | २६३२६१ | ३६०४५५८ | ३८६७८१९ | १६.९० |
| २०८२/८३ (संशोधित अनुमान) | २९१२८० | ३२६९७७२ | ३५६१०५२ | १५.६१ |
| २०८३/८४ (अनुमान) | ३५६७७१ | ४४१८४४१ | ४७७५२१२ | १४.४७ |
| २०८४/८५ (प्रक्षेपण) | ३५३१७१ | ४५०२८०१ | ४८५५९७२ | १४.४२ |
| २०८५/८६ (प्रक्षेपण) | ३६३७०४ | ४६५५१९० | ५०१८८९४ | १४.३७ |

| सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | १२३४६०२ | ५८९५०० | १८२४१०२ | ७.९७ |
| २०८२/८३ (संशोधित अनुमान) | १२९५५२२ | ६०९७१७ | १९०५२३८ | ८.३५ |
| २०८३/८४ (अनुमान) | १२३१२४८ | ९३६७९० | २१६८०३८ | ६.५७ |
| २०८४/८५ (प्रक्षेपण) | १२५२६५७ | ९३९३६६ | २१९२०२३ | ६.५१ |
| २०८५/८६ (प्रक्षेपण) | १२९०११९ | ९६९९४१ | २२६००६० | ६.४७ |

| स्वास्थ्य मन्त्रालय | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | १७१२०३२ | ४०८२८३ | २१२०३१५ | ९.२६ |
| २०८२/८३ (संशोधित अनुमान) | २०९७९१४ | ४०८४३५ | २५०६३४९ | १०.९९ |
| २०८३/८४ (अनुमान) | २७४६०२३ | ५६६४६१ | ३३१२४८४ | १०.०४ |
| २०८४/८५ (प्रक्षेपण) | ३०९८१८३ | ५६४१९१ | ३६६२३७४ | १०.८८ |
| २०८५/८६ (प्रक्षेपण) | ३१९०७३६ | ५९१३४९ | ३७८२०८५ | १०.८३ |

| गण्डकी प्रदेश नीति तथा योजना आयोग | चालू | पूँजीगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०८१/८२ (यथार्थ खर्च) | २९७१८ | ५१९० | ३४९०८ | ०.१५ |
| २०८२/८३ (संशोधित अनुमान) | ३४०८० | ३००० | ३७०८० | ०.१६ |
| २०८३/८४ (अनुमान) | ७१५३८ | ३२५०० | १०४०३८ | ०.३२ |
| २०८४/८५ (प्रक्षेपण) | ७०७९३ | ३४०१६ | १०४८०९ | ०.३१ |
| २०८५/८६ (प्रक्षेपण) | ७२९०४ | ३५६६२ | १०८५६६ | ०.३१ |

*नोटः तालिकामा रहेको प्रतिशत प्रदेश सरकारको सम्बन्धित आर्थिक वर्षको कुल यथार्थ खर्च, कुल संशोधित बजेट अनुमान, कुल बजेट अनुमान तथा कुल बजेट प्रक्षेपणको आधारमा गणना गरिएको हो।*

*स्रोतः आर्थिक मामिला मन्त्रालयको वार्षिक प्रतिवेदन, बजेट वक्तव्य, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## २.८ प्राथमिकताको आधारमा बाँडफाँट

प्राथमिकता क्रम अनुसार तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ५ः प्राथमिकताको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रू. हजारमा)

| प्राथामिकता क्रम | २०८१/८२ (यथार्थ) | | २०८२/८३ (संशोधित अनुमान) | | २०८३/८४ (अनुमान) | | २०८४/८५ (प्रक्षेपण) | | २०८५/८६ (प्रक्षेपण) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | रकम | % | रकम | % | रकम | % | रकम | % | रकम | % |
| पहिलो (P1) | २२००७५२८ | ९६.१ | २२००५९४० | ९६.५ | ३१४१२०३९ | ९५.२ | ३२५९२७७० | ९६.८ | ३३८७८२१४ | ९७.० |
| दोश्रो (P2) | ८८४७१८ | ३.९ | ८०५७१६ | ३.५ | १५८७८६१ | ४.८ | १०७७४४७ | ३.२ | १०४७७८० | ३.० |
| जम्मा | २२८९२२४६ | १०० | २२८११६५६ | १०० | ३२९९९९०० | १०० | ३३६७०२१७ | १०० | ३४९२५९९३ | १०० |

*स्रोतः आर्थिक मामिला मन्त्रालयको वार्षिक प्रतिवेदन, बजेट वक्तव्य, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## २.९ बजेट कोडिङको अवस्था

### (क) दिगो विकास लक्ष्यका आधारमा बजेट कोडिङको अवस्था

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरि

**तालिका ६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षे**

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | २०८१/८२ (यथार्थ) | | २०८२/८३ (संशोधित अनुमान) | | २०८३/८४ (अनुमान) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | र |
| ० | सांकेतीकरण नगरिएको | ४२५४७१९ | १८.५९ | ५४७५९०३ | २४.०० | ८६३९३७४ | २६.१८ | ८३ |
| १ | गरिबीको अन्त्य | ६६७५३ | ०.२९ | ७०४७३ | ०.३१ | १५४४३९५ | ४.६८ | १२ |
| २ | शून्य भोकमरी | १२६०६४४ | ५.५१ | १२२५१२८ | ५.३७ | १६९२८९५ | ५.१३ | १८ |
| ३ | स्वस्थ जीवन | २०७४३५२ | ९.०६ | २१७१३२२ | ९.५२ | ३३२९६९० | १०.०९ | ३५ |
| ४ | गुणस्तरीय शिक्षा | ३८१३६० | १.६७ | ३१५१८५ | १.३८ | ५४४४९८ | १.६५ | ५ |
| ५ | लैंगिक समानता | ४९१२९ | ०.२१ | ४१५९७ | ०.१८ | ५६१०० | ०.१७ | १ |
| ६ | सफा पानी तथा सरसफाइ सेवा | २१११०७८ | ९.२२ | १९३८९९१ | ८.५० | १७५२२९५ | ५.३१ | १८ |
| ८ | सम्मानित रोजगारी र आर्थिक वृद्धि | ३०६४ | ०.०१ | ६१११०९ | ०.२७ | २६४०० | ०.०८ | ५ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ९६३७५६३ | ४२.१० | ७९७६२२७ | ३४.९७ | ११७५१२६४ | ३५.६१ | ११६ |
| १० | असमानता न्यूनीकरण | ३९०२७ | ०.१७ | ४६९४८ | ०.२१ | ७५९०० | ०.२३ | १ |

(रू हजारमा)

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | २०८१/८२ (यथार्थ) | | २०८२/८३ (संशोधित अनुमान) | | २०८३/८४ (अनुमान) | | २०८४/८५ (प्रक्षेपण) | | २०८५/८६ (प्रक्षेपण) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ११ | दिगो सहर र बस्तीहरू | २६०९७४ | १.१४ | २१३७०९९ | ९.३७ | २५०७९९ | ०.७६ | ५०५०५३ | १.५० | २०९५५६० | ६.०० |
| १२ | दिगो उपभोग तथा उत्पादन | १६०२१०३ | ७.०० | ४५६२३३ | २.०० | ७०२८९८ | २.१३ | ३३६७०२ | १.०० | ३४९२६० | १.०० |
| १३ | जलवायु परिवर्तन अनुकूलन | १२६०८६ | ०.५५ | १०९१६४ | ०.४८ | १३८५९९६ | ४.२० | ३३६७०२ | १.०० | ३४९२६० | १.०० |
| १५ | भूसतह स्रोतको उपयोग | ९१९२६ | ०.४० | ८७१०६ | ०.३८ | ० | ०.०० | ८४१७५५ | २.५० | ८७३१५० | २.५० |
| १६ | शान्तिपूर्ण, न्याय पूर्ण र सशक्त समाज | ८३३३१४ | ३.६४ | ६१५००५ | २.७० | ९२०६९७ | २.७९ | ११७८४५८ | ३.५० | १२२२४१० | ३.५० |
| १७ | दिगो विकासका लागि साझेदारी | १००२१६ | ०.४४ | ८४१६६ | ०.३७ | ३२६६९९ | ०.९९ | ५०५०५३ | १.५० | ५२३८९० | १.५० |
| कुल जम्मा | | २२८९२२४६ | १०० | २२८११६५६ | १०० | ३२९९९९०० | १०० | ३३६७०२१७ | १०० | ३४९२५९९३ | १०० |

*स्रोतः आर्थिक मामिला मन्त्रालयको वार्षिक प्रतिवेदन, बजेट वक्तव्य, व्यय अनुमानको विवरण तथा विश्लेषण*

### (ख) लैङ्गिक सङ्केतका आधारमा बजेट कोडिङको स्थिती

लैङ्गिक सङ्केतको आधारमा गण्डकी प्रदेश सरकारको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ७: लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रू हजारमा)

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | २०८१/८२ (यथार्थ) | | २०८२/८३ (संशोधित अनुमान) | | २०८३/८४ (अनुमान) | | २०८४/८५ (प्रक्षेपण) | | २०८५/८६ (प्रक्षेपण) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ८७४०१५८ | ३८.१८ | ८४४०३१३ | ३७.०० | १०७७७७६७ | ३२.६६ | ११६१६२२५ | ३४.५० | १२३९८७२८ | ३५.५० |
| २ | अप्रत्यक्ष लाभ | १३००८९१३ | ५६.८३ | १३००२६४४ | ५७.०० | २०३९३९३८ | ६१.८० | २०२०२१३० | ६०.०० | २११३०२२६ | ६०.५० |
| ३ | तटस्थ | ११४३१७५ | ४.९९४ | १३६८६९९ | ६.०० | १८२८१९४ | ५.५४ | १८५१८६२ | ५.५० | १३९७०४० | ४.०० |
| जम्मा | | २२८९२२४६ | १०० | २२८११६५६ | १०० | ३२९९९९०० | १०० | ३३६७०२१७ | १०० | ३४९२५९९३ | १०० |

*स्रोतः आर्थिक मामिला मन्त्रालयको वार्षिक प्रतिवेदन, बजेट वक्तव्य, व्यय अनुमानको विवरण तथा विश्लेषण*

### (ग) जलवायु सङ्केतको आधारमा बजेट कोडिङको स्थिती

जलवायु परिवर्तन सङ्केत बमोजिम आगामी तीन आर्थिक वर्षको बजेटको अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ८: जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रू हजारमा)

| सङ्केत नम्बर | जलवायु सङ्केत | २०८१/८२ (यथार्थ) | | २०८२/८३ (संशोधित अनुमान) | | २०८३/८४ (अनुमान) | | २०८४/८५ (प्रक्षेपण) | | २०८५/८६ (प्रक्षेपण) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | १६४५२६६ | ७.१९ | २३९५२२४ | १०.५० | ४००२८८८ | १२.१३ | ४८८२१८१ | १४.५० | ५५८८१५९ | १६.०० |
| २ | अप्रत्यक्ष लाभ | १६६९९५०७ | ७२.९५ | १६५३८४५१ | ७२.५० | २०९९४५३६ | ६३.६२ | २१०४३८८६ | ६२.५० | २१६५४११६ | ६२.०० |
| ३ | तटस्थ | ४५४७४७३ | १९.८६ | ३८७७९८२ | १७.०० | ८००२४७६ | २४.२५ | ७७४४१५० | २३.०० | ७६८३७१९ | २२.०० |
| जम्मा | | २२८९२२४६ | १०० | २२८११६५६ | १०० | ३२९९९९०० | १०० | ३३६७०२१७ | १०० | ३४९२५९९३ | १०० |

*स्रोतः आर्थिक मामिला मन्त्रालयको वार्षिक प्रतिवेदन, बजेट वक्तव्य, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## २.१० अन्तर सरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण

नेपाल सरकारबाट प्रदेश सरकारमा हस्तान्तरण भएको र हुने अनुदान र राजस्व बाँडफाँटको अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ९: नेपाल सरकारबाट गण्डकी प्रदेश सरकारलाई वित्त हस्तान्तरण**

(रू हजारमा)

| अनुदानका प्रकार | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | २०८३/८४ (अनुमान) | २०८४/८५ (प्रक्षेपण) | २०८५/८६ (प्रक्षेपण) |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | ७००९३६३ | ७०७७२२४ | ७८४८२०० | ८४१३२७० | ८८८४४१४ |
| सशर्त अनुदान | २३८४००८ | २६००७६० | ३९३०३०० | ४१६६६६५ | ४२९१६६५ |

(रू हजारमा)

| अनुदानका प्रकार | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | २०८३/८४ (अनुमान) | २०८४/८५ (प्रक्षेपण) | २०८५/८६ (प्रक्षेपण) |
|---|---|---|---|---|---|
| विशेष अनुदान | ५८९९५० | ३८८७४० | ३९५४०० | ४१९८७० | ४३२४६६ |
| समपूरक अनुदान | ११३०५०० | ४०३३२१ | ५५४६०० | ६१००६० | ६५८८६५ |
| जम्मा | **११११३८२१** | **१०४७००४५** | **१२७२८५००** | **१३६०९८६५** | **१४२६७४०९** |

| राजस्व बाँडफाँट | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | २०८३/८४ (अनुमान) | २०८४/८५ (प्रक्षेपण) | २०८५/८६ (प्रक्षेपण) |
|---|---|---|---|---|---|
| मूल्य अभवृद्धि कर | ६३१७८६१ | ७७८९८०० | ७११४७४८ | ८०३९६६५ | ८३६१२५२ |
| अन्तः शुल्क | २२६०७७३ | २००३१४० | ३०५०००० | ३४१६००० | ३५५२६४० |
| जम्मा | **८५७८६३३** | **९७९२९४०** | **१०१६४७४८** | **११४५५६६५** | **११९१३८९२** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयको वार्षिक प्रतिवेदन, बजेट वक्तव्य, व्यय अनुमानको विवरण तथा विश्लेषण*

प्रदेश सरकारबाट स्थानीय तहमा तीन आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदान र राजस्व बाँडफाँटको अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका १०: गण्डकी प्रदेश सरकारबाट स्थानीय तहलाई वित्त हस्तान्तरण**

(रू हजारमा)

| वित्त हस्तान्तरणका प्रकार | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | २०८३/८४ (अनुमान) | २०८४/८५ (प्रक्षेपण) | २०८५/८६ (प्रक्षेपण) |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | ११६०००० | ११६०००० | ११६०००० | १२००००० | १२२०००० |
| सशर्त अनुदान | २५३३९ | २६०८३ | ० | २६४४५ | २२८३९ |

(रू हजारमा)

| वित्त हस्तान्तरणका प्रकार | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | २०८३/८४ (अनुमान) | २०८४/८५ (प्रक्षेपण) | २०८५/८६ (प्रक्षेपण) |
|---|---|---|---|---|---|
| विशेष अनुदान | २०६७६१ | २२०००० | ३३७४७८ | ३८०००० | ४००००० |
| समपूरक अनुदान | ३५०७४२ | ३७४८७० | ४९९७०९ | ६२०००० | ६५०००० |
| जम्मा अनुदान | १७४२८४२ | १७८०९५३ | १९९७१८७ | २२२६४४५ | २२९२८३९ |
| सवारी साधन कर बाँडफाँट | ७९१८०९ | ८००००० | ९२०००० | ९८४४०० | १०००००० |

*स्रोतः आर्थिक मामिला मन्त्रालयको वार्षिक प्रतिवेदन, बजेट वक्तव्य, व्यय अनुमानको विवरण तथा विश्लेषण*

# परिच्छेद तीनः मन्त्रालय/निकायगत मध्यमकालीन खर्च संरचना

## ३.१ आर्थिक मामिला मन्त्रालय

### (क) पृष्ठभूमि

प्रदेशको आर्थिक अवस्था विश्लेषण, स्रोतको समुचित बाँडफाँट, वित्तीय नीति तर्जुमा र उक्त निति प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले आर्थिक मामिला मन्त्रालयको स्थापना गरिएको हो। यस मन्त्रालयले वार्षिक विकास कार्यक्रम र बजेटको तयारी, कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनमार्फत विनियोजन कुशलता एवम् कार्यान्वयन दक्षता अभिवृद्धि गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। आर्थिक मामिला मन्त्रालयले आन्तरिक स्रोत र नेपाल सरकारबाट प्राप्त अनुदान, वैदेशिक अनुदान तथा ऋणको समुचित संयोजन र व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्दै आएको छ।

आगामी दिनमा मन्त्रालयले सार्वजनिक वित्तको पारदर्शी तथा उत्तरदायी परिचालन, प्रदेशको वित्तीय व्यवस्थामा सन्तुलन, आर्थिक विकास प्रवर्द्धन, अन्तरसरकारी वित्त हस्तान्तरणको प्रभावकारी व्यवस्थापन तथा स्रोतको न्यायोचित र सन्तुलित वितरणमा थप सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ।

### (ख) प्रमुख कार्यक्षेत्र

गण्डकी प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ बमोजिम आर्थिक मामिला मन्त्रालयका प्रमुख कार्य तथा जिम्मेवारी यसप्रकार रहेका छन्ः

१. प्रदेशको आर्थिक अवस्था विश्लेषण, आर्थिक तथा वित्तीय नीति तर्जुमा, कार्यान्वयन र नियमन गर्नुका साथै प्रदेशस्तरमा स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र समग्र वित्तीय व्यवस्थापन,

२. प्रदेश सञ्चित कोषको सञ्चालन तथा प्रदेश लेखा नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य सम्पादन, प्रदेशको पूरक अनुमान, पेश्की खर्च, उधारो खर्च तथा प्रदेश आकस्मिक कोष सम्बन्धी कार्यको व्यवस्थापन,

३. राजस्व तथा कर प्रणाली विकास, राजस्व चुहावट नियन्त्रण, वित्तीय सन्तुलन कायम गर्ने नीति निर्माण, आर्थिक कार्यविधि तथा सार्वजनिक खर्च व्यवस्थापन, स्थानीय तहलाई प्रदान गरिने अनुदान सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

४. प्रदेश विनियोजन ऐन तथा वार्षिक बजेट तर्जुमा, कार्यान्वयन र नियमन, आर्थिक अनुशासन कायम तथा दिगो विकास लक्ष्य, लैङ्गिकता र जलवायु बजेट कोडिङ,

५. प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष तथा अन्य सरकारी कोष र सम्पत्तिको एकीकृत विवरण तयारि, आन्तरिक लेखापरीक्षण र प्रदेश सरकारको लगानी तथा लाभांशको लेखा व्यवस्थापन,

६. संघीय नीतिअनुरूप सहवित्तीयकरण प्रवर्द्धन तथा आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग साझेदारी, समन्वय र सहकार्य सम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन,

७. संघीय सरकारसँग अन्तरसरकारी वित्तीय सम्बन्ध, सम्पर्क र सहकार्य, संघको स्वीकृतिमा वैदेशिक सहयोग, ऋण तथा अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन सम्बन्धी कार्य सम्पादन,

८. प्रदेशभित्र रहेका सरकारी सम्पत्तिको एकीकृत अभिलेख व्यवस्थापन तथा सरकारी बाँकी रकमको लगत तयार र असुलउपर,  सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनीको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा नियमन गर्नु, साथै बीमा तथा बीमा व्यवसाय सम्बन्धी कार्य सञ्चालन गर्नु।

## (ग) प्रमुख सवाल तथा चुनौती

१. प्रदेशको सीमित आर्थिक अधिकार तथा आन्तरिक राजस्व परिचालनमा कठिनाईका कारण प्रदेशको आन्तरिक आम्दानी न्यून तथा उपलब्ध स्रोत र सम्भावनाको पूर्ण उपयोग हुन नसक्नु,

२. राजस्व सम्बन्धी एकल तथा साझा अधिकारका विषयमा आवश्यक कानून समयमै निर्माण र कार्यान्वयन हुन नसक्नु एवम् नेपाल सरकारबाट प्राप्त हुने अनुदान प्रक्षेपण अनुसार उपलब्ध नहुँदा बजेटको कार्यान्वयन पक्ष प्रभावित हुनु,

३. पूँजीगत खर्च न्यून रहनु तथा विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन नहुनु एवम् स्थानीय तहमा हस्तान्तरण गरिएका आयोजना तथा कार्यक्रमको प्रभावकारिता अध्ययन नहुँदा नतिजामुखी उपलब्धी हासिल गर्न नसक्नु,

४. प्रदेश सरकारका विषयगत मन्त्रालयमा राजस्व अभिवृद्धिप्रति संवेदनशीलता र  उत्तरदायित्वको अभाव एवम् सरकारको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त नहुनु,

५. वस्तुगत तथा क्षेत्रगत तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा समग्र आर्थिक अवस्था विश्लेषणका लागि सुदृढ तथ्याङ्क प्रणालीको अभावका कारण तथ्यमा आधारित योजना तथा बजेट निर्माण प्रभावित हुनु।

## (घ) रुपान्तरणकारी रणनीति

१. प्रदेशको सीमित आर्थिक अधिकारलाई मध्यनजर गरी आन्तरिक आयका नयाँ स्रोत पहिचान, कर दायरा विस्तार तथा कर प्रशासन सुदृढीकरणमार्फत वित्तीय आत्मनिर्भरता अभिवृद्धि गरिनेछ,

२. राजस्व सङ्कलनको दक्षता बढाउन डिजिटल प्रविधिमा आधारित कर प्रणाली विकास, चुहावट नियन्त्रण तथा करदातामैत्री सेवा विस्तार गरी उपलब्ध स्रोतको अधिकतम उपयोग सुनिश्चित गरिनेछ,

३. राजस्व सम्बन्धी एकल तथा साझा अधिकारका विषयमा आवश्यक कानूनी तथा नीतिगत व्यवस्था समयमै तर्जुमा र कार्यान्वयन गरी अन्तरसरकारी वित्तीय समन्वय सुदृढ बनाइनेछ,

४. नेपाल सरकारबाट प्राप्त हुने अनुदानको यथार्थपरक प्रक्षेपण, पूर्वतयारी तथा समन्वय सुदृढीकरणमार्फत् वित्तीय योजना तथा बजेट कार्यान्वयनमा स्थायित्व कायम गरिनेछ,

५. पूँजीगत खर्च अभिवृद्धिका लागि आयोजना छनोटमा प्राथमिकता निर्धारण, ठेक्का प्रक्रिया सुधार, कार्यान्वयन क्षमता विकास तथा परिणाममुखी बजेट प्रणाली अवलम्बन गरिनेछ,

६. स्थानीय तहमा हस्तान्तरण गरिने आयोजना तथा कार्यक्रमको प्रभावकारिता बढाउन स्पष्ट मापदण्ड, कार्यसम्पादन सूचक तथा नियमित अनुगमन–मूल्याङ्कन प्रणाली विकास गरिनेछ,

७. सरकारको लगानीलाई प्रतिफलमुखी बनाउन निजी क्षेत्रसँग सहकार्य, लगानी–प्रतिफल विश्लेषण तथा र सबै मन्त्रालय/निकायलाई राजस्व अभिवृद्धिसँग आबद्ध गर्दै कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा उत्तरदायित्व प्रणाली विकास गरिनेछ,

८. प्रदेशको बढ्दो वित्तीय दायित्व व्यवस्थापनका लागि मध्यम तथा दीर्घकालीन ऋण व्यवस्थापन रणनीति अवलम्बन गर्दै बहुवर्षीय आयोजनामा पर्याप्त बजेट विनियोजन गरिनेछ,

९. वस्तुगत तथा क्षेत्रगत तथ्याङ्क सङ्कलन, व्यवस्थापन र विश्लेषणका लागि एकीकृत सूचना प्रणाली विकास गरी तथ्यमा आधारित योजना तथा बजेट तर्जुमा प्रणाली सुदृढ गरिनेछ।

## (ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम

१. प्रचलित आर्थिक विषयक कानूनको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह तथा प्रदेश कार्यालयका कर्मचारीको क्षमता विकास,

२. करदाताको सहभागिता र कर संस्कृति विकासका लागि उत्कृष्ट करदाता पहिचान, सम्मान तथा प्रोत्साहन गर्ने संस्थागत पुरस्कारको व्यवस्था,

३. सार्वजनिक खर्चको पारदर्शिता, प्रभावकारिता र वित्तीय उत्तरदायित्व अभिवृद्धिका लागि सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) मूल्याङ्कनसम्बन्धी रणनीति तर्जुमा र निर्धारित सूचकबारे सरोकारवालालाई अभिमुखीकरण तथा कार्यान्वयनमा सहजीकरण,

४. संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य अभिवृद्धिका लागि अन्तर-सरकारी संवाद एवम् प्रदेशमा लगानी प्रवर्द्धन मार्फत आर्थिक गतिविधि विस्तारका लागि "गण्डकी लगानी सम्मेलन" जस्ता उच्चस्तरीय कार्यक्रम आयोजना गर्ने,

५. राजस्व छुटको प्रभावकारिता, लागत-लाभ विश्लेषण तथा नीतिगत पुनरावलोकनका लागि अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने।

**(च) दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता**

दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनको सन्दर्भमा नेपाल सरकार तथा स्थानीय तहसँगको सम्बन्धलाई सुदृढ बनाउँदै साझा अधिकारका क्षेत्रमा रहेका अस्पष्ट कानूनी प्रावधानमा क्रमशः स्पष्ट हुँदै आवश्यक कानून तर्जुमा मार्फत् राजस्व चुहावट नियन्त्रण, कर दायरा विस्तार तथा समग्र राजस्व परिचालनमा सुधार हुने अपेक्षा गरिएको छ।

स्थानीय तहको क्षमता अभिवृद्धि, विषयगत मन्त्रालय तथा गैर-बजेटरी निकायमा वित्तीय अनुशासनको माध्यमबाट सार्वजनिक खर्च व्यवस्थापन र वित्तीय उत्तरदायित्व मूल्याङ्कनमा सुधार ल्याइनेछ। "बजेट तर्जुमा तथा कार्यान्वयन निर्देशिका, २०८०" अक्षरशः पालना गर्दै राजस्व अभिवृद्धि गरिनेछ। बजेट सीमालाई वस्तुपरक तथा यथार्थपरक बनाइनेछ। प्रदेश गौरव तथा रूपान्तरणकारी आयोजनालाई मात्र बहुवर्षीय आयोजनाका रूपमा कार्यान्वयन गरिनेछ। बजेट तर्जुमा गर्दा क्षेत्रगत सन्तुलन कायम गरी प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रही विषयगत मन्त्रालयको कार्यक्षेत्रमा केन्द्रित गरिनेछ।

प्रशासनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्दै वित्तीय अनुशासन सुदृढ गरिनेछ र नेपाल सरकार तथा स्थानीय तहसँगको समन्वय एवम् साझेदारीमा बाह्य लगानी आकर्षण गरी प्रभावकारी उपयोगमार्फत प्रदेशको अर्थतन्त्र सुदृढ गरिनेछ।

**(छ) दिगो विकास लक्ष्यसँगको आवद्धता**

चालू आर्थिक वर्ष २०८२/८३ मा उपभोक्ता मूल्यमा ५.०१ प्रतिशत आर्थिक वृद्धि रहने प्रारम्भिक अनुमान गरिएकोमा स्थानीय स्रोत र साधन परिचालन, बचत परिचालन, निजी क्षेत्रको साझेदारीमा रोजगारी सृजना हुने, उद्योगमा लगानी, उत्पादनमा बृद्धि, आर्थिक चलायमानका क्षेत्रमा बजेट तथा कार्यक्रम तर्जुमा गरी ठोस उपलब्धि हासिल हुँदा थप आर्थिक वृद्धि हुने देखिन्छ।

## (ज) त्रिवर्षीय नतिजा सूचक

आर्थिक मामिला मन्त्रालयले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

### तालिका ११: आर्थिक मामिला मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (अनुमानित) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | आन्तरिक स्रोत अनुमान | रु. लाखमा | ३५११७ | ५७३४३ | | | |
| २. | बजेट विनियोजन | | ३२९७८५ | ३१९७९९ | २८७०५६ | २९८४२१ | ३०९४२७ |
| ३. | अन्तरसरकारी वित्त हस्तान्तरण (स्थानीय) | | १७३५९ | २०००९ | | | |
| ४. | सवारी साधन कर बाँडफाँट | | १९७९५ | २३००० | २३००० | | |
| ५. | दिगो विकास लक्ष्य अनुसार बजेट कोडिङ | | ३२९७८५ | ३१९७९९ | २८७०५६ | २९८४२१ | ३०९४२७ |
| ६. | सरकारी सम्पत्ति अभिलेखीकरण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ७. | स्थानीय तहमा हस्तान्तरित आयोजनाको उपलब्धि अध्ययन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ८. | लगानी सम्मेलन आयोजना | बजेट (०००) | ० | ११००० | | | |
| ९. | लगानी सम्मेलनका लागि आयोजना तयारी | बजेट (०००) | ० | ५००० | | | |
| १०. | आन्तरिक राजश्व वृद्धिका सम्वन्धमा सरोकारवालासंग छलफल | पटक | | ३ | ३ | ४ | ४ |
| ११. | राजस्व सम्बन्धमा स्थानीय तह लगायतका सरोकारसँग छलफल | पटक | - | ६ | ५ | ५ | २ |
| १२. | साझा आर्थिक अधिकारका विषयमा अन्तर संवाद | पटक | - | - | ३ | २ | १ |
| १३. | बजेट पूर्व र पश्चात् राजस्व परिचालन सम्बन्धी अन्तरक्रिया | पटक | | ६ | ३ | २ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४. | आन्तरिक राजश्व, करका दर/दायरा सम्बन्धमा अन्तरक्रिया | पटक | | ४ | ५ | ६ | ८ |
| १५. | कर मैत्री संस्कार प्रबर्धन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित |

*स्रोतः आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश*

## (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

आर्थिक मामिला मन्त्रालयको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार रहेको छः

### तालिका १२: आर्थिक मामिला मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | ८२८८० | ८५१०९ | १९५९९७ | १९३९५६ | १९९७४० |
| | पूँजीगत | ७७१७ | ३२२५५ | ३१९०० | ३२४७४ | ३३७५१ |
| | **जम्मा** | **९०५९७** | **११७३६४** | **२२७८९७** | **२२६४३०** | **२३३४९१** |
| स्रोत | प्रदेश सरकार | ९०५९७ | ११७३६४ | २२७८९७ | २२६४३० | २३३४९१ |
| | वितीय समानीकरण | - | - | - | - | - |
| | सशर्त | - | - | - | - | - |
| | समपूरक | - | - | - | - | - |
| | विशेष | - | - | - | - | - |
| | **जम्मा** | **९०५९७** | **११७३६४** | **२२७८९७** | **२२६४३०** | **२३३४९१** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## (ञ) सम्भाव्य जोखिम पक्ष

आन्तरिक राजस्व सङ्कलनका लागि विभिन्न कानूनी अस्पष्टता समाधान गर्न नसक्नु, गैर बजेटरी संरचनामा वृद्धि, कर्मचारीको असामयिक सरुवा, कार्यक्रम कार्यान्वयन कार्ययोजनाको अनुसरण नहुनु, बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा आवधिक योजना र दिर्घकालिन रणनीतिबीच तादात्म्यता नहुनु, नेपाल सरकार र स्थानीय सरकारसँग अपेक्षित समन्वय हुन नसक्नु लगायतका विषय प्रस्तावित कार्यक्रम कार्यान्वयन र नतिजा प्राप्तिमा जोखिमका रुपमा आउन सक्छन्।

## ३.२ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

### (क) पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हकको सुनिश्चितता गरेको छ। त्यसैगरि दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने सन्दर्भमा पनि नेपालले सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने लक्ष्य लिएको छ।

प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा उल्लिखित समृद्धिका सात मुख्य सम्वाहक मध्ये कृषि एक महत्वपूर्ण क्षेत्रको रुपमा रहेको र दोस्रो पञ्चवर्षिय योजनाको आधार-पत्र, २०८१ ले समेत **व्यावसायिक कृषि तथा आत्मनिर्भरतालाई** प्रादेशिक विकास र रुपान्तरणका प्राथमिक क्षेत्रको रुपमा समावेश गरेको छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान आर्थिक वर्ष २०७९/८० मा २५.४ प्रतिशत रहेको र आर्थिक वर्ष २०८५/८६ सम्म उक्त प्रतिशतलाई क्रमश घटाउँदै २२.७ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा प्रदेश आर्थिक सर्वेक्षण, २०८१/८२ अनुसार २७.८ प्रतिशत पुगेको देखिन्छ।

कृषियोग्य भूमि बाँझो रहने प्रवृति बढ्दै जानु, ठुलो आकारमा व्यावसायिक कृषि गर्न चाहानेले जमिन नपाउनु, बाँदर लगायत अन्य वन्यजन्तुबाट कृषि क्षेत्रमा हानी नोक्सानी हुनु, उन्नत प्रविधि तथा कृषि उत्पादन सामग्री, कृषि कर्जा, कृषि तथा पशुपन्छी बीमामा कृषकको सहज पहुँच उपलब्ध नहुनु, रोग किरा र प्राकृतिक प्रकोपले कृषि क्षेत्रमा क्षति हुनु, कृषि उपजको मूल्य तथा बजारीकरणमा समस्या रहनु सिँचाई तथा सडक लगायतका कृषि पूर्वाधारको कमी आदि कृषि क्षेत्रका समस्याहरू हुन।

बालीको उत्पादन तथा उत्पादकत्वमा अपेक्षित उपलब्धी हासिल गर्न भूमिको वैज्ञानिक उपयोग, सिँचाई सुविधाको उपलब्धता, वन्यजन्तुको उचित व्यवस्थापन, तुलनात्मक लाभ भएका वस्तुको उत्पादन, कृषि क्षेत्रमा यान्त्रिकीकरण, व्यावसायीकरण र बजारको उचित व्यवस्थापन, मल बीउका साथै रोग किराको उचित व्यवस्थापन गर्न आवश्यक देखिन्छ। प्रदेशको क्षेत्राधिकारका सहकारीको अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाई सहकारीको भूमिका तथा लगानीलाई उत्पादनशील क्षेत्रमा लगाउनु अत्यावश्यक रहेको छ। उल्लिखित विषयवस्तुको यथोचित सम्बोधन गर्नका लागि दोस्रो पञ्चवर्षिय योजना तथा वार्षिक विकास कार्यक्रम बमोजिम उल्लिखित विषयलाई प्राथमिकतामा राखी आगामी तीन वर्षका लागि मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

## (ख) प्रमुख कार्यक्षेत्र

१. संविधानको अनुसूचीमा व्यवस्था भए बमोजिम एकल तथा साझा अधिकार क्षेत्रका कृषि, पशुपन्छी, खाद्य सुरक्षा, भूमि व्यवस्थापन तथा सहकारीसँग सम्बन्धित विषयमा प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

२. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको आधुनिकीकरण, व्यावसायिकीरण गरी प्रदेशलाई कृषि उपजमा आत्मनिर्भर बनाउनु; कृषिलाई नाफामूलक, दिगो एवम् व्यावसायिक बनाउनु; कृषिलाई पर्यटन तथा उद्योगसँग जोड्दै आय तथा रोजगारीका अवसर वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग,

३. कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण तथा निदानका लागि जनशक्ति व्यवस्थापन, प्रयोगशाला सञ्चालन; कृषि सामग्रीको आपूर्ति व्यवस्थापन, कृषि, पशुपन्छी र मत्स्यजन्य उपजको गुणस्तर निर्धारण, स्तरीकरण, प्रमाणीकरण एवम् नियमन; न्यूनतम समर्थन मूल्य कार्यान्वयन; कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन; कृषि बजार पूर्वाधार विस्तार तथा सञ्चालन; सामूहिक एवम् सहकारी र करार खेतीको प्रवर्द्धन,

४. प्रादेशिक सहकारी सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन र नियमन आदि कार्य यस मन्त्रालयका कार्यक्षेत्र भित्र पर्दछन्।

## (ग) प्रमुख सवाल तथा चुनौती

१. **कृषि क्षेत्रः** उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषि उत्पादनको व्यावसायीकरण, कृषिलाई सम्मानित तथा आकर्षक पेशाका रुपमा विकास, कृषि प्रतिरोधक जीवजन्तुको अतिक्रमण रोकथाम, रैथानेबाली तथा कृषि जैविक विविधताको संरक्षण र जलवायु उत्थानशील कृषिको विकास गर्नु।

२. **पशुपन्छी तथा मत्स्यपालनः** दूध, माछामासु, अण्डा र ऊन/पश्मिना उत्पादन वृद्धि, पशुपन्छीमा आधारित व्यवसायलाई प्रतिस्पर्धी र दिगो तुल्याउनु, पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग तथा जलवायुजन्य जोखिम न्यूनीकरण, पशुपन्छीजन्य व्यवसाय बिस्तार र विशिष्टीकृत भेटेरिनरी सेवा प्रवाहको गुणस्तर नियमन गर्नु।

३. **खाद्य सुरक्षाः** खाद्य सुरक्षा जोखिम क्षेत्र तथा समुदाय पहिचान र खाद्य सुरक्षा तथा खाद्य स्वच्छता सुनिश्चितता गर्नु।

४. **भूमि व्यवस्थाः** भूमिको वैज्ञानिक व्यवस्थापन र भूमि प्रशासन सेवालाई आधुनिकीकरण तथा सरलीकरण गर्नु।

५. **सहकारीः** उत्पादनशील एवम् व्यावसायिक क्षेत्रमा सहकारी क्षेत्रको सहभागिता बढाउनु, सहकारी क्षेत्रप्रति आम नागरिकको विश्वास अभिवृद्धि गर्नु र सहकारी नियमनलाई प्रभावकारी बनाउनु।

**(घ) रुपान्तरणकारी रणनीति**

१. **कृषि क्षेत्रः** कृषि उपजको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि, बाली सघनता वृद्धि, बाली वस्तुको व्यावसायीकरण र निर्यात प्रवर्द्धन, रैथानेबाली तथा कृषि जैविक विविधताको संरक्षण, कृषकको पहिचान, सूचीकरण तथा वर्गीकरण, कृषि सामग्री, बिमा र कर्जामा कृषकको पहुँच बढाउने, नवप्रवर्तनमा आधारित कृषि उद्यमशीलताको विकास र जलवायु उत्थानशील कृषि प्रणाली प्रवर्द्धन गरिनेछ।

२. **पशुपन्छी तथा मत्स्यपालनः** पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्व अभिवृद्धि, पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा व्यावसायिकता विकास, पशुपन्छी तथा मत्स्य क्षेत्रमा युवा उद्यमशीलता विकास, भेटेरिनरी सेवाको सुदृढीकरण एवम् पशु रोगको नियन्त्रण तथा रोकथाम, पशुपन्छीजन्य उत्पादनको गुणस्तर सुधार एवम् बजार बिस्तार र पशुपालन क्षेत्रमा जलवायुजन्य जोखिम न्यूनीकरण गरिनेछ।

३. **खाद्य सुरक्षाः** खाद्य असुरक्षित क्षेत्र र समुदाय पहिचान, खाद्यवस्तुको सञ्चय र वितरण प्रणालीलाई व्यवस्थित गरी खाद्य उपलब्धता बढाउने र स्थानीय उपजमा आधारित खाद्य सुरक्षा तथा खाद्य स्वच्छता प्रवर्द्धन गरिनेछ।

४. **भूमि व्यवस्थाः** भूमिको वैज्ञानिक व्यवस्थापन र भू-सूचना प्रणाली विकास गरिनेछ।

५. **सहकारीः** सहकारी क्षेत्रलाई उत्पादनशील तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा परिचालन, सहकारी प्रतिको जनविश्वास अभिवृद्धि, सहकारी सम्बन्धी सचेतना अभिवृद्धि र सहकारी संघ संस्थाको क्षमता अभिवृद्धि गरिनेछ।

**(ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

१. **कृषिः** नीतिगत तथा संस्थागत सुधार कार्यक्रम, कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रम, कृषि उद्यम प्रवर्द्धन कार्यक्रम, बजार प्रवर्द्धन कार्यक्रम, जलवायुमैत्री कृषि प्रवर्द्धन।

२. **पशुपन्छी तथा मत्स्य विकासः** पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम, व्यावसायिकता विकास कार्यक्रम, गुणस्तर सुधार तथा बजार प्रवर्द्धन कार्यक्रम, पशु स्वास्थ्य सेवा विस्तार।

३. **खाद्य सुरक्षाः** खाद्य असुरक्षित क्षेत्र तथा समुदाय पहिचान कार्यक्रम, समुदाय लक्षित खाद्य सुरक्षा।

४. **भूमि व्यवस्थापनः** भूमि व्यवस्थापन कार्यक्रम र भूमि प्रशासन सूचना प्रणाली तथा सेवा सरलीकरण।

५. **सहकारीः** नीतिगत, कानूनी तथा संस्थागत सुदृढीकरण कार्यक्रम, उत्पादनमूलक सहकारी प्रवर्द्धन कार्यक्रम र सहकारी संघ संस्थाको क्षमता अभिवृद्धि।

**(च) दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता**

संविधान एवम् कानूनतः कृषि क्षेत्रमा प्रदेशलाई प्राप्त क्षेत्राधिकार उपयोगका लागि थप कानूनी व्यवस्था आवश्यक देखिन्छ। प्रादेशिक कृषि विकास रणनीति, भू-उपयोग, खाद्य सुरक्षा, जीवनाशक विषादी सम्बन्धी कानून तर्जुमा तथा कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्नेछ। साथै, सञ्चालित प्रयोगशाला तथा भेटेरिनरी अस्पतालको विस्तार तथा सुदृढीकरण गर्दै अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउन जनशक्ति व्यवस्थापन र क्षमता विकास केन्द्रित कार्यक्रम समावेश गरिएको छ।

कृषि व्यवसायिकता र आत्मनिर्भरताका लागि खेतियोग्य बाँझो जमिनको सदुपयोग बढाउने गरी कार्यक्रम तय गरिएको छ। प्राथमिकता प्राप्त बाली प्रवर्द्धनका लागि आयोजनागत रुपमा चक्लाबन्दी (क्रप पुलिङ गर्ने), कृषि पूर्वाधार विकास तथा यान्त्रिकीकरण प्रवर्द्धन केन्द्रित कार्यक्रम समावेश गरिएको छ। कृषकको व्यावसायिक जोखिम तथा क्षति न्यूनीकरणका लागि कृषि तथा पशुपन्छी बीमा तथा व्यवसाय पुनर्स्थापना कार्यक्रम समावेश गरिएको छ। बाली सघनता वृद्धि गर्न अन्तरमन्त्रालय समन्वयमा सिँचाई आयोजना सञ्चालन गर्ने रणनीति तय गरिएको छ। चैते धान, प्रशोधनयोग्य तथा खायन आलु, सुन्तला बाली खेती विस्तार तथा बगैंचा सुदृढीकरण कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउने कार्यक्रम समावेश गरिएको छ।

पशु स्वास्थ्य सुधारका लागि भेटेरिनरी अस्पताल सुदृढीकरण तथा सेवाको विशिष्टीकरण गर्दै जाने रणनीति तय गरिएको छ। पशुमा पूर्ण खोप कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने तयारि गरिएको छ। कृषि उपजको बजार व्यवस्थापन तथा मूल्य श्रृङ्खलामा आधारित उद्योग प्रशोधन केन्द्र स्थापना गर्ने कार्यक्रम समावेश गरिएको छ। खाद्य असुरक्षित क्षेत्र तथा समुदाय पहिचान तथा उक्त समुदाय लक्षित कार्यक्रम समावेश गरिएको छ।

भूमिको व्यवस्थापन तथा उपयोग वृद्धि गर्न चक्लाबन्दी, प्रादेशिक भूमि ऐन तर्जुमा र भूमि बैंक स्थापना जस्ता कार्यक्रम समावेश भएका छन्। सहकारीलाई उत्पादनमूलक र व्यावसायिक बनाउन कोपोमिस प्रणाली विस्तार गरी सहकारी क्षेत्रको नियमित अनुगमन, मूल्याङ्कन तथा सुधारका कार्यक्रम तय गरिएको

छ। नमुना सहकारीको विकास गरी सहकारी खेती, सहकारी बजार प्रवर्द्धनलाई प्रोत्साहन केन्द्रित कार्यक्रम समावेश रहेका छन्।

### (छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

प्रदेशमा आर्थिक रुपमा सक्रिय जनसङ्ख्या मध्ये ५७.६ प्रतिशत कृषि क्षेत्रमा आवद्ध छन्। दोस्रो तथा तेस्रो क्षेत्रको अपेक्षाकृत विकासको अभावमा गण्डकी प्रदेशका अधिकांश घरपरिवारको जीविकोपार्जनको मुख्य स्रोत कृषि नै रहेको छ। यस सन्दर्भमा गरिबी निवारणमा कृषि क्षेत्रको योगदान उल्लेखनीय रहेको स्पष्ट हुन्छ। खेतीयोग्य बाँझो जमिन सदुपयोग प्रोत्साहन, राजमार्ग तथा कोरिडोर केन्द्रित कृषि उत्पादन, व्यावसायिक फार्म स्थापना सहयोग, पशु नश्ल सुधार, पशु उत्पादन पकेट तथा ब्लक विकास जस्ता कार्यक्रमले आगामी दिनमा गरिबी निवारणमा टेवा पुग्नेछ।

हालको अवस्था अनुसार गण्डकी प्रदेश तरकारी, आलु, मासु, अण्डा र दूधमा आत्मनिर्भर र खाद्यान्न एवम् फलफूलमा आत्मनिर्भर उन्मुख अवस्थामा रहेको छ। विगतका कार्यक्रम र प्रयास लक्ष्यउन्मुख छन्। खाद्य सुरक्षालाई दृष्टिगत गरी खाद्य असुरक्षित क्षेत्र तथा समुदाय पहिचान गरी लक्षित कार्यक्रम तय गर्ने गरिएको छ। व्यावसायिक रुपमा गरिएका सुन्तलाजात फलफूल तथा डाँले घाँस खेतीबाट हुने कार्बन सञ्चितीकरणको आधारमा कृषकले मौद्रिक लाभ लिन सक्ने वातावरण तयार गर्न पाइलट कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको छ। त्यसैले मन्त्रालयले आगामी तीन वर्षमा कार्यान्वयन गर्ने रुपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमबाट दिगो विकास लक्ष्यको कार्यान्वयनमा प्रत्यक्ष तथा अप्रत्यक्ष टेवा पुग्ने अपेक्षा गरिएको छ।

### (ज) त्रिवर्षीय नतिजा सूचक

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

**तालिका १३: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक**

| क्र. सं. | सूचक | एकाइ | २०८१/८२ (यथार्थ उपलब्धि) | २०८२/८३ (अनुमानित उपलब्धि) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| क | कृषि विकास | | | | | | |
| १ | कृषिमा कुल लगानी | रू. करोड | ११३.८१ | ११० | ११५ | १२० | १२५ |

| क्र. सं. | सूचक | एकाइ | २०८१/८२ (यथार्थ उपलब्धि) | २०८२/८३ (अनुमानित उपलब्धि) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| २ | कृषि व्यवसायमा थप रोजगारी सिर्जना | सङ्ख्या (हजारमा) | ७.५ | ८.० | ८.५ | ९.० | ९.५ |
| ३ | सिंचित क्षेत्र विस्तार (साना सिंचाइ) | हेक्टर | | | | | |
| ५ | कोल्ड स्टोर तथा कोल्डरुम (जम्मा) | सङ्ख्या | ९३ | ९५ | १०० | १०५ | ११० |
| ६ | बजार केन्द्र | सङ्ख्या | | | | | |
| ७ | बीउ उत्पादन कार्यक्रम | हेक्टर | २९९ | ३०० | ३०० | ३०० | ३०० |
| **ख** | **पशुपन्छी तथा मत्स्य विकास** | | | | | | |
| १ | पशुपन्छी तथा मत्स्य विकासमा लगानी | रू. (करोड) | ७१.४८ | ७५ | ८० | ८५ | ९० |
| २ | पशुपन्छी व्यवसायमा थप रोजगारी सिर्जना | सङ्ख्या (हजारमा) | ५.५ | ६.० | ६.५ | ७.० | ७.५ |
| ३ | कृत्रिम गर्भाधान | सङ्ख्या (हजारमा) | ९८.८९ | १०५ | १०६ | १०७ | १०८ |
| ४ | पशुपन्छीमा खोप सेवा | डोज (हजारमा) | २२३२ | २३०० | २३०० | २३०० | २३०० |
| ५ | पशुपन्छीको निदान तथा उपचार सेवा | सङ्ख्या (लाखमा) | १.२७ | १.३ | १.३५ | १.४ | १.४५ |
| ६ | पशुपन्छी प्रयोगशाला सेवा | सङ्ख्या (हजारमा) | २६.७६ | २६.९० | २७.२० | २७.५० | २८.०० |
| ७ | मत्स्य स्रोत केन्द्र | सङ्ख्या | ९ | ९ | १० | १० | ११ |
| **ग** | **खाद्य सुरक्षा तथा पोषण** | | | | | | |
| १ | चरम खाद्य असुरक्षित घरधुरी | प्रतिशत | | | | | |
| २ | प्रतिव्यक्ति प्रति वर्ष खाद्यान्न उपलब्धता | के जी | १८१ | १९० | १९८ | २०५ | २१० |
| ३ | **खाद्यान्न बाली उत्पादन प्रतिवर्ष** | | | | | | |
| | धान | मे. टन | ३७९०३२ | ३७९१०० | ३७९२०० | ३७९२५० | ३७९३०० |
| | गहुँ | मे. टन | ५५६६३ | ५५६७० | ५५६७५ | ५५६८० | ५५६८५ |
| | मकै | मे. टन | ३९३३१३ | ३९३४०० | ३९३४५० | ३९३५०० | ३९३५५० |
| | कोदो | मे. टन | ७४१०६ | ७४१२० | ७४१३० | ७४१५० | ७४१७० |
| ४ | दलहन उत्पादन प्रति वर्ष | मे. टन | १७२१७ | १७२३० | १७२५० | १७२७० | १७३०० |
| ५ | तेलहन उत्पादन प्रति वर्ष | मे. टन | १२०८८ | १२१०० | १२१३० | १२१६० | १२२०० |

| क्र. सं. | सूचक | एकाइ | २०८१/८२ (यथार्थ उपलब्धि) | २०८२/८३ (अनुमानित उपलब्धि) | त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ६ | आलु उत्पादन प्रति वर्ष | मे. टन | ३७४६०५ | ३७४६५० | ३७४७०० | ३७४७५० | ३७४८० |
| ७ | तरकारी उत्पादन प्रति वर्ष | मे. टन | २७८५८३ | २७८८०० | २७९५०० | २७९८०० | २८०००० |
| ८ | फलफूल उत्पादन प्रति वर्ष (साइट्रस जात) | मे. टन | ६७५६६ | ६७६०० | ६७६५० | ६७७०० | ६७७५० |
| ९ | फलफूल उत्पादन प्रति वर्ष (हिउँदे) | मे. टन | १८०१३ | १८५०० | १९००० | १९५०० | २०००० |
| १० | फलफूल उत्पादन प्रति वर्ष (वर्षे) | मे. टन | ५१०८७ | ५१५०० | ५१८०० | ५२००० | ५२५०० |
| ११ | दूध उत्पादन प्रति वर्ष | मे.टन. | २६०४७८ | २६०४९० | २६०५०० | २६०५५० | २६०६०० |
| १२ | माछा उत्पादन प्रति वर्ष | मे.टन. | ६२६४ | ६२७० | ६२८० | ६२९० | ६३०० |
| १३ | मासु उत्पादन प्रति वर्ष | मे.टन. | ५१७०४ | ५१७५० | ५१८०० | ५१८५० | ५१९०० |
| १४ | अण्डा उत्पादन प्रति वर्ष | गोटा (लाखमा) | १६५० | १७०० | १७५० | १८०० | १८५० |
| १५ | उन उत्पादन | केजी | ५०५५८ | ५०५५८ | ५०५५८ | ५०५५८ | ५०५५८ |
| घ | भूमि व्यवस्था | | | | | | |
| १ | चक्लाबन्दी प्रवर्द्धन | हेक्टर | १२० | २४४.७५ | ३२५ | ३७५ | ४२५ |
| २ | जग्गा एकीकृत गरी वस्ती विकास | सङ्ख्या | ० | ० | ३ | ५ | ५ |
| ३ | सार्वजनिक सडक अद्यावधिक | कि.मि. | ४८३ | ५०० | ४०० | ५०० | ६०० |
| ङ | सहकारी | | | | | | |
| १ | सहकारी संघ र संस्था | सङ्ख्या | ९०५ | ८७२ | ८५० | ८०० | ७०० |
| २ | सहकारीको कृषि क्षेत्रमा लगानी | प्रतिशत | ५.८७ | ६ | ६.५ | ७ | ७.५ |
| ३ | COPOMIS मा तथ्याङ्क अद्यावधिक | सङ्ख्या | ४०४ | ४२० | ४५० | ४८० | ५०० |

*स्रोतः कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश*

## (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार रहेको छः

## तालिका १४ः कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | १३०८२०५ | १५२२२९७ | १९०९८६४ | १९१७९८१ | १९७५२६५ |
| | पूँजीगत | १०४६०० | १०५३६८ | ९८७०१ | १०११५७ | १०४८७९ |
| | **जम्मा** | **१४१२८०५** | **१६२७६६५** | **२००८५६५** | **२०१९१३८** | **२०८०१४३** |
| स्रोत | प्रदेश सरकार | १२८१२५२ | १३६६५६५ | १५०२३६५ | १४८६७२४ | १५३१०६० |
| | वितीय समानीकरण | - | - | २५००० | २६८०० | २८३०१ |
| | सशर्त | ९२२६६ | २६११०० | ४८१२०० | ५०५६१४ | ५२०७८२ |
| | समपूरक | - | - | - | - | - |
| | विशेष | ३९२८७ | - | - | - | - |
| | **जम्मा** | **१४१२८०५** | **१६२७६६५** | **२००८५६५** | **२०१९१३८** | **२०८०१४३** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमान विवरण तथा विश्लेषण*

### (ञ) सम्भाव्य जोखिम पक्ष

कृषि र पशुपन्छी क्षेत्रमा प्राकृतिक विपत्तीका साथै रोग महामारीले गर्दा उत्पादन र उत्पादकत्वमा असर पर्न सक्दछ। बजेट रोक्का तथा कार्यालयको मर्जर र खारेजीका कारण मानव संसाधनको उचित व्यवस्थापन नहुँदा कार्यसञ्चालनमा जोखिम हुनसक्ने सम्भावना रहन्छ। सेवाग्राहीको दुर्त सेवा माग तथा सार्वजनिक क्षेत्रको क्षमताबीचको रिक्तताले नागरिक सन्तुष्टि प्रभावित हुनसक्ने देखिन्छ।

## ३.३ वन तथा वातावरण मन्त्रालय

### (क) पृष्ठभूमि

गण्डकी प्रदेशमा रहेका प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन, विकास, विस्तार र सदुपयोग गर्दै प्रदेशको समृद्धि र विकास गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारको स्थापना भई मिति २०७४/१०/२२ मा उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय स्थापना भएको हो। हाल मिति २०८१।०५।१७ को मन्त्रिपरिषद्को निर्णयानुसार वन तथा वातावरण मन्त्रालयको रुपमा रहेको छ।

नेपालको संविधानको अनुसूची ६,७ र ९ मा व्यवस्था भए वमोजिम प्रदेशको एकल र साझा अधिकार सूचीमा पर्ने वन तथा वातावरणसँग सम्बन्धित विषयमा मन्त्रालयले कार्य गरिरहेको छ। यस मन्त्रालयले वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट हरियाली प्रवर्द्धन, वनको उपयोगितामा वृद्धि, जैविक विविधता संरक्षण, खेतीयोग्य भूमि संरक्षण तथा उत्पादकत्वमा वृद्धि, पानी मुहान संरक्षण लगायत वातावरणीय सेवा स्वच्छता कायम राख्दै उपलब्ध स्रोतको दिगो उपयोग मार्फत् अर्थतन्त्रमा योगदान पुर्‍याउनु रहेको छ। यसका अतिरिक्त वन तथा वातावरण क्षेत्रमा जैविक विविधता, वातावरणीय सन्तुलन, जलवायु परिवर्तन जस्ता अन्तर्राष्ट्रिय मुद्दालाई सम्बोधन गर्नुपर्ने देखिन्छ। सहकार्य, सहअस्तित्व र साझेदारीको अवधारणालाई आत्मसात् गर्दै यस मन्त्रालयले नेपाल सरकार, स्थानीय तह, निजी क्षेत्र, उपभोक्ता, नागरिक समाज र अन्य सरोकारवालासँग हातेमालो गर्दै उद्देश्य प्राप्तिमा अघि बढ्नुपर्ने देखिन्छ।

### (ख) प्रमुख कार्यक्षेत्र

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यजिम्मेवारी देहाय बमोजिम रहेको छ।

<u>वन जैविक विविधता संरक्षण</u>

१. प्रदेशस्तरमा वन क्षेत्रसँग सम्बन्धित कानून तर्जुमा कार्यान्वयन, वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,
२. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन,
३. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, जैविक विविधता पार्क, हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,

४. जडिबुटि खेती सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जडिबुटि खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण, अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलन,

५. वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह, वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग,

६. प्रदेशस्तरका बनस्पती उद्यान तथा हर्वेरीयम व्यवस्थापन र वनस्पती पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन,

७. प्रदेशस्तरमा जैविक विविधता अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभाँश बाँडफाँट,

८. बृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

९. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन एवम् संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण।

<u>वातावरण संरक्षण एवम् भू तथा जलाधार संरक्षण</u>

१. वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, तर्जुमा, कार्यान्वयन र नियमन,

२. वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार र वातावरणीय सूचना र वातावरणीय प्रयोगशाला स्थापना, सञ्चालन र व्यवस्थापन,

३. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विद्युतीय लगायत प्रदुषण मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन तथा नियन्त्रण एवम् न्यून कार्वनमूखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन,

४. प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन,

५. अन्तरप्रदेशीय नदी उकास तथा सडक किनारा वृक्षारोपण व्यवस्थापन एवम् ताल विकास प्राधिकरण र वन, वातावरण तथा भू संरक्षण सम्बन्धी संघ संस्था,

६. प्रदेशस्तरको जलवायु परिवर्तन, अनुकूलन तथा न्युनीकरण सम्बन्धी नीति, कानून र मापदण्ड निर्माण, मन्त्रालय र स्थानीय तहमा जलवायु परिवर्तन, अनुकूलन तथा न्यूनीकरण सम्बन्धी कार्यमा सम्पर्क र समन्वय।

७. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन एवम् भूस्खलन नियन्त्रण।

## (ग) प्रमुख सवाल तथा चुनौती

<u>दिगो वन व्यवस्थापन</u>

१. वन, वनस्पति तथा जैविक विविधता पूर्ण क्षमतामा सदुपयोग गर्न नसक्नु,
२. वन व्यवस्थापनको कार्यलाई तीनै तहका सरकार, वन समूह र निजी क्षेत्रबिच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माणमा कमी,
३. वन क्षेत्र अतिक्रमण हुन नदीनु र वर्षौं देखिका र संस्थागत रूपमा भएका अतिक्रमणलाई व्यवस्थापन गरी पुनः वनक्षेत्र कायम गर्न कठिनाइ रहेको,
४. वन डढेलो नियन्त्रण गर्न उपयुक्त संयन्त्र व्यवस्था गर्नु र वन उपभोक्ता समूहमा स्रोत तथा क्षमता वृद्धि गर्नु,
५. वन संरक्षणसँगै जीविका सुधारको भरपर्दो माध्यमका रूपमा रूपान्तरण गर्नु नीतिगत तथा व्यावहारिक कठिनाई,

<u>जैविक विविधता संरक्षण</u>

१. आनुवंशिक, पारिस्थितिकीय र प्रजातिगत विविधताको विद्यामान अवस्था पहिचान एवम् संरक्षणका उपाय केन्द्रित गरी वैज्ञानिक अध्ययन तथा अनुसन्धानमा कमी,
२. जीव तथा वनस्पतिसम्बन्धी तथ्याङ्क सङ्कलन तथा व्यवस्थित अभिलेख तयारी र नियमित अध्यावधीकरण,
३. पर्यावरणीय समानुकूलनता सहितको जैविक विविधता संरक्षण गर्नु,
४. वनक्षेत्र अतिक्रमण, वन डढेलोका कारण वन्यजन्तुका बासस्थान खण्डीकरण हुनु र वन्यजन्तुको चोरी शिकारी तथा जडीबुटीको अवैध निकासीले जैविक विविधतामा ह्रास,
५. समुदायद्वारा व्यवस्थित वनमा बढ्दो वन्यजन्तुको सङ्ख्या तथा बासस्थान व्यवस्थापनका कमीका कारण मानव वन्यजन्तु द्वन्द्वका घटना बढ्नु,

<u>जलाधार व्यवस्थापन</u>

१. जल, जमिन, जङ्गल, जैविक विविधता, कृषि, जीविकोपार्जनका साधन र पूर्वाधार लगायतका स्रोतको एकीकृत व्यवस्थापन,
२. स्थानीय समुदायको भूमिमा आधारित जीविकोपार्जन पद्धति, कमलो र भिरालो भूप्रकृति जस्ता कारण वर्षाको पानी अत्यधिक मात्रामा भलको रूपमा बग्ने भै भूक्षय, बाढी पहिरोको जोखिम,

३. अति भिरालो जमिनमा शून्य खनजोतको कृषि अभ्यास नहुनाले भूक्षयको जोखिम बढाएको,

४. खानेपानी, सडक तथा अन्य संरचना निर्माणमा संलग्न निकाय र स्थानीय सरकारको जलाधार र कमजोर भू-धरातलको संरक्षणमा ध्यान पुग्न नसक्नु,

५. खानेपानी आयोजना वा निकायले पानीको स्रोतको आधार उपल्लो तटीय जलाधारको अवस्था सुधारमा बेवास्ता हुनु,

**(घ) रुपान्तरणकारी रणनीति**

दिगो वन व्यवस्थापन

१. प्रदेशको अधिकार क्षेत्रभित्रका सबै प्रकारका वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन र उपयोगको लागि नीति, कानून, कार्यविधि तथा मापदण्ड तर्जुमा, परिमार्जन र कार्यान्वयन गरिनेछ,

२. वन क्षेत्रभित्र विशेष महत्त्वका क्षेत्रहरू (धार्मिक, सांस्कृतिक,पर्यावरणीय) पहिचान र संरक्षण तथा अभिलेख राखिनेछ,

३. वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गरिनेछ,

४. दिगो वन व्यवस्थापनमार्फत वन क्षेत्रको उत्पादन र उत्पादकत्व बढाईनेछ र वन पैदावरमा आत्मनिर्भरता हासिल गरिनेछ,

५. निजी क्षेत्रसँगको सहकार्यमा नरम काठको गुणस्तर र उपयोगिता अभिवृद्धि गरिनेछ,

६. प्राकृतिक अवस्थामा रहेका जडीबुटीको वैज्ञानिक मापदण्डका आधारमा व्यवस्थापन र वर्तमान स्रोतको सर्वेक्षण गरी दिगो उपयोग र उपभोग सुनिश्चित गरिनेछ।

जैविक विविधता संरक्षण

१. संरक्षित क्षेत्र तथा समुदायद्वारा व्यवस्थित वनहरूमा जैविक विविधता संरक्षण तथा पर्यापर्यटनको विकास,

२. जैविक विविधतामा भएका परिवर्तन पत्ता लगाउन बृहत् अनुसन्धान एवम् अनुगमन प्रणालीको स्थापना र सञ्चालन गर्ने,

३. नेपालको जैविक विविधता रणनीति र कार्यान्वयन योजना, वातावरण नीति, सिमसार नीति लगायत वातावरणीय नीतिको कार्यान्वयनमा सहजीकरण गर्ने,

४. स्थानीय तहमा जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखीकरण, संग्रह एवम् आनुवंशिक स्रोत उपरको बौद्धिक सम्पत्तिको सुरक्षाको व्यवस्था मिलाउने,

५. प्रदेशभित्र वन, वनस्पति, जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय, सामुदायिक बीउ भण्डार, जीन बैंक, प्राणी उद्यान, वन्यजन्तु उद्धार केन्द्र, स्थापना र सञ्चालन,

६. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गर्दै जनचेतना, क्षतिपूर्ति एवम् राहत प्रक्रियालाई थप सरलीकृत र व्यवस्थित गर्ने।

<u>जलाधार व्यवस्थापन</u>

१. पूर्वाधार विकासका कार्यक्रममा वातावरण र जलाधार व्यवस्थापन कार्यक्रमलाई अनिवार्य र एकीकृत रूपमा सञ्चालन गर्ने,

२. विकास पूर्वाधार निर्माणसँगै उपयुक्त भूसंरक्षण प्रविधि सञ्चालनलाई अनिवार्य गरी संरचनालाई जलवायु उत्थानशील बनाउने,

३. भूक्षय नियन्त्रण गरी जल उत्पन्न विपद प्रकोप न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन गर्दै क्षतिग्रस्त भूमिको पुनःस्थापना तथा रैथाने र वैज्ञानिक पद्धति अवलम्बन गरी सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

४. पानी मुहान संरक्षण एवम् प्रकोप नक्साङ्कन, सङ्कटासन्नता पहिचान तथा जोखिम नक्साङ्कन गरी गल्छी, पहिरो तथा खोला किनारा संरक्षण र बायो इन्जिनियरीङ विधिबाट भूसंरक्षण गर्ने।

**(ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

१. वन संरक्षण तथा दिगो व्यवस्थापन कार्यक्रम
२. अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धि कार्यक्रम
३. हरित सडक तथा हरित सहर कार्यक्रम
४. जडीबुटी एवम् जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम
५. वन्यजन्तुको चोरी शिकार एवम् गैरकानूनी व्यापारलाई नियन्त्रण र नियमन
६. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रम
७. नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन कार्यक्रम
८. प्रकोप तथा जोखिम नक्साङ्कन र विकासका पूर्वाधार संरक्षण कार्यक्रम
९. माटो र पानी संरक्षणसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण कार्यक्रम

**(च) दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयनसँगको आवद्धता**

आगामी तीन आर्थिक वर्ष (२०८२/८३-२०८४/८५) मा कार्यान्वयन गर्ने रुपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रम दोस्रो पञ्चवर्षीय योजनामा आधारित रही तयार गरिएको छ।

प्रादेशिक विकास तथा रुपान्तरणका १४ वटा प्राथमिक क्षेत्र मध्ये सम्बन्धित विषय क्षेत्र दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षणमा र सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलतामा प्रत्यक्ष योगदान पुऱ्याउने छ साथै अन्य क्षेत्रमा पनि अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउने देखिन्छ।

वनको वैज्ञानिक व्यवस्थापन मार्फत वन उत्पादन र जैविक विविधताको सन्तुलन कायम हुनेछ। समुदायमा आधारित वन व्यवस्थापन पद्दति अवलम्वन गरी स्थानीय वन पैदावारको सहज आपूर्ति बढ्न गई प्रदेशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ।

जैविक विविधता संरक्षण मार्फत प्रदेशका सङ्कटापन्न बोटविरुवा तथा जीवजन्तुको उचित संरक्षण हुनेछ र त्यसमा निर्भर नागरिकको पर्यापर्यटन लगायतका माध्यम बाट जीविकोपार्जनमा सहयोग पुग्ने देखिन्छ। जलाधारको एकीकृत व्यवस्थापन मार्फत भूमि तथा पानीको उचित व्यवस्थापनका साथै जलवायुजन्य विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा योगदान पुग्नेछ।

**(छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता**

दिगो विकासका १७ वटा लक्ष्य मध्ये लक्ष्य नम्वर १३ जलवायु परिवर्तन र त्यसका प्रभावसँग जुध्न तत्काल कार्य अगाडि बढाउन र लक्ष्य नम्वर १५ पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनस्थापना, वनको दिगो व्यवस्थापन, मरुभूमीकरणविरुद्ध लड्न र भूक्षय रोक्नु आदि विषय यस मन्त्रालयसंग प्रत्यक्ष रुपमा जोडिएका छन्। वन क्षेत्र वहुआयामिक र अन्तर क्षेत्रसँग सम्बन्धित विषय हो र अप्रत्यक्ष रुपमा अन्य लक्ष्य हासिल गर्न पनि यस क्षेत्र महत्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ।

**(ज) त्रिवर्षीय नतिजा सूचक**

वन तथा वातावरण मन्त्रालयले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

### तालिका १५: वन तथा वातावरण मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक

| क.सं | सूचक | एकाई | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन लक्ष्य (त्रिवर्षीय) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | रोजगारी सिर्जना | श्रमदिन | २७०४१३ | २७५००० | २७६००० | २७६००० | २७७००० |
| २. | वन क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | ३७.१८ | ३७.८० | ३७.८१ | ३७.८२ | ३७.८३ |
| ३. | वन क्षेत्रबाट अनुमानित राजश्व | रु. लाख | १८८५ | १९०० | २००० | २२०० | २४०० |
| ४. | समुदायमा आधारित वन क्षेत्र | प्रतिशत | ३५ | ३५ | ३५.२ | ३५.३ | ३५.४ |
| ५. | सामुदायिक वन गठन र हस्तान्तरण | सङ्ख्या | ३९७२ | ३९७४ | ३९७६ | ३९७७ | ३९७८ |
| ६. | काठ उत्पादन | क्यू फिट | २४०३३७४ | २५००००० | २६००००० | २७००००० | २८००००० |
| ७. | दाउरा उत्पादन | चट्टा | २६६८ | २७५० | २८६० | ३०३० | ३५५० |
| ८. | गैरकाष्ठ वन पैदावार | के.जी. | ३८८६९ | ४२००० | ४६००० | ५३००० | ५८००० |

*स्रोतः वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश*

## (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

वन तथा वातावरण मन्त्रालयको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार रहेको छः

### तालिका १६: वन तथा वातावरण मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | ४७१००४ | ५००४५६ | ७७९४३८ | ७७७५६४ | ८००७७२ |
| | पूँजीगत | ३००७०१ | ३०६९८४ | ४३८५५० | ४४६९६२ | ४६०८८० |
| | **जम्मा** | **७७१७०५** | **८०७४४०** | **१२१७९८८** | **१२२४५२६** | **१२६१६५१** |
| **स्रोत** | प्रदेश सरकार | ६१३२७१ | ६२९०४० | ९५३७८८ | ९४३८५८ | ९७२००५ |
| | वितीय समानीकरण | ४६९०८ | - | २०,००० | २१,४४० | २२,६४१ |
| | सशर्त | १११५२६ | १७८४०० | २४४२०० | २५९२२८ | २६७००५ |

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | समपूरक | – | – | – | – | – |
| | विशेष | – | – | – | – | – |
| | **जम्मा** | **७७१७०५** | **८०७४४०** | **१२१७९८८** | **१२२४५२६** | **१२६१६५१** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

### (ञ) सम्भाव्य जोखिम पक्ष

अपर्याप्त कानूनी व्यवस्था, बजेटको कमी, कार्यक्रम कार्यान्वयन गर्न पर्याप्त जनशक्तिको अभाव, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता, संघ र स्थानीय तह बीचको समन्वय, विपद् व्यवस्थापन लगायतका विषयले अपेक्षित उपलब्धिमा वाधा पुऱ्याउन सक्ने अनुमान गरिएको छ।

## ३.४ उद्योग तथा पर्यटन मन्त्रालय

### (क) पृष्ठभूमि

गण्डकी प्रदेश सरकारले प्रदेश विकासको दीर्घकालीन सोच र योजना तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता रहेको छ। प्रदेशले आर्थिक सम्बृद्धि हासिल गर्न उद्योग र पर्यटन क्षेत्रलाई उत्पादन र रोजगारीसँग जोडी मानव पूँजी निर्माण र उत्पादकत्वमा बृद्धि हुने योजनालाई प्राथमिकतामा राख्नु पर्नेछ। उत्पादन बृद्धि गरी स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण गर्न तथा यूवाशक्तिलाई विदेश पलायन हुनबाट रोक्नका लागि उद्यमशिल कार्य संस्कृतिको विकास अपरिहार्य छ।

### (ख) प्रमुख कार्यक्षेत्र

१. पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास
२. औद्योगिक प्रवर्द्धन तथा नियमन
३. प्रादेशिक वाणिज्य प्रशासन
४. आपूर्ति तथा उपभोक्ता हित संरक्षण
५. खानी तथा खनिजको अन्वेषण

### (ग) प्रमुख सवाल तथा चुनौती

१. उत्पादन वृद्धिको माध्यमबाट आत्मनिर्भरता र आयात प्रतिस्थापन,
२. बस्तु तथा सेवाको उत्पादन एवम् गुणस्तरमा बृद्धि,
३. औद्योगिक तथा व्यापार क्षेत्रको पूर्वाधार विकास,
४. प्राविधिक एवम् सीपयुक्त जनशक्ति विकास,
५. औद्योगिक क्षेत्रमा लगानी योग्य वातावरण तयार,
६. मर्यादित बजार व्यवस्थापन,
७. पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन,
८. ठुला र आकर्षक पर्यटकीय गन्तव्यको प्रवर्द्धन र विकास,
९. पर्यटन क्षेत्रको विकासमा लगानी बृद्धि,
१०. अध्ययन अनुसन्धान र तथ्याङ्क व्यवस्थापन गर्नु आदि।

### (घ) रुपान्तरणकारी रणनीति

१. उत्पादकत्व बृद्धि मार्फत उत्पादनमा आत्मनिर्भरता बृद्धि गरिनेछ,
२. उद्योग वाणिज्य क्षेत्रको पूर्वाधार विकास विस्तार स्तरोन्नती गरिनेछ,
३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सिर्जना स्तरोन्नती र उत्पादित बस्तुको बजारीकरण सुदृढ गरिनेछ,
४. पर्यटकीय सेवा सुविधाको विविधीकरण र विस्तार गरिनेछ,
५. पर्यटकीय गन्तव्य पहिचान, वर्गिकरण गर्दै अत्यावस्यक पूर्वाधार विकास गरिनेछ,
६. अध्ययन अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन गरिनेछ।

### (ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम

१. संस्थागत तथा संरचनागत सुधार,
२. प्रमुख पर्यटकीय गन्तव्यमा पूर्वाधार विकास,
३. औद्योगिक पूर्वाधार विकास,
४. उपभोक्ता सचेतना तथा बजार अनुगमन,
५. उत्पादन विविधीकरण र व्यवसायीकरण आदि।

### (च) दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता

यस मन्त्रालयबाट कार्यान्वयन हुने कार्यक्रमबाट प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले पहिचान गरेका केही प्राथमिक क्षेत्रमा प्रत्यक्ष योगदान पुर्‍याउँछ। बजारमुखी उत्पादन र दिगो पर्यटन क्षेत्रमा मन्त्रालयको भूमिका महत्वपूर्ण छ । जसबाट पर्यटन प्रवर्द्धन, पूर्वाधार निर्माण र नयाँ गन्तव्यको विकास गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्न सकिन्छ। घरबास कार्यक्रमलाई उत्पादनसँग जोडेर व्यवसायिक कृषि उत्पादनमा जोड दिन सकिन्छ। स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योगलाई प्रोत्साहन दिईएको छ। मर्यादित श्रम र उत्पादनशील रोजगारीको सन्दर्भमा उद्यमशीलता विकास र उद्योग स्थापनाबाट रोजगारी सिर्जना भई जीवनस्तरमा सुधार विश्वास लिईएको छ। दिगो वन व्यवस्थापन तथा जलवायु अनुकूल विकासमा खानी खनिजको व्यवस्थित उपयोग तथा अनुगमनमार्फत वातावरणीय सन्तुलनमा सहयोग पुग्नुका साथै, लगानीमैत्री वातावरण सिर्जना गर्दै निजी क्षेत्रको सहभागिता बढाउने कार्यले सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणमा महत्वपूर्ण योगदान पुग्नेछ।

## (छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

यस मन्त्रालयको विषयक्षेत्रसँग सम्वन्धित आगामी तीन आर्थिक वर्षमा कार्यान्वयन गर्न लागेका कार्यक्रमले दिगो विकास लक्ष्यका विभिन्न पक्षमा उल्लेखनीय योगदान पुर्‍याउनेछन्। उद्योग स्थापना, पर्यटन प्रवर्द्धन र लघु उद्यम विकासमार्फत रोजगारी सृजना जस्ता क्रियाकलापले विशेषतः लक्ष्य ८ (दिगो आर्थिक वृद्धि तथा उत्पादनशील रोजगारी) मा महत्वपूर्ण योगदान पुर्‍याउँछ। लक्ष्य ९ (पूर्वाधार, औद्योगिकीकरण तथा नवप्रवर्तन) अन्तर्गत औद्योगिक तथा पर्यटन पूर्वाधार विकास गरिनेछ। स्थानीय स्रोतको अधिकतम उपयोग, स्थानीय उत्पादनलाई बढावा गर्ने प्रभावकारी कार्यक्रमहरुको कार्यान्वयन, गुणस्तरीय बस्तु र सेवाको सहज उपलब्धतामा गरिने प्रयासबाट लक्ष्य १२ (उत्तरदायी उपभोग तथा उत्पादन) मा योगदान पुग्नुका साथै, लक्ष्य १३ (जलवायु कार्य) सँग सम्बन्धित रूपमा वातावरणमैत्री पर्यटन र खानी व्यवस्थापनमा जोड दिइनेछ। यी कार्यक्रमले समग्रमा दिगो, समावेशी र आत्मनिर्भर प्रदेश निर्माणमा सघाउनेछन्।

## (ज) त्रिवर्षीय नतिजा सूचक

उद्योग तथा पर्यटन मन्त्रालयले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

**तालिका १७ः उद्योग तथा पर्यटन मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक**

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | पर्यटकीय गन्तव्यको पूर्वाधार विकास | सङ्ख्या | ३३९ | ३७५ | ३८५ | ४१० | ४३५ |
| २ | प्रमुख पर्यटकीय गन्तव्यहरुको DPR निर्माण | सङ्ख्या | ० | ५ | ८ | १० | १२ |
| ३ | प्रदेश पर्यटन सम्वन्धि नीति तथा कानून निर्माण | सङ्ख्या | २ | ३ | ४ | २ | ० |
| ४ | प्रादेशिक आद्योगिक क्षेत्र स्थापना र सञ्चालन | सङ्ख्या | ० | २ | ० | १ | १ |
| ५ | स्थानीय उद्योग ग्राम (पूर्वाधार विकास सहयोग) | सङ्ख्या | ५ | १० | १० | १५ | १५ |
| ६ | सिप विकास तालिम | जना | ६११ | ६५० | ७०० | ७५० | ८०० |
| ७ | प्रविधि हस्तान्तरण | सङ्ख्या | १६० | १२५ | १०० | ११५ | १२५ |

*स्रोतः उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश*

## (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

उद्योग तथा पर्यटन मन्त्रालयको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार रहेको छः

**तालिका १८ः उद्योग तथा पर्यटन मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान**

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | १३८१२७ | १७९२७१ | २८१४३६ | २७८५०६ | २८६८११ |
| | पूँजीगत | ३९५७२९ | ४०४९९८ | ६४३५१८ | ६४०५२७ | ६६०८९१ |
| | **जम्मा** | **५३३८५६** | **५८४२६९** | **९२४९५४** | **९१९०३३** | **९४७७०२** |
| स्रोत | प्रदेश सरकार | ३७८२५५ | ५८४२६९ | ८७९९५४ | ८७०७९३ | ८९६७६१ |
| | वितीय समानीकरण | १५५६०१ | – | ४५००० | ४८२४० | ५०९४१ |
| | सशर्त | – | – | – | – | – |
| | समपूरक | – | – | – | – | – |
| | विशेष | – | – | – | – | – |
| | **जम्मा** | **५३३८५६** | **५८४२६९** | **९२४९५४** | **९१९०३३** | **९४७७०२** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## (ञ) सम्भाव्य जोखिम पक्ष

पर्यटन, उद्योग, वाणिज्य, आपूर्ति र खानी-खनिज सम्वन्धमा गण्डकी प्रदेश सरकारले अवलम्वन गर्ने नीति, प्रदेशको आवधिक योजना अनुरूप त्रिवर्षिय कार्ययोजना तयार गरी सोही आधारमा वार्षिक कार्यक्रम तय गरी कार्यान्वयन गर्दै आएको छ।

यद्यपि, पूर्वाधारको अभाव, वित्तीय स्रोतको सीमितता, औद्योगिक तथा पर्यटकीय पुर्वाधार निर्माणमा निजीक्षेत्रलाई संलग्न गराउन नसक्नु, पर्यटकीय गन्तव्यमा पहुँचको कठिनाई, पर्यटक सुरक्षाको प्रत्याभुतीमा विश्वास जित्न नसकिनु, अन्य पूर्वाधार विकास विस्तारको क्रममा हुने पर्यावरणीय असर तथा पर्यटकीय उपजको क्षति तथा प्रशासनिक समन्वयको अभाव, विषयगत तथ्याङ्कको अभाव, उपभोक्ताको उदासिनता जस्ता चुनौती त्रिवर्षिय रणनीति कार्यान्वयनमा देखिएका सम्भाव्य जोखिम हुन।

## ३.५ स्वास्थ्य मन्त्रालय

### (क) पृष्ठभूमि

गुणस्तरीय, सर्वसुलभ र समावेशी स्वास्थ्य सेवा प्रणाली विकास गरी स्वस्थ र उत्पादनशील नागरिक निर्माण गर्न प्रदेश सरकारको महत्वपूर्ण भूमिका रहेको छ। प्रदेशमा नागरिकलाई आधारभूत, विशिष्टीकृत र विशेषज्ञ सेवा उपलब्ध गराउने उद्देश्यले आधुनिक स्वास्थ्य पूर्वाधार, दक्ष जनशक्ति तथा प्रविधिको समुचित व्यवस्थापन आवश्यक छ। स्वास्थ्य सेवालाई सामाजिक न्यायको सिद्धान्तमा आधारित बनाई समतामूलक स्वास्थ्य सेवा उपलब्ध गराउन नवीनता, सृजनशीलता तथा पर्याप्त सार्वजनिक लगानी अपरिहार्य छ। अर्कोतर्फ सामाजिक सुरक्षाको प्रवर्द्धन तथा जनसाङ्ख्यिक व्यवस्थापनका लागि प्रदेशमा रहेको श्रमयोग्य जनशक्तिलाई सुरक्षित र मर्यादित कामको वातावरणमा उत्पादनशील रोजगारी सृजना गरी दिगो आर्थिक वृद्धि गर्न आवश्यक छ। प्रदेशमा रहेका स्वास्थ्य सम्बन्धी विद्यमान समस्या, चुनौती र सम्भावनाको विश्लेषण गरी गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न तथा समानुपातिक र दिगो स्वास्थ्य सेवा प्रवाह गर्ने उद्देश्यका साथ कार्यक्रम तय गरिएको छ।

### (ख) प्रमुख कार्यक्षेत्र

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम गण्डकी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयको प्रमुख कार्यक्षेत्र निम्न रुपमा रहेका छन्ः

१. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
२. प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
३. प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,
४. राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन,
५. राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,
६. संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद, आपूर्ति तथा व्यवस्थापन,
७. सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

८. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

९. जनसङ्ख्या, बसाइसराइ र परिवार योजना सम्बन्धी प्रदेश नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

**(ग) प्रमुख सवाल तथा चुनौती**

(१) **गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच कायम गर्नुः** प्रदेशभित्र आवश्यक पूर्वाधार सहितका विशिष्टीकृत तथा विशेषज्ञ सेवा, स्वास्थ्य बीमा कार्यक्रम प्रतिको जनविश्वास र प्रभावकारीतामा कमी, विपन्न तथा सिमान्तकृत समुदायमा सुरक्षित मातृत्व र परिवार नियोजन लगायत आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन कठिनाइ, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको समेत पहुँच विस्तार गर्दै स्वास्थ्य क्षेत्रको समग्र विकास र स्वास्थ्य सेवामा थप पहुँच स्थापित गर्न स्रोत व्यवस्थापनको चुनौती रहेको छ।

(२) **स्वास्थ्य पूर्वाधारको सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रको जनशक्ति विकास गर्नुः** आधुनिक सुबिधा सहितको भवन तथा अन्य सहायक पूर्वाधारको उपलब्धता, पुराना भौतिक संरचनाको सुधार तथा सुदृढीकरण र नयाँ संरचना निर्माण गर्न श्रोतको सिमितता, भौगोलिक सन्तुलन कायम हुने गरी विशिष्टकृत स्वास्थ्य सेवा सहितको अस्पताल स्थापना, सबै प्रकृतिका स्वास्थ्य संस्थाको आवश्यकता बमोजिम जनशक्ति विकास, उपलब्धता तथा परिचालन चुनौतीको रुपमा रहेको छ। पर्याप्त दरवन्दी, वृत्ति विकास र उत्प्रेरणामा कमी, मुख्य शहरी क्षेत्र बाहिरका अस्पतालमा विशेषज्ञ तथा दक्ष जनशक्तिको व्यवस्था र दुर्गम स्वास्थ्य संस्थामा जनशक्तिको उपलब्धता प्रमुख चुनौतीका रुप रहेका छन्। स्वास्थ्य क्षेत्रका प्रशिक्षण र अध्ययनका लागि समय सापेक्ष पाठ्यक्रम परिमार्जन गर्नु आवश्यक रहेको छ।

(३) **स्वास्थ्य क्षेत्रको संरचनागत र व्यवस्थापकीय सुधार गर्नुः अत्यावश्यक तथा निःशुल्क औषधि** खरिदका लागि पर्याप्त श्रोतको कमी, आन्तरिक नियन्त्रणमा प्रभावकारीता र स्वास्थ्य संस्थामा सुशासनका औजारको प्रभावकारी उपयोगमा कठिनाइ, स्थानीय तहमा रहेका स्वास्थ्य संस्थामा संस्थागत तथा व्यवस्थापकीय क्षमता सुदृढ गर्नु आवश्यक, खोप सेवाको लागि कोल्ड चेन व्यवस्थापन र महामारी तथा विशेष अवस्थामा चाहिने बफर स्टक तथा डाईग्नोष्टिक किटको

व्यवस्था सहज तुल्याउनु आवश्यक रहेको छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता अनुसार विभिन्न तहमा सञ्चालित कार्यक्रमको सञ्चालन र अनुगमनमा कठिनाई आदि।

(४) **जनसङ्ख्याको वितरण सन्तुलित तुल्याउनुः** जनसङ्ख्याको असमान वितरण तथा एकतर्फी बसाइँसराइमा वृद्धि हुनु, आन्तरिक बसाइसराइले गर्दा तीव्ररूपमा बढ्दै गएको शहरी जनसङ्ख्याको बढ्दो दवावलाई कम गर्न आवश्यक रहेको छ। परिवार नियोजनका साधनको माग एवम् उपयोग, प्रजनन स्वास्थ्यलाई अधिकारका रूपमा लिने अवस्था सृजना गर्नुका साथै जनसांख्यिक लाभको रुपमा रहेको युवा जनशक्ति विदेशिनबाट रोक्नु, ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्दो क्रममा हुनु, बसाइँ सराइका कारण सामाजिक तथा जनसांख्यिक असन्तुलन जस्ता चुनौती रहेका छन्।

(५) **जलवायु परिवर्तनको असरले स्वास्थ्यमा पार्ने प्रभाव व्यवस्थापन गर्नुः** जलवायु परिवर्तनका कारण स्वास्थ्य क्षेत्रमा थप जटिलता देखा पर्न थालेको छ। गर्मीको अत्यधिक लहर, असामान्य वर्षा, बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का कारण सरुवा रोगको प्रकोप, मानसिक स्वास्थ्यमा असर, पोषण सङ्कट र पानीजन्य रोग वृद्धि भइरहेको छ। विपद् पछिको तत्कालीन स्वास्थ्य सेवा व्यवस्थापन, जोखिम न्युनिकरण तथा पूर्व तयारीको अभाव, र वातावरणजन्य जोखिमलाई ध्यानमा राखी नीति तथा कार्यक्रम विकासमा चुनौती रहेको छ। जलवायु परिवर्तनसँग सम्बद्ध स्वास्थ्य जोखिमको प्रभावकारी व्यवस्थापनका लागि संस्थागत समन्वय, अनुसन्धानमा आधारित योजना, पूर्वतयारीयुक्त पूर्वाधार विकास, र जनचेतनामूलक कार्यक्रम आवश्यक छन्।

## (घ) रुपान्तरणकारी रणनीति

### १. गुणस्तरीय, आधारभूत एवम् विशिष्टिकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गरिनेछः

स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितका लागि उपयुक्त प्रणालीको विकास गरिनेछ। आधारभूत एवम् विशिष्टिकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्न आवश्यक पूर्वाधार विकास तथा जनशक्ति व्यवस्थापन गरिनेछ। आधारभूत सेवा प्रदान गर्नका लागि प्रदेशमा खरिद गरिने तथा अन्य संस्थाबाट आपूर्ति हुने औषधिजन्य सामग्रीको गुणस्तर परिक्षणको व्यवस्था गरिनेछ। प्रत्येक परिवारलाई बिमित हुन प्रोत्साहित गरी बिमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। स्वास्थ्य सेवामा सबै नागरिकको सर्वसुलभ पहुँच सुनिश्चित गरी स्वास्थ्य सेवा उपयोगमा वृद्धि गरिनेछ।

२. **स्वास्थ्यका बृहत निर्धारक तत्वको सम्बोधन गरिनेछः**

स्वास्थ्यका निर्धारक तत्वलाई सम्बोधन गर्न संस्थागत तथा नीतिगत व्यवस्था र बहुक्षेत्रीय सहकार्य गरिनेछ। व्यक्तिगत, पारिवारिक तथा सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि स्वस्थ्यकर जीवनशैलीको अभिवृद्धि र व्यवहार परिवर्तनलाई प्रवर्द्धन गरिनेछ। स्वास्थ्य क्षेत्रमा दिगो लगानी सुनिश्चित गरिनेछ। मानसिक तथा नसर्ने रोग रोकथाम तथा नियन्त्रण गर्न स्वास्थ्यका सामाजिक निर्धारकको यथोचित सम्बोधन हुने गरी प्रादेशिक बहुक्षेत्रिय कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ। जनस्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न विषादिको प्रयोग, सडक दुर्घटना, लागु औषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण र सूर्तिजन्य पदार्थ, मदिरा एवम् जनस्वास्थ्यका दृष्टिले हानिकारक वस्तु सम्बन्धमा जनचेतना अभिवृद्धि गरिनेछ।

३. **योग र ध्यानको प्रवर्द्धन तथा आयुर्वेद एवम् वैकल्पिक चिकित्सा पद्धतिको विस्तार गरिनेछः**

योग तथा ध्यानलाई नागरिकको दैनिकी बनाउन विद्यार्थी, कर्मचारी लगायत आम नागिरकलाई योग ध्यानबारे प्रशिक्षित गरिनेछ। सामुदायिक योग हल एवम् खुल्ला व्यायामशाला निर्माण तथा विस्तार गरिनेछ। पोषण व्यवहार तथा जीवनशैली परिवर्तनका लागि समन्वय तथा साझेदारीबाट बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गरिनेछ।

४. **स्वास्थ्य प्रणालीलाई प्रभावकारी बनाईनेछः**

उत्थानशील स्वास्थ्य प्रणाली  विकास गरी सुशासन सुनिश्चितता गरिनेछ। स्वास्थ्य प्रणालीका सम्पूर्ण अवयव सुदृढीकरण गरी स्वास्थ्य क्षेत्रमा सुशासन कायम गरिनेछ। स्वास्थ्य क्षेत्रको विकासमा साझेदारी तथा सहकार्यमा अभिवृद्धि गरिनेछ। समग्र स्वास्थ्य क्षेत्रको सबलीकरणमा अन्तरसरकार, निजी क्षेत्र र विकास साझेदार संस्थासँग सहकार्यको अभिवृद्धि गरिनेछ। स्वास्थ्यमा संलग्न मानव संशाधनको जिम्मेवारी विश्लेषण तथा आवश्यकता पहिचान गरी थप एवम् नयाँ कार्यजिम्मेवारी सहित आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ। स्वास्थ्य क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न आयोजना तथा क्रियाकलापमा हुने दोहोरोपना हटाइ श्रोत साधनको उच्चतम उपयोग गरिनेछ। स्वास्थ्य अनुसन्धानमा विश्वविद्यालय तथा प्राज्ञिक क्षेत्रसँग सहकार्य गर्दै स्वास्थ्यसम्बन्धी निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाइनेछ।

**५. स्वास्थ्य क्षेत्रमा दिगो लगानी तथा सामाजिक सुरक्षा प्रवर्द्धन गरिनेछः**

बजेट विश्लेषण तथा सार्वजनिक खर्चको लेखाजोखा गरी स्वास्थ्य क्षेत्रमा हुने लगानी तथा खर्चको अनुगमनका आधारमा कम्तीमा दश प्रतिशत बजेट विनियोजन सुनिश्चित गरिनेछ। निजी स्वास्थ्य संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाको वैज्ञानिक मूल्य निर्धारण गरी लागु गरिनेछ। कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तर्गत निजी क्षेत्रलाई स्वास्थ्यमा लगानी गर्न प्रेरित गरिनेछ।

**६. पोषणमैत्री जीवनशैली मार्फत जनस्वास्थ्य प्रवर्द्धन गरिनेछः**

गुणस्तरीय र स्वस्थकर खाद्य वस्तुको पहुँच र उपयोगमा वृद्धि गरिनेछ। कुपोषण न्यूनीकरणका लागि स्वस्थ व्यवहार प्रवर्द्धन गरिनेछ। पोषण-विशेष तथा पोषण-संवेदनशील सेवाहरूको पहुँच र उपभोग बढाई स्वास्थ्य व्यवहारमा सुधार ल्याइनेछ। अस्वस्थकर खाद्य पदार्थ, तयारी पेय पदार्थ, ट्रान्स फ्याट, प्रशोधित खाना आदिको बजारीकरणलाई नियमन गरी उपभोग निरुत्साहित गर्ने र गुणस्तर नियन्त्रण गरिनेछ। जीवन चक्रको अवधारणा अनुसार महिला, बालबालिका, किशोरकिशोरी र ज्येष्ठ नागरिकको पोषण स्थितिको लेखाजोखा गरिनेछ। सुर्तीजन्य, मदिरा, रासायनिक पदार्थ, विषादि तथा अखाद्य वस्तु मिसावट र प्रयोगलाई नियन्त्रण तथा नियमन गरिनेछ। नसर्ने रोगको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम, नियन्त्रण तथा निवारण कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ। प्रदेश भित्र पर्यटन वृद्धि हुने अभिप्रायले शरीर शुद्धीकरणका लागि पन्चकर्म, योग एवम् अभ्यङ्ग (मालिस), स्नेहन (शिरोधारा), स्वेदन (औषधीय वाफ, सौना) आदि सेवा प्रदान गर्ने गरी पञ्चकर्म तथा योग केन्द्र सञ्चालन गरिनेछ।

**७. बौद्धिक जनशक्तिलाई आकर्षण गर्न उपयुक्त परिवेश र अवसर तयार गरिनेछः**

बौद्धिक विकास र उपयोगको लागि अनुकूल अध्ययन तथा अनुसन्धान र व्यावसायिक विकासका तुलनात्मक लाभका अवसर सिर्जना गरी बौद्धिक जनशक्ति आकर्षणको वातावरण तयार गरिनेछ। बौद्धिक पलायन रोक्न र पलायन भइसकेको बौद्धिक जनशक्तिलाई पुनःस्थापित गर्न अन्तरसरकार एबम् अन्य सरोकारवालासँग साझेदारी तथा सहकार्य गरिनेछ। सीपको वगीकृत विवरण सहितको जनसङ्ख्या व्यवस्थापन तथ्याङ्कीय प्रणालीको विकास गरी वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिको सीप र क्षमता सदुपयोग गर्न सहयोगी वातावरण सृजना गरिनेछ।

८. **जनसांख्यिक लाभांशको लाभ हासिल गर्न समग्र विकास प्रकृयामा जनसांख्यिक सवाललाई आन्तररिकीकरण एवम् मूलप्रवाहीकरण गरिनेछः**

योजना तर्जुमा तथा कार्यान्वयन चरणमा जनसांख्यिक लाभको उच्चतम उपयोग गर्ने सवाललाई प्राथमिकताका साथ समावेश गरिनेछ। सक्रिय जनशक्तिलाई आर्थिक सामाजिक क्षेत्रको विकासमा योगदान पुऱ्याउनेतर्फ परिचालन गर्न उत्प्रेरित गरिनेछ। तुलनात्मक लाभका क्षेत्रमा व्यवसाय सञ्चालन तथा रोजगारीका अवसरहरु उपलब्ध हुने वातावरण तयार गरिनेछ।

## (ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम

विशेषज्ञ तथा विशिष्टीकृत सेवा विस्तार कार्यक्रम

१. क्यान्सर, हृदय तथा मृगौला रोगका विशिष्टीकृत अस्पतालको स्थापना,
२. मातृशिशु, महिला तथा बाल अस्पताल निर्माण,
३. प्रदेशस्तरीय अस्पताल निर्माण,
४. उच्च भेगीय रोग व्यवस्थापन प्रशिक्षण केन्द्र स्थापना,
५. फिजियोथेरापी र पुनःस्थापना केन्द्र सञ्चालन,
६. विशेषज्ञ चिकित्सक परिचालन,
७. विशेषज्ञ घुम्ती सेवा सञ्चालन।

आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा पहुँच विस्तार कार्यक्रमः

१. विस्तारित स्वास्थ्य सेवा (एक चिकित्सक/स्वास्थ्यकर्मी-एक स्वास्थ्य संस्था) कार्यक्रम,
२. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको विस्तार,
३. प्रादेशिक आपतकालीन स्वास्थ्य केन्द्र सुदृढीकरण,
४. विपद् संवेदनशील प्राथमिक उपचार कक्ष निर्माण तथा विस्तार,
५. स्वास्थ्य बिमा कार्यक्रम,
६. सामाजिक सुरक्षा एकाइ सुदृढीकरण,
७. आमा प्रतिक्षा गृह निर्माण,
८. प्रदेश अस्पतालमा चिकित्सक सहितको आँखा उपचार सेवा विस्तार,
९. क्षयरोग निदान तथा उपचार कार्यक्रम,
१०. अत्यावश्यक औषधीको व्यवस्थापन,

११. आकस्मिक कोष सुदृढीकरण,
१२. एम्बुलेन्स सेवा कार्यक्रम,
१३. विद्यालय नर्स कार्यक्रम।

गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम:

१. स्वास्थ्य क्षेत्र सुशासन प्रवर्द्धन कार्यक्रम,
२. स्वास्थ्य संस्था डिजिटलाइजेसन (कागजरहित स्वास्थ्य सेवा) कार्यक्रम,
३. संस्थागत स्मृति प्रणाली (Institutional Memory) को विकास,
४. चिकित्सकीय सम्परीक्षण (Clinical Audit) प्रणाली विकास,
५. निरन्तर पेशागत विकास कार्यक्रम (Continuing Professional Development),
६. औषधी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना।

स्वास्थ्यका निर्धारक तत्वहरूको प्रतिकूल प्रभाव न्यूनीकरण कार्यक्रम:

१. जुनोटिक रोग तथा प्रतिजैविक प्रतिरोध न्यूनीकरण,
२. एक स्वास्थ्य अवधारणा कार्यक्रम,
३. जनस्वास्थ्य सचेतना कार्यक्रम मार्फत मानसिक तथा नसर्ने रोग रोकथाम तथा नियन्त्रण,
४. एक स्थानीय तह एक मनोपरामर्शदाता कार्यक्रम,
५. सङ्गीतको माध्यमबाट स्वास्थ्य शिक्षा, सूचना तथा जनजागरण कार्यक्रम,
६. जलवायु परिवर्तनबाट हुने स्वास्थ्य असर न्यूनीकरण,
७. खानेपानी गुणस्तर सुधार तथा पानीजन्य रोगको निगरानी,
८. स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन, विषादीको प्रयोग न्यूनीकरण तथा माटो र पोषणको अन्तरसम्बन्ध सम्बन्धी सचेतना कार्यक्रम,
९. सडक दुर्घटना न्यूनीकरणका लागि पैरवी।

आयुर्वेद, योग तथा वैकल्पिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम:

१. आयुर्वेद तथा योग शिक्षा कार्यक्रम अर्थात आयुर्वेद चिकित्साको विकास तथा विस्तार,
२. सामुदायिक योग तथा व्यावसायिक योग कार्यक्रम र आयुर्वेद स्वास्थ्य संस्था स्तरोन्नति,
३. एक स्थानीय तह एक आयुर्वेद सेवा केन्द्र कार्यक्रम,
४. प्रादेशिक आयुर्वेद औषधी उत्पादन कार्यक्रम,

५. स्वास्थ्य प्रवर्द्धनका लागि जिम्मेवार नागरिक कार्यक्रम,
६. स्वस्थ्य जीवनशैली तथा स्वस्थ नागरिक अभियान,
७. नागरिक आरोग्यता कार्यक्रम र योग केन्द्र तथा खुल्ला व्यायामशाला स्थापना।

उत्थानशील स्वास्थ्य प्रणालीको विकास कार्यक्रमः

१. स्वास्थ्य निकाय तथा संस्थाको सांगठनिक र व्यवस्थापकीय सर्वेक्षण,
२. स्वास्थ्य क्षेत्र पूर्वाधार विकास एवम् अस्पताल स्थापना तथा स्तरोन्नति,
३. मानव संसाधन व्यवस्थापन; स्वास्थ्यजन्य उपकरण र अन्य सामग्रीको आवश्यकता, उपलब्धता र सञ्चालनको अवस्था विश्लेषण तथा नियमित निरीक्षण पद्धतिको विकास,
४. गुणस्तरीय स्वास्थ्य अनुसन्धान प्रवर्द्धन,
५. खोप कार्यक्रम सबलीकरण एवम् स्वास्थ्य सम्बन्धी कार्यक्रम मूल्याङ्कन,
६. स्वास्थ्य सुधारमा व्यावसायिक सामाजिक उत्तरदायित्व प्रवर्द्धन।

पोषण व्यवहार तथा जीवनशैली परिवर्तन कार्यक्रमः

१. पोषण तथा स्वस्थ आहार सचेतना,
२. कुपोषण न्यूनीकरणका लागि स्वस्थ व्यवहारको प्रवर्द्धन,
३. पोषण - विशेष तथा पोषण-संवेदनशील कार्यक्रम।

सबल जनसङ्ख्या सूचना व्यवस्थापन प्रणाली र अनुसन्धानः

१. नागरिक पञ्जीकरण र तथ्याङ्क प्रणाली सुदृढीकरण,
२. स्वास्थ्य संस्था तथा नागरिक पञ्जीकरण र तथ्याङ्क प्रणालीबीच आवद्धता गराई जन्म र मृत्यु को विवरण अद्यावधिक गर्ने,
३. आन्तरिक र बाह्य बसाइँसराइको सूचना स्थानीय तहमा सङ्कलनका लागि सूचना व्यवस्थापन प्रणालीको विकास,
४. जनसङ्ख्या सूचना व्यवस्थापन प्रणालीको स्थापना।

जनसाङ्ख्यिक लाभ र संक्रमणकालीन अवस्थाको व्यवस्थापनः

१. लैङ्गिक समता सुनिश्चित गरी आय-आर्जनका क्रियाकलापहरू प्रवर्द्धन,

२. ज्येष्ठ नागरिकहरूको शारिरीक, मानसिक तथा आध्यात्मिक स्वास्थ्य प्रवर्द्धन,
३. अल्पसंख्यक समूह लक्षित स्वास्थ्य शिक्षा र आय-आर्जनका क्रियाकलाप सञ्चालन,
४. जनसङ्ख्या र बसाइँसराइ व्यवस्थापनको कार्ययोजना तयारी।

**(च) दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयनसँगको आवद्धता**

यस मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा स्वास्थ्य तथा पोषणसँग सम्बन्धित रुपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमबाट प्रादेशिक विकास तथा रुपान्तरणका १४ प्राथमिक क्षेत्र मध्ये सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभका लागि प्रत्यक्ष योगदान पुर्‍याउनेछ। नेपालको संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य सेवामा समान पहुँचलाई मौलिक हकका रुपमा स्थापित गरेको सन्दर्भमा गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८ ले दिशानिर्देश गरेनुसार गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सर्वव्यापी पहुँच कायम गर्दै अन्तराष्ट्रिय प्रतिवद्धता कार्यान्वयन र स्वास्थ्य क्षेत्रका समस्या तथा चुनौतीलाई सम्बोधन गर्न तथा गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच कायम गर्न यसले सहयोग गर्नेछ।

**(छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता**

गण्डकी प्रदेशमा शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा ८ वटा, पाँच वर्ष मुनिको बाल मृत्युदर २३ (प्रति हजार जीवित जन्ममा), पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर १९.७ प्रतिशत र दक्ष प्रसुतिकर्मीको सहयोगमा भएको जन्म दर ८९ प्रतिशत रहेको छ। मातृ मृत्युको सन्दर्भमा भने नेपालमा मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा १५१ रहेकोमा गण्डकी प्रदेशमा हाल १६१ रहेको छ। पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर सन् १९९६ र २०२२ को अवधिमा ५७ प्रतिशतबाट घटेर २५ प्रतिशतमा पुगेको छ भने गण्डकी प्रदेशमा २९ प्रतिशतबाट घटेर १९.७ रहेको छ र सन् २०३० सम्म १ मा झार्ने महत्वाकांक्षी लक्ष्य रहेको छ।

**(ज) त्रिवर्षीय नतिजा सूचक**

स्वास्थ्य मन्त्रालयले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

## तालिका १९: स्वास्थ्य मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्म) | जना | १०० | ९० | ८० | ७० | ६० |
| २ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म | जना | ६ | ६ | ५ | ४ | ३ |
| ३ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | २२ | २० | १८ | १७ | १५ |
| ४ | स्वास्थ्यमा हुने व्यक्तिगत व्ययभार | प्रतिशत | ५९.३ | ५५ | ५० | ४८ | ४५ |
| ५ | स्वास्थ्य संस्था मार्फत् प्रसूति सेवा लिने महिला | प्रतिशत | ७५ | ९० | ९२ | ९४ | ९५ |
| ६ | डि.पि.टि. हिब.हेप बी. तेश्रो खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | ७६ | ९० | १०० | १०० | १०० |
| ७ | दादुरा रुबेला पहिलो खोप प्राप्त गर्न बालबालिका | प्रतिशत | ८० | ९० | ९५ | १०० | १०० |
| ८ | पुर्ण खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० |
| ९ | पहिचान भएका क्षयरोगी मध्ये उपचारको सफलता | प्रतिशत | ९१ | ९३ | ९५ | ९६ | ९७ |
| १० | नयाँ एच.आइ.भी. संक्रमित वार्षिक सङ्ख्या | सङ्ख्या | १५६ | १५० | १४५ | १५० | १३० |

*स्रोतः स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश*

### (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

स्वास्थ्य मन्त्रालयको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार रहेको छः

## तालिका २०: स्वास्थ्य मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | १७१२०३१ | २०९७९१४ | २७४६०२३ | ३०९८१८३ | ३१९०७३६ |
| | पूँजीगत | ४०८२८३ | ४०८४३५ | ५६६४६१ | ५६४१९१ | ५९१३४९ |

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | **जम्मा** | **२१२०३१४** | **२५०६३४९** | **३३१२४८४** | **३६६२३७४** | **३७८२०८५** |
| **स्रोत** | प्रदेश सरकार | १२६४८५८ | १८१८८६४ | २०६००६४ | २३३८६१७ | २४०८३५८ |
| | वितीय समानीकरण | ३३९९८० | - | ३६८००० | ३९४४९६ | ४१६५८८ |
| | सशर्त | ४६९७४६ | ५४१३८५ | ७२४०२० | ७६०८४१ | ७८३६६६ |
| | समपूरक | - | - | - | - | - |
| | विशेष | ४५७३० | १४६१०० | १६०४०० | १६८४२० | १७३४७३ |
| | **जम्मा** | **२१२०३१४** | **२५०६३४९** | **३३१२४८४** | **३६६२३७४** | **३७८२०८५** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

### (ञ) सम्भाव्य जोखिम पक्ष

निर्देशिका, कार्यविधि, मापदण्डको व्यवस्था समयमै हुने, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुने र स्थानीय तहको सहभागिता आवश्यक मात्रामा भएको हुने अनुमान गरिएको छ। उल्लेखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिन्छ।

## ३.६ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

### (क) पृष्ठभूमि

नेपालको संविधानमा उल्लिखित सन्तुलित, समावेशी तथा दिगो विकासको अवधारणा अनुसार सुरक्षित, व्यवस्थित तथा वातावरणमैत्री आवास एवम् पूर्वाधार विकासलाई नागरिकको मौलिक अधिकारसँग आबद्ध गरिएको छ। तीव्र शहरीकरण, विपद् जोखिम, जलवायु परिवर्तन तथा ग्रामीण-शहरी विकासबीचको असन्तुलनलाई मध्यनजर गर्दै राष्ट्रिय नीति, योजना तथा कार्यक्रममार्फत आधुनिक, सुरक्षित तथा दिगो शहरी एवम् ग्रामीण पूर्वाधार विकासमा जोड दिइएको छ। विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण, आधारभूत सेवामा पहुँच विस्तार, स्थानीय सडक सञ्जाल तथा आवास सुधारमार्फत ग्रामीण क्षेत्रलाई शहरी सुविधासँग जोड्ने लक्ष्य लिइएको छ। त्यसैगरी एकीकृत बस्ती विकास, सडक सञ्जालको अन्तर-आबद्धता तथा डिजिटल यातायात प्रणाली प्रवर्द्धनमार्फत नागरिकको पहुँच अभिवृद्धि गर्ने प्रयास भइरहेको छ। पूर्वाधार विकासलाई आर्थिक, सामाजिक तथा क्षेत्रीय समृद्धिसँग आबद्ध गर्दै नागरिकको जीवनस्तर सुधार, रोजगारी सिर्जना तथा समावेशी विकासलाई प्राथमिकता दिइएको छ। यस सन्दर्भमा शहरी विकास तथा ग्रामीण पूर्वाधारसम्बन्धी कार्यक्रम दिगो विकास तथा समृद्ध समाज निर्माणतर्फ केन्द्रित रहेका छन्।

### (ख) प्रमुख कार्यक्षेत्र

१. **सडक पूर्वाधार विकासः** प्रदेश लोकमार्ग र सहायक मार्गको नीति, कानून तथा मापदण्ड तर्जुमा गरी सडक, पुल र झोलुङ्गे पुल निर्माण, स्तरोन्नति एवम् मर्मत सम्भार,

२. **यातायात व्यवस्थापन र नियमनः** प्रदेशभित्र सवारी साधन दर्ता, चालक अनुमतिपत्र वितरण, सार्वजनिक यातायातको रुट इजाजत, भाडा दर निर्धारण र यातायात सुरक्षा,

३. **शहरी तथा बस्ती विकासः** शहरी विकास योजना तर्जुमा, एकीकृत बस्ती विकास, जनता आवास कार्यक्रम र सुरक्षित बसोबास सम्बन्धी पूर्वाधार निर्माण एवम् व्यवस्थापन,

४. **भवन निर्माण र संहिता कार्यान्वयनः** प्रदेशस्तरका सरकारी कार्यालयको भौतिक व्यवस्थापन, भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिता प्रभावकारी कार्यान्वयन र नियमन,

५. **वैकल्पिक यातायात प्रवद्र्धनः** रज्जुमार्ग, जलमार्ग र अन्य वैकल्पिक यातायात प्रविधिको सम्भाव्यता अध्ययन, प्रवर्द्धन र आयोजना कार्यान्वयन गर्ने।

(ग) **प्रमुख सवाल तथा चुनौती**

१. **सडक सञ्जालको स्तरवृद्धि र समावेशी पूर्वाधारः** जनसङ्ख्याको चाप, अन्तर-आबद्धता र उत्पादन क्षेत्रका आधारमा सडक सञ्जाल विस्तार एवम् स्तरोन्नति, प्रादेशिक सडकको स्पष्ट मापदण्ड तयार नहुनु, सडक संरचनालाई अपाङ्गता, ज्येष्ठ नागरिक र बालबालिका मैत्री बनाउनु तथा सडक पूर्वाधारलाई उत्थानशील र वातावरणमैत्री बनाउनु,

२. **यातायात व्यवस्थापन र डिजिटल सेवा प्रवाहः** यातायात सेवालाई प्रविधिमैत्री, भरपर्दो र सुरक्षित बनाउन सवारी दर्ता, चालक अनुमतिपत्र र रुट इजाजत जस्ता कार्यलाई डिजिटलाइज गर्नु, सार्वजनिक यातायातमा वैज्ञानिक भाडा दर कायम गर्नु, निजी सवारीको निर्भरता घटाउन गुणस्तरीय मास ट्रान्सपोर्टको व्यवस्था गर्नु,

३. **एकीकृत बस्ती तथा व्यवस्थित शहरीकरणः** भौगोलिक जटिलता र विपद् जोखिमको अध्ययन बिना भइरहेको अव्यवस्थित शहरीकरणलाई नियन्त्रण गरी योजनाबद्ध र एकीकृत बस्ती विकास गर्नु, जग्गा प्राप्तिको कानूनी अड्चनलाई सम्बोधन गर्दै सुकुम्बासी बस्ती व्यवस्थापन, जोमियुक्त बस्ती स्थानान्तरण र स्याटेलाइट सिटीको पूर्वाधार निर्माण गर्नु।

४. **वैकल्पिक र आधुनिक यातायात सेवा विस्तारः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारिक केन्द्रलाई छोटो सडक मार्ग, सुरुङ मार्ग वा रेलमार्गले जोड्नका लागि आवश्यक पर्ने ठूलो लगानी र स्रोत साधनको व्यवस्थापन गर्नु यस क्षेत्रको महत्त्वपूर्ण चुनौती हो।

५. **तहगत समन्वय र स्रोतको प्रभावकारी उपयोगः** योजना तर्जुमा र कार्यान्वयनको क्रममा संघ, प्रदेश र स्थानीय तहबीच क्षेत्राधिकार र आपसी तादाम्यता कायम गर्नु, आयोजनाको बढ्दो माग र आवश्यकताको तुलनामा स्रोत साधनको प्राथमिकीकरण गर्नु, जग्गा अधिग्रहण र मुआब्जा वितरण प्रक्रियालाई सरल बनाउनु तथा निर्माण व्यवसायीको क्षमता अभिवृद्धि गरी पूर्वाधार विकासको लागत र समय घटाउनु चुनौतीपूर्ण कार्यहरू हुन्।

(घ) **रूपान्तरणकारी रणनीति**

१. **एकीकृत पूर्वाधार नीति र योजना व्यवस्थापनः** पूर्वाधार विकासका प्रयासमा अन्तर-आबद्धता कायम गर्न एकीकृत प्रादेशिक पूर्वाधार नीति तथा मापदण्ड तर्जुमा गरी कडाइका साथ पालना गरिनेछ।

२. **उत्थानशील र समावेशी सडक सञ्जाल विस्तारः** सडक पूर्वाधारलाई दिगो र वातावरणीय रूपमा सुरक्षित बनाउन हरित, उत्थानशील र समावेशी अवधारणा अवलम्बन गरिनेछ। स्थानीय तहका केन्द्रलाई राष्ट्रिय सडक सञ्जालमा जोड्दै प्रदेश लोकमार्ग र सहायक मार्गको नियमित मर्मत-सम्भार र स्तरोन्नति गरी सडक यातायातलाई बाह्रै महिना सञ्चालन योग्य र सुरक्षित बनाइनेछ।

३. **आधुनिक तथा वैकल्पिक यातायातको प्रवर्द्धनः** सडक पुग्न नसक्ने दुर्गम तथा पर्यटकीय क्षेत्रमा केबलकार, रज्जुमार्ग र जलमार्ग जस्ता वैकल्पिक यातायात प्रणालीको सम्भाव्यता अध्ययन र विकास गरिनेछ। सुरुङ मार्ग, फ्लाइओभर र ओभरपास जस्ता नवीन प्रविधिको प्रयोग बढाउँदै पूर्वाधार निर्माणमा सार्वजनिक-निजी साझेदारी र वैदेशिक लगानीलाई आकर्षित गरिनेछ।

४. **डिजिटल यातायात व्यवस्थापन र हरित ऊर्जा उपयोगः** यातायात सेवालाई प्रविधिमैत्री र यात्रुमैत्री बनाउन सवारी दर्ता, नवीकरण र अनुमतिपत्र वितरण जस्ता कार्यलाई पूर्णतः डिजिटलाइज गरिनेछ। पेट्रोलियम पदार्थको निर्भरता घटाउन विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न दर्ता शुल्कमा छुट र चार्जिङ स्टेसनको सँख्या विस्तार गरिनेछ।

५. **योजनाबद्ध शहरीकरण र एकीकृत बस्ती विकासः** भौगोलिक जटिलता र विपद् जोखिमको अध्ययनका आधारमा एकीकृत बस्ती विकास, शहरी पूर्वाधारलाई अपाङ्गता, ज्येष्ठ नागरिक र बालबालिका मैत्री बनाउँदै पर्वत मेगासिटी र व्यवस्थित बजार केन्द्रको विकास मार्फत सन्तुलित प्रादेशिक विकास सुनिश्चित गरिनेछ।

## (ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम

१. **प्रादेशिक सडक सञ्जाल विस्तार तथा स्तरोन्नतिः** नारायणी करिडोर र शालिग्राम करिडोर सडक निर्माण तथा विस्तार गर्ने, र सबै स्थानीय तहका केन्द्रलाई पक्की सडक सञ्जाल (कालोपत्रे) ले जोड्ने कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। बाह्रै महिना सञ्चालन हुने गरी सडक पूर्वाधारको विकास र मौजुदा संरचनाको नियमित मर्मत-सम्भार गरिनेछ।

२. **सडक तथा झोलुङ्गे पुल निर्माणः** प्रमुख सडकमा पुल तथा कल्भर्ट निर्माण गर्ने र दुर्गम बस्ती तथा बजार केन्द्रलाई जोड्न रणनीतिक सडक पुल र झोलुङ्गे पुलको निर्माण, स्तरोन्नति एवम् मर्मत-सम्भार गरिनेछ।

३. **आधुनिक तथा वैकल्पिक यातायात पूर्वाधारः** भौगोलिक जटिलता भएका स्थानमा सुरुङ मार्ग निर्माणको सम्भाव्यता अध्ययन र नवीन प्रविधिमा आधारित सडक तथा पुल निर्माण गरिनेछ। सडक पुग्न नसक्ने पर्यटकीय र धार्मिक क्षेत्रमा रज्जुमार्ग र केबलकार जस्ता वैकल्पिक यातायात प्रणालीको विकासमा सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गरिनेछ।

४. **डिजिटल यातायात व्यवस्थापन र सेवा प्रवाहः** यातायात क्षेत्रको सेवालाई पूर्णतः डिजिटलाईज गर्दै अनलाइन भुक्तानी प्रणाली, सवारी दर्ता र सवारी चालक अनुमतिपत्र छपाइका लागि आवश्यक प्रादेशिक पूर्वाधार निर्माण तथा सुदृढीकरण गरिनेछ।

५. **हरित ऊर्जा र विद्युतीय सवारी साधन प्रवर्द्धनः** विद्युतीय सवारी साधन खरिद र सञ्चालनका लागि कर छुट तथा अन्य प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६. **योजनाबद्ध शहरीकरण र मेगासिटी विकासः** व्यवस्थित शहर र बस्ती विकासका लागि स्याटेलाइट सिटी र पर्वत मेगासिटी (बागलुङ, कुश्मा र बेनी नगरपालिकासहितको क्षेत्र) को अवधारणा कार्यान्वयन गरिनेछ। शहरी क्षेत्रमा खानेपानी, ढल र सञ्चार जस्ता पूर्वाधारका लागि एकीकृत युटिलिटी करिडोर निर्माण गरिनेछ।

७. **एकीकृत बस्ती तथा आवास विकासः** जोखिमयुक्त र छरिएका बस्तीलाई स्थानान्तरण गरी एकीकृत बस्ती विकास र बस्ती एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै, अति-विपन्न, सीमान्तकृत समुदाय र सुकुम्बासीका लागि विशेष सामाजिक आवास निर्माण कार्यक्रम कार्यान्वयन गरिनेछ।

८. **यातायात सुरक्षा र वैज्ञानिक व्यवस्थापनः** सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक पूर्वाधार सुधार, वैज्ञानिक भाडा दर निर्धारण र सार्वजनिक यातायातमा गुणस्तरीय मास ट्रान्सपोर्ट प्रणालीको विकास एवम् सुदृढीकरण गरिनेछ।

### (च) दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता

दोस्रो पञ्चवर्षीय योजनाले अङ्गीकार गरेको हरित, उत्थानशील र समावेशी अवधारणाले दिगो विकास लक्ष्य हासिल गर्न मद्दत गर्दै वातावरणमैत्री र विपद् प्रतिरोधी पूर्वाधार निर्माणमा जोड दिईनेछ। रणनीतिक सडक सञ्जालको विस्तार तथा नारायणी र शालिग्राम करिडोर जस्ता आयोजनाले उत्पादन क्षेत्र र बजार केन्द्रबीच अन्तर-आबद्धता सुदृढ गरी कृषि, पर्यटन र उद्योगको विकासमार्फत प्रदेशको आर्थिक वृद्धि र आत्मनिर्भरतामा टेवा पुऱ्याउनेछन्।

त्यसैगरी, पर्वत मेगासिटी र स्याटेलाइट सिटी जस्ता योजनाबद्ध शहरीकरणका कार्यक्रमले अव्यवस्थित बसाइँसराइ रोक्न र शहरी सेवा-सुविधाको पहुँचलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्नेछन्। अति विपन्न, सीमान्तकृत र जोखिममा रहेका समुदायका लागि लक्षित विशेष सामाजिक आवास निर्माणले आवासको हक सुनिश्चित गर्दै सामाजिक न्यायको क्षेत्रमा योगदान दिनेछ। यातायात सेवाको पूर्ण डिजिटलाइजेसन र प्रविधिमैत्री सेवा प्रवाहले सार्वजनिक यातायातलाई यात्रुमैत्री बनाउनुका साथै सुशासन र पारदर्शी कार्यप्रणालीको विकासमा ठोस योगदान पुर्याई प्रदेशको समग्र आर्थिक-सामाजिक रूपान्तरणको आधारशिला तयार गर्नेछ।

## (छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

हरित, उत्थानशील र समावेशी अवधारणाले दिगो विकासको लक्ष्य ९ (उद्योग, नवीन खोज र पूर्वाधार) लाई बल पुऱ्याउनेछ भने यातायात क्षेत्रको डिजिटलाइजेसनले प्रविधिमा पहुँच र सुशासन बढाउनेछ। व्यवस्थित सडक सञ्जालले ३० मिनेटको दूरीमा स्वास्थ्य पहुँच पुर्‍याई लक्ष्य ३ (सुस्वास्थ्य र समृद्ध जीवन) हासिल गर्न मद्दत गर्नेछ। विद्युतीय सवारी साधन र चार्जिङ स्टेसनको विस्तारले लक्ष्य ७ (किफायती र स्वच्छ ऊर्जा) र १३ (जलवायु सम्बन्धी कार्य) मा योगदान पुऱ्याउनेछ। साथै, स्याटेलाइट सिटी र एकीकृत बस्ती विकासले लक्ष्य ११ (दिगो शहर र समुदाय) लाई सम्बोधन गर्नेछ। अति-विपन्नका लागि लक्षित विशेष सामाजिक आवास कार्यक्रमले लक्ष्य १ (गरिबीको अन्त्य) र १० (असमानता न्यूनीकरण) कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

## (ज) त्रिवर्षीय नतिजा सूचक

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

**तालिका २१: भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक**

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | सडकको (पक्की र ग्राभेल) कुल लम्बाई | कि.मी | १९०३ | २१६० | २५०० | २९५० | ३५०० |
| २ | पक्की सडकको लम्बाई | कि.मी | ११४७ | १३०० | १५०० | १७५० | २००० |
| ३ | ग्राभेल सडकको लम्बाई | कि.मी | ७५६ | ८६० | १००० | १२०० | १५०० |
| ४ | सडक पुल | सङ्ख्या | ११७ | १३० | १४५ | १६० | १८० |
| ५ | झोलुङ्गे पुल | सङ्ख्या | ८७ | १९५ | २१० | २३० | २५० |
| ६ | भवन निर्माण | सङ्ख्या | ३० | ३३ | ३७ | ४५ | ५० |

*स्रोतः भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश*

## (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार छः

तालिका २२: भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | ३०९५२६ | ४०७८६० | ५६५८३१ | ५६०४२९ | ५७७१४३ |
| | पूँजीगत | ९४१५१९३ | ८६२९३९८ | ११४०३८९७ | ११९५६८८८ | १२५२४४४० |
| | **जम्मा** | **९७२४७१९** | **९०३७२५८** | **११९६९७२८** | **१२५१७३१७** | **१३१०१५८३** |
| स्रोत | प्रदेश सरकार | ५८४७९६३ | ७११०३८ | ३९७४६७३ | ३९३३२९२ | ४०५०५८९ |
| | वितीय समानीकरण | २७६७९७३ | ७०७७२२४ | ६४२०२५५ | ६८८२५१३ | ७२६७९३४ |
| | सशर्त | ३७३९८१ | ८४५६७५ | १०२०२०० | १०९१४५२ | ११२४१९५ |
| | समपूरक | ७३४८०२ | ४०३३२१ | ५५४६०० | ६१००६० | ६५८८६५ |
| | विशेष | – | – | – | – | – |
| | **जम्मा** | **९७२४७१९** | **९०३७२५८** | **११९६९७२८** | **१२५१७३१७** | **१३१०१५८३** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

### (ञ) सम्भाव्य जोखिम पक्ष

स्वीकृत खरिद गुरुयोजना तथा सिर्जित दायित्वअनुसार बजेट व्यवस्थापन हुन नसक्नु, निर्माण सामग्री तथा स्रोत-साधन समयमै उपलब्ध हुन नसक्नु जस्ता वित्तीय तथा स्रोतगत चुनौती रहन सक्नेछन्। त्यसैगरी आवश्यक पूर्वतयारी विना आयोजना कार्यान्वयनमा जानु, दक्ष जनशक्तिको अभाव रहनु तथा निजी क्षेत्रको व्यावसायिक क्षमता अपेक्षाअनुसार वृद्धि हुन नसक्नुले प्राविधिक तथा व्यवस्थापकीय समस्या सिर्जना गर्न सक्नेछ। जग्गा अधिग्रहण तथा मुआब्जा वितरणमा जटिलता आउनु, वातावरणीय अध्ययन प्रक्रियामा ढिलाइ हुनु तथा तीन तहका सरकारबीच क्षेत्राधिकार र समन्वयमा समस्या देखिनुले आयोजना कार्यान्वयन प्रभावित हुन सक्नेछ। साथै जलवायु परिवर्तनका कारण बाढी, पहिरो लगायतका विपद्बाट भौतिक संरचनामा आकस्मिक क्षति पुग्न सक्ने जोखिम समेत रहनेछ।

## ३.७ उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

### (क) पृष्ठभूमि

प्रदेश भित्र अपार जलस्रोतको उपलब्धता हुँदाहुँदै पनि समयानुकूल उपयोग हुन सकेको छैन। जलविद्युत, सिँचाइ, खानेपानी, औधौगिक र पर्यटकीय प्रयोजनमा यसको भरपुर उपयोग गरी जलस्रोतलाई प्रदेश सम्वृद्धिको प्रमुख आधारको रुपमा स्थापित गर्नुपरेको छ। प्रदेशमा २०८२ फाल्गुनसम्म ११७४ मे.वा. विद्युत उत्पादन हुन्छ। प्रदेशमा राष्ट्रिय प्रसारण लाईन तथा नवीकरणीय ऊर्जा मार्फत बत्ती बाल्नलाई आधुनिक ऊर्जाको प्रयोग गर्ने घरधुरी ९९.८० प्रतिशत पुगिसकेको छ र अझै २ वटा स्थानीयतह (नर्पाभुमी र चुमनुब्री) मा राष्ट्रिय विद्युत् प्रसारण लाइन पुग्न सकेको छैन। विद्युत वितरण सम्बन्धी पूर्वाधारको अभावले गर्दा प्रदेश भित्र औधोगिक प्रयोजनलाई चाहिने आवश्यक विद्युत सुविधा धेरै ठाउँमा उपलब्ध हुन सकेको छैन।

जलस्रोतको दिगो उपयोग गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न एवम् सिँचाइ प्रणालीको निर्माण तथा जल उत्पन्न प्रकोप व्यवस्थापन गर्न प्रदेश सिँचाइ ऐन तथा तत्सम्बन्धी नियमावली, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन भैरहेको छ। प्रदेश सरकारको पहलमा आर्थिक वर्ष २०८१/८२ सम्म आधुनिक सिंचाइको पूर्वाधार विस्तार भएको जमिन ७,६५२ हेक्टर पुगेको छ भने कुल १३७.९७ किलोमिटर तटबन्धन निर्माण र ३४०३.७५ हेक्टर क्षेत्रमा जग्गा उकासको कार्य भएको छ। प्रदेशमा आधारभूत खानेपानी सुविधा प्राप्त जनसङ्ख्या करिब ९५ प्रतिशत रहेकोमा मध्यम र उच्चस्तरको खानेपानी सुविधा प्राप्त जनसङ्ख्या जम्मा २५ प्रतिशत रहेको छ।

### (ख) प्रमुख कार्यक्षेत्र

१. ऊर्जा विद्युत, सिंचाइ, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति कानून, मापदण्ड गुरुयोजना तथा आयोजना निर्माण, कार्यान्वन सञ्चालन, मर्मतसम्भार समन्वय र नियमन,

२. ऊर्जा, विद्युत, सिंचाइ तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,

३. राष्ट्रिय जलश्रोत नीति र संघीय योजना वमोजिम प्रदेशका नदी तथा सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन र व्यवस्थापन,

४. जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन,

५. जलाधार संरक्षण तथा जलउपयोग नीति तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,

६. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन, जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन,

**(ग) प्रमुख सवाल तथा चुनौती**

१. जलस्रोतको विकास, बहुउपयोग र संरक्षण,

२. विद्युत तथा स्वच्छ ऊर्जाको उपयोग बढाउन बहुउपयोगी परियोजना पहिचान, प्रोत्साहन र विकास,

३. जलस्रोत तथा विद्युतमा निजी, सामुदायिक तथा वैदेशिक लगानी आकर्षण,

४. सिँचाइ सुविधा विकास तथा विस्तार गर्नुः,खेतियोग्य जमिन, बस्ती, भौतिक संरचना, सांस्कृतिक सम्पदा र मानवजन्य जोखिम तथा नोक्सानीका घटना बढ्दै जानु,

५. नदी डाइभर्सन, कृत्रिम ताल, सतह र भूमिगत सिँचाइको संयोजनात्मक उपयोग लगायतका ठुला तथा बहुउद्देश्यीय आयोजना निर्माण र विस्तार,

६. खानेपानी सुविधाको विस्तार तथा गुणस्तर वृद्धि गर्नु आदि।

**(घ) रुपान्तरणकारी रणनीति**

१. जलस्रोत विकासमा एकिकृत प्रणाली अवलम्बन गर्दै जलस्रोत विकास र प्रयोगलाई बहुउद्देश्यीय र नवीन प्रविधिमा आधारित बनाईनेछ,

२. विद्युत उत्पादन, प्रसारण र उपयोग प्रणाली सुदृढिकरण गर्नुका साथै जलस्रोतको दिगो तथा बहुउपयोगलाई प्राथमिकता प्रदान गरिनेछ,

३. सिंचाइ पूर्वाधार बहुउधेश्य आयोजना पहिचान, विकास तथा निर्माण र खानेपानी सुविधाको विस्तार र गुणस्तर अभिवृद्धि गरिनेछ,

४. खानेपानी, सरसफाइ तथा स्वच्छतासम्वन्धी आयोजना व्यवस्थापनमा वैकल्पिक प्रविधि, वित्तीय स्रोत तथा संयन्त्रको परिचालन गरिनेछ,

५. क्रमागत तथा सम्पन्नउन्मुख आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ।

**(ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

<u>एकीकृत जलस्रोत ब्यवस्थापन कार्यक्रम</u>

१. एकीकृत जलस्रोत बिकास आयोजना रणनीति तर्जुमा,

२. बहुउधेश्यीय जलस्रोत विकास आयोजना पहिचान, सम्भाव्यता अध्ययन र विकास,
३. आयोजना निर्माण, सञ्चालन तथा ब्यबस्थापन,
४. नदी बहाब अवरोध संरचना निर्माण आयोजना,
५. जलस्रोत संरक्षण, उपयोग तथा पुनभरण।

विद्युत् उत्पादन तथा सेवा विस्तार कार्यक्रम

१. विद्युत् आयोजना पहिचान, सम्भाव्यता अध्ययन, आयोजना विकास र सञ्चालनमा सहयोग र सहजीकरण,
२. संघीय सरकारसंगको समन्वयमा विद्युत् लाईन विस्तार तथा क्षमता अभिवृद्धि,
३. विद्युत् नपुगेका स्थान तथा घरधुरीमा विद्युत् सेवा विस्तार तथा स्तरोन्नति सहयोग र सहजीकरण,
४. विद्युत उत्पादन, वितरण र संचितिमा नयाँ प्रविधिको प्रयोग एबम् नविनतम बितिय उपकरण अबलम्बन र विद्युत चुहावट नियन्त्रण।

नबिकरणीय ऊर्जा प्रबर्द्धन कार्यक्रम

१. लघु तथा साना जलविद्युत आयोजना निर्माण, स्तरोन्नति, मर्मतसम्भार र राष्ट्रिय प्रसारणमा जडान,
२. सोलार प्रणाली जडान र मर्मतसम्भार तथा सञ्चालन,
३. सुधारिएको तथा विद्युतीय चुल्हो प्रबर्द्धन र विस्तार,
४. सामुदायिक बायोग्याँस प्लान्ट जडान तथा प्रबर्द्धन,
५. बायोग्याँस तथा बायोडिजेल उत्पादन तथा प्रबर्द्धन।

विद्युत उपयोग प्रबर्द्धन कार्यक्रम

१. घरायसी ऊर्जाको रुपमा प्रयोग हुने दाउरा तथा एल. पि. ग्याँस विस्थापनका लागि विद्युतिय चुल्होको प्रयोग,
२. डिजेल तथा पेट्रोलमा आधारित मिल तथा प्लान्टको विस्थापन प्रबिधि तथा प्लान्ट जडानमा सहयोग,
३. विद्युतीय सार्वजनिक तथा निजि सवारी साधनको प्रयोग सहजीकरण तथा प्रोत्साहन।

स्मार्ट सडक बत्ती जडान तथा विस्तार कार्यक्रम

१. प्रदेश सदरमुकाम, जिल्ला सदरमुकाम, स्थानीय तहको प्रशासनिक केन्द्र तथा अन्य सहर, बजार र गाउँ/बस्तीका केन्द्रमा सोलार प्रणाली तथा विद्युत् मा आधारित सडक बत्ती जडानसम्बन्धी सम्भाव्यता अध्ययन,
२. नयाँ प्रबिधिमा आधारित स्मार्ट सडक बत्ती आयोजना विकास तथा निर्माण,
३. स्मार्ट सडक बत्ती विस्तार तथा मर्मतसम्भार।

सिँचाइ सुविधा विस्तार कार्यक्रम

१. सिँचाइ सम्बन्धी नीतिगत तथा कानूनी सुधार,
२. कृषियोग्य जमिनको उपलब्धताको आधारमा सतह, भूमिगत तथा लिफ्ट, नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना पहिचान, सम्भाव्यता अध्ययन तथा विकास निर्माण,
३. सञ्चालित आयोजनाको विस्तार, मर्मत सम्भार तथा स्तरोन्नति।

नयाँ प्रविधिमा आधारित सिँचाइ कार्यक्रम

१. सम्भाव्यताको आधारमा पोखरी, लिफ्ट तथा भूमिगत सिँचाइ,
२. बिना चालू खर्च पानी तान्ने पम्प प्रविधि जस्ता नवीनतम प्रविधिमा आधारित सिँचाइ।

सिँचाइ संरचना तथा सुविधाको संरक्षण तथा दिगो सञ्चालन कार्यक्रम

१. बढी, पहिरो, भूक्षय तथा नदी कटान लगायत प्रकोपबाट जोखिममा रहेका तथा प्रभावित सिँचाइका पूर्वाधार, संरचना तथा सुविधाको पहिचान र नक्सांकन,
२. जैविक तथा इन्जिनियरीङ् प्रविधिबाट संरचना निर्माण, संरक्षण, मर्मतसम्भार तथा पुनःस्थापना।

नदी प्रणाली व्यवस्थापन तथा संरक्षण कार्यक्रम

१. गुरूयोजनामा आधारित प्रमुख नदी प्रणाली व्यवस्थापन,
२. जल उत्पन्न विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन,
३. आपतकालिन बाढी-पहिरो नियन्त्रण,
४. जग्गा उकास कार्यक्रम।

जल तथा मौसम पूर्वानुमान प्रणाली व्यवस्थापन कार्यक्रम

१. जल तथा मौसम पूर्वानुमान आधुनिक प्रणाली तथा प्रविधि जडान, विस्तार तथा स्तरोन्नति,
२. जल तथा मौसम तथ्याङ्क सङ्कलन, विश्लेषण तथा व्यवस्थापन।

जल उपभोक्ता समितिको संस्थागत क्षमाता विकास कार्यक्रम

१. जल उपभोक्ता समितिको संस्थागत सुदृढिकरण,
२. सिँचाइ प्रणाली तथा सेवा शुल्क व्यवस्थापन,
३. तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रम।

गुणस्तरीय खानेपानी पहुँच एवम् सरसफाई सम्बन्धित कार्यक्रम

१. आधारभूतस्तरको खानेपानी पहुँच वृद्धि कार्यक्रम,
२. एक घर एक धारा कार्यक्रम र खानेपानी गुणस्तर सुधार कार्यक्रम,
३. खानेपानी तथा सरसफाइ आयोजनाको मर्मतसम्भार तथा दिगो सन्चालन कार्यक्रम,
४. सार्वजनिक शौचालय निर्माण तथा सन्चालन कार्यक्रम,
५. सांस्कृतिक तथा पुरातात्विक महत्वका मुहान, ढुंगेधारा, पोखरी, तालतलैया, सिमसार क्षेत्र, नदी तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम।

**(च) दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता**

दोस्रो पञ्चवर्षीय योजनामा प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र अन्तर्गत स्वस्छ ऊर्जा जलस्रोत तथा खानेपानी समावेश गरिएको छ। यसैगरी जलस्रोत तथा विद्युतमा निजी, सामुदायिक तथा वैदेशिक लगानी आकर्षित गर्ने प्रमुख सवाल र चुनौती रहेकोमा यसलाई पूरा गर्नका लागि विद्युत् तथा ऊर्जा सम्बन्धी कानूनी व्यवस्था गरी ऊर्जा हेर्ने पर्याप्त जनशक्ति सहित छुट्टै संरचना स्थापना गर्ने लक्ष्य लिइएको छ। प्रदेश सिंचाइ ऐन बनिसकेको अवस्थामा सिंचाइ नियमावली तर्जुमाको चरणमा रहेको छ। दोस्रो पञ्चवर्षीय योजनामा प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र अन्तर्गत स्वस्छ ऊर्जा जलस्रोत तथा खानेपानी समावेश गरिएको छ। प्रदेश खानेपानी ऐन तथा खानेपानी नियमावली जारी गरिएको छ।

## (छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

गण्डकी प्रदेशले दिगो विकास लक्ष्य हासिल गर्न धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने लक्ष्यलाई आत्मसात् गरेको छ। सोही बमोजिम प्रदेश सरकारले राष्ट्रिय प्रसारण लाइन पुऱ्याउन सम्भव हुने स्थानहरूमा नेपाल विद्युत प्राधिकरणसँग समझदारी गरी विद्युत विस्तार कार्य गरिएको छ भने मन्त्रालय तथा अन्तर्गत कार्यालय मार्फत लघु तथा साना जलविद्युत आयोजनाको मर्मत सम्भार तथा राष्ट्रिय प्रसारण लाइन र लघु तथा साना जलविद्युत नभएको स्थानमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरी बत्ती बालिएको छ।

गण्डकी प्रदेशले दिगो विकास लक्ष्य हासिल गर्न सिँचाई योग्य जमिनमा बार्हे महिना सिँचाई सुविधा उपलब्ध गराउने, उत्पादन र उत्पादकत्व बढाउने तथा कृषिको आधुनिकरण/यान्त्रिकरण गर्ने तर्फ कार्यक्रम सञ्चालित छन। आधारभूतस्तरको खानेपानीमा पहुँच वृद्धि तथा खानेपानी गुणस्तर सुधार सम्बन्धी कार्यक्रम सञ्चालित छन्।

## (ज) त्रिवर्षीय नतिजा सूचक

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

**तालिका २३ः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक**

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | विद्युत उत्पादन | मेगावाट | ९९८ | १२०० | १३५० | १५०० | १६५० |
| २ | विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९९.८० | ९९.८० | १०० | १०० | १०० |
| ३ | प्रतिव्यक्ति विद्युत खपत | किलोवाट घण्टा | २७० | ३०० | ३०० | ३७५ | ५०० |
| ४ | संस्थागत सौर्य ऊर्जा प्रणालीबाट विद्युत उत्पादन | किलोवाट पिक | २३७ | २६७ | २५० | २७५ | ३०० |
| ५ | आधुनिक सिँचाई बाट सिंचित क्षेत्रफल | हेक्टर | ६९५११ | ७५००० | ८०००० | ८५००० | ९०००० |
| ६ | बार्हेमहिना सिँचाई सुविधा पुगेको क्षेत्र | हेक्टर | ३४७०१ | ३८००० | ३९००० | ४०००० | ४१००० |

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ७ | निर्माण भएको तटबन्धनको लम्बाई | किलोमिटर | १३७.९७ | १५० | १६५ | १८० | २०० |
| ८ | जग्गा उकास कार्य क्षेत्रफल | हेक्टर | ३४०३.७५ | ३४५० | ४००० | ४२५० | ४५०० |
| ९ | आधारभूत खानेपानी सुविधा प्राप्त जनसङ्ख्या | प्रतिशत | ९५ | ९५.५० | ९६ | ९७ | १०० |
| १० | प्रदेश सरकारबाट निजी धारा जडान भएका घरधुरी | सङ्ख्या | १६३४७० | १७८४७० | १८५००० | १९२००० | २००००० |

*स्रोतः ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश*

### (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोत अनुमान यसप्रकार रहेको छः

**तालिका २४: उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान**

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | २६३२६१ | २९१२८० | ३५६७७१ | ३५३१७१ | ३६३७०४ |
| | पूँजीगत | ३६०४५५९ | ३२६९७७२ | ४४१८४४१ | ४५०२८०१ | ४६५५१९० |
| | **जम्मा** | **३८६७८२०** | **३५६१०५२** | **४७७५२१२** | **४८५५९७२** | **५०१८८९४** |
| स्रोत | प्रदेश सरकार | ५९९०७९ | ३२८३४१२ | ३१६८०१२ | ३१३५०२९ | ३२२८५२१ |
| | वितीय समानीकरण | २७४८९४६ | - | ६३८७०० | ६८४६८६ | ७२३०२८ |
| | सशर्त | २१४८२३ | ८९००० | ७३३५०० | ७८४८०७ | ८०८३५१ |
| | समपूरक | - | - | - | - | - |
| | विशेष | ३०४९७२ | १८८६४० | २३५००० | २५१४५० | २५८९९४ |
| | **जम्मा** | **३८६७८२०** | **३५६१०५२** | **४७७५२१२** | **४८५५९७२** | **५०१८८९४** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

### (ञ) सम्भाव्य जोखिम पक्ष

नेपाल सरकारबाट सशर्त अनुदान सहित प्रदेशलाई हस्तान्तरण भएका कार्यक्रम प्रदेश सरकारको प्राथमिकतामा पर्ने, हाल चालू रहेको संघीय सरकारको विशेष अनुदानमा सञ्चालित खानेपानी, तटबन्ध र सिँचाई आयोजनाले निरन्तरता पाउने, सरकारी संयन्त्र र निर्माण व्यवसायीको क्षमतामा वृद्धि हुने, कुशल आयोजना, खरिद तथा करार व्यवस्थापनबाट निर्माण कार्य समयमै सम्पन्न हुने, सरकारी कामकाजमा  सूचना प्रविधि र नवीनतम प्रविधिको प्रयोग बढ्ने, जलवायु परिवर्तनबाट निम्तिन सक्ने विपद जोखिमको असर र प्रभाव न्यून रहने अनुमान गरिएको छ।

## ३.८ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

### (क) पृष्ठभूमि

नेपालको संविधान अनुसार संघीय शासन प्रणालीमा संघ प्रदेश र स्थानीय तहको व्यवस्था भए अनुसार सात वटै प्रदेशमा विभिन्न मन्त्रालयको स्थापना गर्ने सिलसिलामा गण्डकी प्रदेशमा सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयको स्थापना २०७४ माघ २८ गते भएको हो।

यस मन्त्रालयको मूल उद्देश्य गण्डकी प्रदेशका नागरिकको शिक्षा तथा संस्कृति, श्रम तथा रोजगार, युवा तथा खेलकुद, महिला तथा बालबालिका र जेष्ठनागरिक, अपांगता भएका व्यक्ति लगायत विभिन्न विषयको कानून, नीति नियम, मापदण्ड निर्माण तथा कार्यक्रमको कार्यान्वयनबाट समग्र सामाजिक क्षेत्रको विकास गरी स्वस्थ, शिक्षित, सक्षम र उद्यमशिल नागरिक तयार गरी प्रदेशको विकासमा योगदान गर्दै समाजवाद उन्मुख समृद्ध प्रदेशको निर्माणमा योगदान पुर्‍याउनु हो। सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय स्थापना गर्नुको लक्ष्य देहाय अनुसार रहेको छ।

१. प्राविधिक शिक्षामा जोड दिइ प्रदेशलाई आवश्यक जनशक्ति उत्पादन गरी शैक्षिक बेरोजगारी घटाउने र स्वरोजगार सिर्जना गर्ने,
२. हिंसा रहित समाज निर्माण गर्ने एवम् श्रम शोषण मुक्त समाज स्थापना गर्ने,
३. सिमान्तकृत, अल्पसंख्यक नागरिकहरुलाई संरक्षण गर्ने,
४. भाषा, धर्म, संस्कृति र पुरातत्वको संरक्षण, सम्वर्धन र अभिलेखिकरण गर्ने,
५. युवा शक्तिलाई प्रदेशको विकासमा मुलप्रवाहिकरण गर्ने,
६. सूचना प्रविधिको माध्यमबाट निष्पक्ष, मितव्ययी, पारदर्शी, चुस्त र छरितोरुपमा कार्यसम्पादन गरी समृद्ध प्रदेश निर्माण गर्ने।

### (ख) प्रमुख कार्यक्षेत्र

गण्डकी प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार यस मन्त्रालयलाई शिक्षा, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा तथा संरक्षण, भाषा, संस्कृति, पुरातत्व, श्रम तथा रोजगार र युवा तथा खेलकुदसँग सम्बन्धित विषयको जिम्मेवारी तोकिएको छ। यस मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका विभिन्न विषयको प्रदेशस्तरीय कानून, नीति, मापदण्ड निर्माण गर्नु रहेको छ।

## (ग) प्रमुख सवाल तथा चुनौती

१. गुणस्तरीय, जीवनोपयोगी र व्यवहारिक शिक्षाको अवसर सुनिश्चित गर्नु,
२. श्रम बजारलाई मर्यादित र व्यवस्थित तुल्याउनु एवम् बैदेशिक रोजगारी व्यवस्थित गर्नु,
३. युवा जनशक्तिलाई स्वदेशी श्रम बजारमा आकर्षित गर्नु,
४. लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसा, बिभेद र शोषणको अन्त्य गर्नु,
५. बञ्चितिमा परेका समुदायको मूलप्रवाहीकरण गर्नु,
६. मौलिक कला संस्कृतिको संरक्षण गर्नु,
७. खेल क्षेत्रलाई व्यवसायिक बनाउनु।

## (घ) रुपान्तरणकारी रणनीति

१. सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत, प्रभावकारी र दिगो बनाईनेछ,
२. श्रम क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित तुल्याईनेछ,
३. उत्पादनशिल क्षेत्रमा विप्रेषण परिचालनका लागि सहजिकरण गरिनेछ,
४. गुणस्तरीय शिक्षाका लागि सहकार्य र साझेदारी गरिनेछ,
५. शिक्षालाई समाज, उत्पादन र बजारसँग जोडिनेछ,
६. खेल क्षेत्रको विकासका लागि संस्थागत संरचना र पूर्वाधार विकास गरिनेछ,
७. भाषा, कला, संस्कृति तथा सम्पदाको संरक्षण र सम्बर्द्धनमा सहकार्य तथा साझेदारी गरिनेछ।

## (ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम

१. योगदानमा आधारित सामाजिक सुरक्षा प्रवर्द्धन,
२. बजार मागमा आधारित व्यवसायिक सिप विकास कार्यक्रम,
३. विपदबाट क्षति भएका शैक्षिक पूर्वाधार प्रवलीकरण तथा पुनर्निर्माण,
४. शिक्षा तालिम केन्द्रको सेवा विस्तार,
५. विद्यालयका कर्मचारीको क्षमता विकास तथा अभिभावक शिक्षा कार्यक्रम,
६. मागमा आधारित सीप विकास तालिम तथा सीप परीक्षण तालिम,
७. विद्यालयमा सिक्दै कमाउदै, कमाउँदै सिक्दै कार्यक्रम,
८. खेलाडी सम्मान र प्रोत्साहन कार्यक्रम,
९. जेष्ठनागरिक ज्ञान, सीप तथा अनुभव हस्तान्तरण,
१०. विभेद र कुरीति न्यूनीकरणका लागि अन्तरकृया।

## (च) दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता

दोस्रो पञ्चवर्षीय योजनामा उल्लेखित रूपान्तरणका १४ वटा क्षेत्रमध्ये सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय शिक्षित, सुसँस्कृत तथा सीपयुक्त मानव पुँजी निर्माण मर्यादित श्रमउत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण, सशक्त महिला, समावेशीकरण तथा समानतासँग प्रत्यक्ष सम्बन्धित रहेको छ भने बाँकी क्षेत्रसँग अप्रत्यक्ष सम्बन्धित रहेको छ।

आगामी तीन वर्षमा सञ्चालन गरिने कार्यक्रमले गुणस्तरीय शिक्षाका दश वटा सुचक, युवा तथा खेलकुदका सात वटा सूचक, कला, भाषा, सम्पदा र साहित्यका सात वटा सूचक तथा विज्ञान र प्रविधिका आठ वटा सूचकलाई वढोत्तरी हुनेगरी तय गरिएका छन्। आर्थिक तथा सामाजिक रुपले पछाडि परेको वर्गको संरक्षण, सशक्तीकरण र विकासलाई विशेष महत्व दिईएको छ। महिला तथा अन्य वर्ग (लैङ्गिक तथा यौनिक अल्पसंख्यक), अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, दलित तथा सिमान्तकृत वर्ग र समुदायमा विद्यमान आर्थिक सामाजिक विभेदको अन्त्य गर्ने दिशामा अग्रसर रहेको छ।

## (छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले दिगो विकास लक्ष्य नं. ४ सँग सम्बन्धित गुणस्तरीय शिक्षाको लागि आधारभूत साक्षरता विकास, विद्यालयमा प्रवेश गर्ने विद्यार्थीको खुद भर्नादर बढाउने, विद्यालय बाहिर रहेका विद्यार्थीलाई विद्यालयमा ल्याउने, आधारभूत तथा माध्यमिक तहको भर्नादर बढाउने, विद्यालय शिक्षाको विद्यार्थीको कक्षागत औषत सिकाइ उपलब्धी वृद्धि गर्ने क्रियाकलाप समावेश गरेको छ। गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्नका लागि गण्डकी प्राविधिक शिक्षालयको भौतिक संरचना विकासका क्रियाकलाप समावेश गरेको छ।

त्यस्तै लक्ष्य नं. ५ सँग सम्बन्धित लैङ्गिक समानतामा विद्यालयमा छात्र र छात्राको लैङ्गिक अनुपात एक बनाउने कार्यक्रम समावेश गरेको छ। उच्च शिक्षामा छात्राको पहुँच वृद्धि गर्नका लागि छात्रवृत्ती प्रदान गरेको छ। त्यस्तै लक्ष्य नं. ८ सँग सम्बन्धित मर्यादित रोजगारी र आर्थिक वृद्धिका सम्वन्धमा सीपमुलक शिक्षा आर्जन गरी देशको आर्थिक, सामाजिक विकास गर्न उद्यमशिलता विकासका लागि अनुदान सहयोगका कार्यक्रम राखिएको छ। त्यस्तै, मर्यादित रोजगारी सिर्जनाका लागि योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमह र सीप विकास केन्द्रबाट लामो तथा छोटो अवधिका सीप विकास सम्बन्धी तालिम कार्यक्रमहरु सञ्चालनमा ल्याइएको छ।

### (ज) त्रिवर्षीय नतिजा सूचक

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

**तालिका २५ः सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको त्रिवर्षीय नतिजा सूचक**

| क.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति तथा अभिभावक | सङ्ख्या | ८२० | ८९० | ९५० | १००० | १०५० |
| २ | निःशुल्क लोकसेवा/शिक्षकसेवा आयोग तयारी कक्षा | सङ्ख्या | १०६५ | १३३५ | १५०० | १६०० | १७०० |
| ३ | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | १५१ | १५५ | १६७ | १९० | २०० |
| ४ | वार्षिक १५-२४ वर्ष उमेर समूहको रोजगार र तालिममा संलग्न रहेका युवा सङ्ख्या | हजारमा | २९२ | २९६ | ३०५ | ३१२ | ३२० |
| ५ | राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी | सङ्ख्या | १४०० | १४२५ | १५२५ | १६५० | १७५० |
| ६ | शिक्षण सिकाईमा ईन्टरनेटको पहुँच भएका शैक्षिक संस्थाहरु | प्रतिशत | ७० | ७३ | ७५ | ७७ | ८० |
| ७ | संरक्षण/प्रवर्द्धन गरिएका सम्पदा | सङ्ख्या | ११२ | ११६ | १२० | १२३ | १३० |
| ८ | मासिक औसत १० हजारभन्दा बढी पर्यटकले भ्रमण गर्ने धार्मिक तथा सांस्कृतिक संस्था | सङ्ख्या | ३५ | ३७ | ३९ | ४१ | ४३ |
| ९ | स्थापना भएका संग्रहालय | सङ्ख्या | ७५ | ७८ | ८० | ८२ | ८५ |
| १० | संग्रहालय भ्रमण गर्ने पर्यटक (हजारमा) | सङ्ख्या | ८०० | ८५० | ९०० | ९५० | १००० |

*स्रोतः सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश*

### (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोत अनुमान यसप्रकार रहेको छः

तालिका २६: सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको त्रिवर्षीय **व्यय** तथा स्रोत अनुमान

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | १२३४६०२ | १२९५५२२ | १२३१२४८ | १२५२६५७ | १२९०११९ |
| | पूँजीगत | ५८९५०१ | ६०९७१७ | ९३६७९० | ९३९३६६ | ९६९९४१ |
| | **जम्मा** | **१८२४१०३** | **१९०५२३९** | **२१६८०३८** | **२१९२०२३** | **२२६००६०** |
| स्रोत | प्रदेश सरकार | ८५२७८६ | १२९६०३९ | १४५०३९८ | १४३५२९८ | १४७८१०१ |
| | वितीय समानीकरण | ४२६८०७ | - | ९०८६० | ९७४०२ | १०२८५७ |
| | सशर्त | ४५७६७९ | ५५५२०० | ६२६७८० | ६५९३२३ | ६७९१०२ |
| | समपूरक | - | - | - | - | - |
| | विशेष | ८६८३१ | ५४००० | - | - | - |
| | **जम्मा** | **१८२४१०३** | **१९०५२३९** | **२१६८०३८** | **२१९२०२३** | **२२६००६०** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## (ज) सम्भाव्य जोखिम

त्रिवर्षीय रणनीति तथा कार्यक्रम कार्यान्वयन र अपेक्षित उपलब्धि प्राप्त गर्ने क्रममा रहेका जोखिम यस प्रकार रहेका छन्:

१. स्रोत तथा साधन न्यून उपलब्धता,
२. नविनतम क्रियाकलाप सञ्चालन गर्नको लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी प्रावधान तथा क्षमता अभाव,
३. तीनै तहका सरकारबीच समन्वय र सहकार्यको सँस्कृति विकास।

## ३.९ गण्डकी प्रदेश नीति तथा योजना आयोग

### (क) पृष्ठभूमि

गण्डकी प्रदेशमा उच्च आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि आवधिक योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन एवम् अभ्यासमा रहेका नीतिको प्रभावकारिता अध्ययन गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टीकृत निकायका रूममा गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन भएको हो।

आयोगले "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१" ले तोके अनुसार नियमित कार्य सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ।

### (ख) प्रमुख कार्यक्षेत्र

१. वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रदेशको आवधिक योजनासँग तादात्म्यता मिलाउन विषयगत मन्त्रालयसँग छलफल गर्ने,
२. प्रदेशको समग्र स्रोत प्रक्षेपण गरी प्राथमिकताका आधारमा क्षेत्रगत सन्तुलन मिलाई विषयगत मन्त्रालय, आयोग तथा सचिवालयको स्रोत सीमा प्रक्षेपण गर्ने,
३. अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयन तहमा गर्नु पर्ने सुधार गर्ने/गराउने,
४. प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत् सम्बन्धी प्रणाली विकास गर्ने,
५. मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने। प्रदेश सरकारका मन्त्रालय/निकायको स्वीकृत वार्षिक विकास कार्यक्रमको चौमासिक/वार्षिक प्रगति समीक्षा गर्ने,
६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणाली विकास र व्यवस्थापन गर्ने/गराउने।

### (ग) प्रमुख सवाल तथा चुनौती

१. आयोजना बैंक प्रणाली कार्यान्वयनमा प्रतिबद्धताको कमी,
२. प्रादेशिक तथ्याङ्क पद्धतिको अभावमा विकाससँग सम्बन्धी नीति तथा योजना तर्जुमा गर्दा खण्डिकृत तथा एकीकृत तथ्याङ्कको अभाव,
३. आयोगको क्षेत्राधिकार अन्तर्गत अनुगमन र मूल्याङ्कनको कार्यमा अन्तरनिकाय समन्वयको कमी,

४. तथ्याङ्क प्रणाली विकास गरी विश्वसनीय र भरपर्दो सूचनाको प्राप्ति तथा अद्यावधिक र भण्डारणलाई व्यवस्थित गर्नु,

५. आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट बीच तादात्म्यता कायम गर्नु,

## (घ) रुपान्तरणकारी रणनीति

१. दोस्रो पञ्चवर्षीय योजनाले तय गरेका प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र अनुरूप वार्षिक विकास आयोजना तथा कार्यक्रम तर्जुमा गरी सोको कार्यान्वयनमा जोड दिईनेछ,

२. प्रादेशिक तथ्याङ्क प्रणाली व्यवस्थित गर्न उपयुक्त कानून तर्जुमा गरी सोही बमोजिम खण्डीकृत तथा एकीकृत तथ्याङ्क प्राप्त गर्ने पद्धति विकास गरिनेछ,

३. मध्यमकालीन खर्च संरचना बमोजिम स्वचालित प्रणाली विकास गरी आवधिक योजना र बजेटबिचको तादात्म्यता कायम गरिनेछ,

४. तीन तहबीचको एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास र तहगत समन्वय कायम गरिनेछ,

५. सरोकारवाला निकाय,स्थानीय तह र नागरिक समाजको सहभागितामा विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरिनेछ,

६. समग्रमा प्रादेशिक विकास व्यवस्थापनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न आयोगलाई विशिष्टिकृत निकायको रूपमा विकास गरिनेछ।

## (ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम

१. तथ्याङ्क ऐन र अनुगमन तथा मुल्याङ्कन ऐन तर्जुमा,

२. दिगो विकास लक्ष्यको line ministry matrix निर्माण गर्ने,

३. अनुगमन तथा मूल्याङ्कलनलाई प्रभावकारी बनाउने,

४. आयोजना बैंक सुदृढीकरण तथा अभिमुखीकरण,

५. मौजुदा नीति तथा कानूनको विश्लेषण गरी विद्यमान नीतिगत खाडल पहिचान गर्ने।

## (च) दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता

तथ्याङ्क ऐन तर्जुमा गरी तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित, विश्वसनीय तथा प्रभावकारी बनाउन दोस्रो पञ्चवर्षीय योजनाले निर्धारण गरेका रणनीति कार्यान्वयन गर्न प्रत्यक्ष योगदान गर्नेछ। अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्न कानूनी व्यवस्था गर्ने, अनुगमन तथा मूल्याङ्कन कार्यलाई नियमित र प्रभावकारी बनाउने, अनुगमन तथा मूल्याङ्कन पद्धति सवलीकरण गर्ने जस्ता आवधिक योजनाले तय गरेको उद्देश्य अनुगनम तथा मूल्याङ्कन ऐन तर्जुमा मार्फत हासिल गर्न सकिनेछ। प्रदेशको आर्थिक तथा सामाजिक समुन्नतिका निम्ति मौजुदा नीति तथा कानूनको

विश्लेषण गरी विद्यमान नीतिगत खाडल पहिचान गर्दै अन्तरनिकाय समन्वय तथा सहकार्य अभिवृद्धि गर्नेछ।

### (छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

आयोगले सञ्चालन गर्ने दिगो विकास लक्ष्यको आन्तरिकीकरण र स्थानीयकरण सम्बन्धमा स्थानीय तहसम्म अभिमुखिकरण, सोह्रौं योजना र प्रादेशिक योजनाबीचको सामञ्जस्यता र अन्तरसम्बन्धको अध्ययन लगायतका कार्यक्रम कार्यान्वयनबाट दिगो विकास लक्ष्य १७ (दिगो विकास लक्ष्यका प्राप्तिका लागि साझेदारी) हासिल गर्नमा प्रत्यक्ष योगदान पुग्नेछ। आयोगले दिगो विकास लक्ष्य प्राप्तिका लागि गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रः २०७९-२०८७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। संस्थागत रूपमा आयोगका अध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य निर्देशक समिति तथा आयोगका उपाध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य निर्देशक समिति तथा आयोगका सदस्यको संयोजकत्वमा रहने अनुगमन तथा मूल्याङ्कन समितिले लक्ष्य प्राप्तिका लागि नियमिय कार्यसम्पादन गर्दै आएको छ।

### (ज) त्रिवर्षीय नतिजा सूचक

गण्डकी प्रदेश नीति तथा योजना आयोगले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

**तालिका २७: गण्डकी प्रदेश नीति तथा योजना आयोगको त्रिवर्षीय नतिजा सूचक**

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | आवधिक योजना तथा सम्बन्धित दस्तावेज | वटा | १ | २ | १ | १ | २ |
| २. | अध्ययन, अनुसन्धान र सर्वेक्षण भएका विषय | सङ्ख्या | २ | ३ | ४ | ५ | ५ |
| ३. | प्रदेश विकास समस्या समाधान समितिको निर्णय कार्यान्वयनको अवस्था | प्रतिशत | ३४ | ३६ | ४६ | ६६ | ८० |
| ४. | विकास साझेदारसँग समन्वय | सङ्ख्या | ४ | ३ | ४ | ५ | ५ |
| ५. | आयोजना बैंकमा प्रविष्ट आयोजना | सङ्ख्या | ४४५ | ७७० | ९०० | १०५० | १२०० |
| ६. | आयोजना बैंकका आयोजना (बृहत) कार्यान्वयन | सङ्ख्या | ० | ० | १०० | १२० | १६० |

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ७. | नीति तथा योजना तर्जुमा प्रक्रियामा प्रदेश सभा सदस्यसँग गरिएका वार्षिक परामर्श | सङ्ख्या | ५ | ५ | ७ | ९ | १२ |
| ८. | आयोजना तथा कार्यक्रमको अनुगमन तथा प्रगति प्रतिवेदन | प्रतिशत | ८० | ९० | १०० | १०० | १०० |
| ९. | कार्यान्वयन रहेका अनुगमन तथा मूल्याङ्कनसम्बन्धी प्रदेश ऐन, नियन, निर्देशिका, मापदण्ड र प्रणाली | सङ्ख्या | २ | ३ | २ (एकीकृत ऐन, नियम) | ४ (एकीकृत ऐन, नियम) | ४ (एकीकृत ऐन, नियम) |

*स्रोतः गण्डकी प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश*

## (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

गण्डकी प्रदेश नीति तथा योजना आयोगको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार रहेको छः

**तालिका २८ः गण्डकी प्रदेश नीति तथा योजना आयोगको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान**

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | २९७१८ | ३४०८० | ७१५३८ | ७०७९३ | ७२९०४ |
| | पूँजीगत | ५१९० | ३००० | ३२५०० | ३४०१६ | ३५६६२ |
| | **जम्मा** | **३४९०८** | **३७०८०** | **१०४०३८** | **१०४८०९** | **१०८५६६** |
| स्रोत | प्रदेश सरकार | ३४९०८ | ३७०८० | १०४०३८ | १०४८०९ | १०८५६६ |
| | वितीय समानीकरण | - | - | - | - | - |
| | सशर्त | - | - | - | - | - |
| | समपूरक | - | - | - | - | - |
| | विशेष | - | - | - | - | - |
| | **जम्मा** | **३४९०८** | **३७०८०** | **१०४०३८** | **१०४८०९** | **१०८५६६** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## (ञ) सम्भाव्य जोखिम पक्ष

गण्डकी प्रदेशको दोस्रो आवधिक योजनाले लिएका संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र अनुरूप वार्षिक विकास योजना प्रणाली र प्रक्रिया स्थापनार्थ सर्वपक्षीय प्रतिबद्धताको अभावमा योजना कार्यान्वयन प्रभावित हुने सम्भावना रहेको देखिन्छ।

## ३.१० प्रदेश सभा सचिवालय

### (क) पृष्ठभूमि

प्रदेश सभाले आफ्नो पहिलो कार्यकालमा ५९ वटा विधेयक जारी गरेको थियो भने हालसम्म ३१ वटा विधेयक जारी गरी सकेको छ। त्यसैगरी, विगतमा पारित गरेका कानूनको समसामयिक संशोधन गर्दै आएको छ र उत्तरविधायिकी परिक्षणको कार्य पनि यो वर्ष देखि अगाडि बढाएको छ। आफ्नो क्षेत्राधिकार भित्र पर्ने विषयमा सरोकारवालाको उपस्थितिमा अर्थपूर्ण छलफल मार्फत राय सुझाव एवम् प्रतिक्रिया लिँदै कानून निर्माण कार्यलाई अगाडी बढाउदै आएको छ।

### (ख) प्रमुख कार्यक्षेत्र

१. सरकार निर्माण गर्नु र प्रादेशिक कानून बनाउनु,
२. प्रदेश सरकारको काम कारवाहीको संसदीय नियमन गर्नु,
३. प्रादेशिक जनसरोकारका विषय प्रदेश सभामा छलफल गर्नु,
४. संवैधानिक आयोगबाट प्राप्त प्रादेशिक प्रतिवेदन, प्रदेश ऐन बमोजिम प्रदेशस्तरका आयोग समिति कार्यालयको वार्षिक प्रतिवेदन उपर छलफल र आवश्यक सिफारिस गर्नु।

### (ग) प्रमुख सवाल तथा चुनौती

स्थानीय तह र प्रदेश सरकारबीचको राजनीतिक विवाद प्रदेश सभा अन्तर्गत गठित विशेष समितिले समाधान गर्न सक्ने उल्लेख भए पनि राजनीतिक विवाद हालसम्म समाधानका लागि प्रदेश सभामा पेश नभई सोझै सर्वोच्च अदालतको संवैधानिक इजलास समक्ष पेश हुने गरेको देखिन्छ। प्रदेश कानून कार्यान्वयन तर्फ स्थानीय तह मौन रहेको अर्थात ईच्छुक नरहेको महसुस भएको छ।

विषयगत समितिको बैठकमा माननीय सदस्यको उपस्थिती न्यून रहने गरेको हुँदा कतिपय दर्ता भएका विधेयक माथिको छलफल र संशोधनको काम कारवाही समयमा नै सम्पन्न गरी सभामा पठाउन नसकिने अवस्था कायमै छ। उत्तरविधायिकी परीक्षण अन्तर्गत ऐनले प्रत्यायोजित व्यवस्थापन बमोजिम हुने भनी तोकेका विषयमा प्रत्यायोजित विधायन जारी भए नभएको र जारी भएको भए ऐनले दिएको क्षेत्राधिकारमा सीमित रही जारी भए नभएको सम्बन्धमा अध्ययन गरिनुपर्ने देखिएको छ। ऐन कार्यान्वयन सम्बन्धमा अध्ययन अनुसन्धान गरिनुपर्ने र उक्त क्रममा सरोकारवालासँग छलफल चलाउनुपर्ने र सुझाव पेश गर्दै गर्दा सरकारले अपनत्व लिने गरी ऐन संशोधनको प्रस्ताव समेतसँगै

गरिनुपर्ने भएको हुँदा धेरै समय र स्रोत लाग्ने अवस्था छ तर त्यसका हरेक आर्थिक वर्षमा बजेटको कमि रहेको छ।

### (घ) रुपान्तरणकारी रणनीति

संसदीय समिति मार्फत सरोकारवाला र विज्ञहरुसँग अन्तरक्रिया गरी कानून निर्माणलाई सहभागितामूलक र जनमुखि बनाईनेछ। प्रदेश कानून निर्माण सम्बन्धमा स्थानीय तहको चासो र सरोकार सम्वोधन गर्न कानून निर्माण सम्बन्धी छलफल र अन्तरक्रियामा स्थानीय तहको सहभागितालाई उच्च प्राथमिकता दिईनेछ।

### (ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम

१. कानून निर्माण तथा अद्यावधिक,
२. सार्वजनिक सुशासनका लागि नियमन तथा निर्देशन,
३. ऐनको उत्तरविधायिकी परीक्षण,

### (च) दोस्रो पञ्चवर्षीय योजनासँगको आवद्धता

समसामयिक मामिला समेट्दै जनसरोकारका सवालहरू संवोधनका लाग ऐन संशोधन गरी कार्यान्वयनमा देखिएका समस्या समाधान गर्दै बजेट कार्यान्वयन र प्रदेश सरकारको शासकीय अभ्यासमा सहयोग पुऱ्याईनेछ। यसबाट दोस्रो पञ्चवर्षीय योजनाले अपेक्षा गरे अनुसार प्रदेश र स्थानीय तहमा जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

### (छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

विकास निर्माणसँग सम्बन्धित विधेयकमा दीगो विकासको भावना प्रतिविम्वित हुनु पर्ने विषयमा प्रदेश सभा सजग रहँदै आएको छ। प्राकृतिक स्रोतको उपभोगबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्ने गरी विधेयक मस्यौदा तयार पार्ने। उत्तरविधायिकी परीक्षणको माध्यमबाट कानून कार्यान्वयनमा देखिएका जटिलता समाधान गरिने, आवश्यक नरहेका ऐन खारेजी गर्ने र सरकारको सेवा प्रवाह चुस्तदुरुस्त हुने गरी कानूनी संरचना निर्माण गरिने अभ्यास भएकोले प्रदेश सभाका तर्फबाट अप्रत्यक्ष रूपमै भए पनि दिगो विकास लक्ष्य कार्यान्वयनमा सहयोग पुग्ने विश्वास लिईएको छ।

## (ज) त्रिवर्षीय नतिजा सूचक

प्रदेश सभाले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

**तालिका २९: प्रदेश सभाको त्रिवर्षीय नतिजा सूचक**

| क.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | ऐनको उत्तरविधायिकी परीक्षण | प्रतिशत | ३३ | २० | २० | २० | २० |
| २ | गैरसरकारी विधेयक | सङ्ख्या | ६६.६ प्रतिशत दर्ता | १ | २ | २ | ३ |
| ३ | न्यायिक समितिसँग अन्तरक्रिया | पटक | ० | २ | ३ | ३ | ५ |
| ४ | नागरिकसँग सभामुख कार्यक्रम | पटक | ० | २ | ३ | ३ | ३ |

*स्रोतः प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश*

## (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

प्रदेश सभाको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार रहेको छः

**तालिका ३०: प्रदेश सभाको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान**

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | १३३४९९ | १३४४७७ | १७८३०१ | १७६४४५ | १८१७०७ |
| | पूँजीगत | ७०८५ | ४५०० | ३१०३५ | ३२३१० | ३३८१८ |
| | **जम्मा** | **१४०५८४** | **१३८९७७** | **२०९३३६** | **२०८७५५** | **२१५५२५** |
| स्रोत | प्रदेश सरकार | १४०५८४ | १३८९७७ | २०९३३६ | २०८७५५ | २१५५२५ |
| | वितीय समानीकरण | - | - | - | - | - |
| | सशर्त | - | - | - | - | - |
| | समपूरक | - | - | - | - | - |
| | विशेष | - | - | - | - | - |
| | **जम्मा** | **१४०५८४** | **१३८९७७** | **२०९३३६** | **२०८७५५** | **२१५५२५** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## (ञ) सम्भाव्य जोखिम पक्ष

१. विषयगत समितिको बैठकमा माननीय सदस्यको उपस्थिती न्यून रहने गरेकाले कतिपय दर्ता भएका विधेयक माथिको छलफल र संशोधनको काम कारवाही समयमा नै सम्पन्न गरी सभामा पठाउन कठिनाई हुने सम्भावित जोखिम,

२. उत्तरविधायिकी परीक्षण अन्तर्गत ऐनको प्रत्यायोजित व्यवस्थापन बमोजिम हुने भनी तोकेका विषयमा प्रत्यायोजित विधायन जारी भए नभएको र जारी भएको भए ऐनले दिएको क्षेत्राधिकारमा सीमित रही जारी भए नभएको सम्बन्धी अध्ययन हुन नसक्दा कार्य सम्पादन प्रभावित हुनसक्ने देखिन्छ।

## ३.११ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### (क) पृष्ठभूमि

नेपालको संविधान बमोजिम राज्यको संरचना, राज्यशक्तिको बाँडफाँड एवम् संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासकीय स्वरुप अनुरूप प्रदेश सभाको निर्वाचन सम्पन्न भई २०७४ साल फागुन ४ गते पहिलो पटक गण्डकी प्रदेश सरकार गठन भएको हो। प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले गर्ने हुँदा सरकारको प्रशासनको केन्द्रविन्दुको रुपमा यस कार्यालय रहेको छ। यस कार्यालयले कार्यसम्पादन तथा कार्यविभाजन नियमावली अनुसार राजनीति र प्रशासनका क्षेत्रमा महत्वपूर्ण निर्णय लिने/दिने तथा समन्वय, सहजीकरण तथा नियमनको कार्य गर्ने गराउने गर्दछ। गण्डकी प्रदेश कार्यविभाजन नियमावली अनुसार प्रदेशको सुशासन सुव्यवस्थित रूपमा सञ्चालन गर्नका लागि आवश्यक सम्पूर्ण कार्यहरूको उत्तरदायित्व एवम् जवाफदेहिता, शान्ति सुरक्षा, विपद् व्यवस्थापन, नीति तथा कानून, मानव अधिकार, कर्मचारी प्रशासनसँग सम्बन्धित सम्पूर्ण कार्य जिम्मेवारी रहेको छ।

### (ख) प्रमुख कार्यक्षेत्र

नेपालको संविधान तथा प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ को अनुसूची १ को (१) बमोजिम यस कार्यालयको प्रमुख कार्यक्षेत्र एवम् जिम्मेवारी देहाय अनुसार रहेका छन्:

#### १. संविधान बमोजिम शासकीय तथा प्रशासकीय प्रबन्धः

संविधान र कानून बमोजिम प्रदेश सरकारलाई तोकेको कार्य गर्ने, प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश सरकारको कार्य विभाजन तथा कार्य सञ्चालन गर्नुका साथै कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन गर्ने, प्रदेशको नीति तथा योजना तर्जुमा स्वीकृति कार्यान्वयन तथा प्रदेश मन्त्रालयको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने, मन्त्रिपरिषद्का निर्णयको प्रमाणीकरण कार्यान्वयन र अनुगमन, मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेश तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने,

#### २. समन्वय र सहकार्यः

अन्तरप्रदेश परिषद्, अन्तरप्रदेश समन्वय, प्रदेश समन्वय परिषद र संघ तथा स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध विकास,

### ३. प्रशासनिक तथा जनशक्ति व्यवस्थापनः

प्रदेशस्तरका आयोग तथा निकायको गठन एवम् सञ्चालन र पदाधिकारीको नियुक्ति एवम् सेवा सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन,

### ४. नीति तथा कानून तर्जुमा, विकास एवम् सञ्चार व्यवस्थापनः

कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ती सम्बन्धी प्रदेश नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन, कर्मचारी प्रशासन र अभिलेख व्यवस्थापन, प्रदेश निजामती किताबखाना सम्बन्धी कार्य।

### ५. शान्ति सुरक्षा, सीमा एवम् विपद् व्यवस्थापनः

प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य, संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय, प्रदेश प्रहरी सम्बन्धी कानून तर्जुमा, प्रदेश प्रहरीको सञ्चालन, व्यवस्थापन र नियमन, अन्तराष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तराष्ट्रिय सीमा सुरक्षामा सहयोग।

## (ग) प्रमुख सवाल तथा चुनौती

<u>सुदृढ शासन, सेवा प्रवाह र तहगत अन्तरसम्बन्धः</u>

१. कार्यसम्पादन तथा कार्यविभाजन नियमावली अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित कार्यक्रम तथा क्रियाकलापको पहिचान, प्राथमिकता तथा छनौटमा भन्दा गैर प्राथमिकताका क्रियाकलापको बाहुल्यताले गर्दा प्रमुख जिम्मेवारी छाँयामा पर्ने देखिएको,
२. सार्वजनिक खरिद सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान र सीपको अभावले निर्धारित कार्यक्रम एवम् क्रियाकलाप परिमाणात्मक र गुणस्तरीय तवरले सम्पादन गर्न नसकिएको,
३. प्रशासनिक संघीयताको मर्म अनुसार कर्मचारी प्रशासन एवम् व्यवस्थापनमा समन्वयको अभावको अतिरिक्त सेवा प्रवाह एवम् विकास व्यवस्थापनमा संलग्न जिम्मेवार कर्मचारीको

असामयिक फेरबदल एवम् लामो समयसम्म अनुपस्थिति/रिक्तता हुने प्रवृत्तिले समयमै बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न कठिनाई भएको।

**प्रमुख चुनौती**

१. गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना तथा वार्षिक योजनाले राखेको लक्ष्य र उद्देश्य अनुसार स्वीकृत वार्षिक कार्यक्रम एवम् क्रियाकलापलाई तोकिएको समयभित्रै गुणस्तरिय रुपमा सम्पादन गर्नुपर्ने।

२. नवनिर्वाचित नेपाल सरकारबाट दिइएका १०० बुँदे सुधार योजना लगायतका समय-समयमा प्राप्त निर्देशन र निर्णयलाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा तादत्म्यता मिलाई कार्यसम्पादन गर्नुपर्ने।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम प्रदेश र स्थानीय तहको संगठन संरचना तथा दरबन्दी सिर्जना र पुनरावलोकनलाई दुवै सरकारको कार्यप्रकृति, कार्यबोझ र औचित्यका आधारमा वस्तुपरक बनाउन र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधार तथा प्रक्रियामा एकरुपता कायम गर्ने।

### (घ) रुपान्तरणकारी रणनीति

१. अन्तरतह तथा अन्तर निकायगत संयन्त्रलाई अझ वढी सक्रिय, जीवन्त र प्रभावकारी बनाई सहशासन र सहकार्यलाई जोड दिईनेछ।

२. प्रदेशको शासकीय प्रबन्ध र अन्तरमन्त्रालय/निकायको सम्बन्धलाई अझ बढी प्रभावकारी, नतिजामूखी र गतिशिल बनाउँदै प्रदेश प्रशासनलाई सेवा प्रवाह र विकास व्यवस्थापनको कार्यसम्पादनमा थप दक्ष, प्रभावकारी एवम् सूचना प्रविधिमैत्री एवम् जनमूखी बनाईनेछ।

३. हालसम्मको अनुभव र अभ्यासको समिक्षा गर्दै गण्डकी प्रदेश सरकारको नीति, योजना तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी र सुदृढ बनाईनेछ।

४. संघीयताको मूल मर्म अनुसार प्रादेशिक शासन प्रणालीलाई अझ बढी औचित्यपूर्ण र सार्थक बनाउन विभिन्न क्षेत्रगत रणनीति कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ।

## (ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम

१. प्रदेशमा विद्युतीय शासन प्रवर्द्धन गर्न सबै मन्त्रालय/आयोग/निकाय/कार्यालयमा एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली, एकीकृत सरकारी वेवसाईट व्यवस्थापन प्रणाली र एकल विन्दु सेवा प्रवाह लागु गर्ने।

२. नागरिकलाई छिटो, सरल र सहज सेवा उपलब्ध गराउन फ्रन्ट डेस्कमा काम गर्ने सबै कर्मचारीलाई आवश्यकता अनुसार तालिम प्रदान गर्ने।

३. हेलो मुख्यमन्त्री संयन्त्र स्तरोन्नती मार्फत नागरिक संवाद प्लेटफर्मको रुपमा विकास गरी सबै मन्त्रालयसँग प्रत्यक्ष संवाद र समन्वयको व्यवस्था मिलाई गुनासो समाधानको प्रगतिलाई रियल टाइममा अनुगमन गर्ने।

४. प्रदेश तथा स्थानीय तहको संगठन तथा व्यवस्थापनलाई राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम निरन्तर रुपमा पुनरावलोकन गर्न गराउन तथा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख व्यवस्थापन थप प्रभावकारी बनाउने।

५. संघीय सरकारको नीति, बजेट तथा कार्यक्रम बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको लागि योगदानमा आधारित अवकाश कोष स्थापना गर्ने।

६. आर्थिक सहायता सूचना व्यवस्थापन प्रणाली मार्फत क्यान्सर, मुटु, मृगौला, हेड इन्जुरी जस्ता कडा रोगबाट पीडित बिरामी लक्षित राहत कार्यक्रमलाई थप पारदर्शी एवम् व्यवस्थित बनाई कार्यान्वयन गर्ने।

## (च) दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता

आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा यस कार्यालयले कार्यान्वयन गर्ने रुपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमबाट दोस्रो पञ्चवर्षीय योजनाले समेटेका प्रादेशिक विकास तथा रुपान्तरणका १४ वटा प्राथमिक क्षेत्रले निम्नलिखित सम्बन्धित विषयक्षेत्रमा आवश्यक योगदान पुऱ्याउने विश्वास लिइएको छ :-

१. सार्वजनिक क्षेत्रको व्यवस्थापन, कानूनी शासन र नागरिक प्रतिको उत्तरदायित्व,

२. नीति निर्माण तथा कार्यान्वयन प्रकृयामा पारदर्शिता, समता तथा समावेशिता,

३. न्यायपूर्ण समाजको स्थापना, जनमुखि सेवा प्रवाह र अन्तरसरकारी साझेदारी तथा सहकार्य,

४. शान्ति, सुव्यवस्था एवम् मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन,

५. विद्युतिय सुशासन एवम् भ्रष्टाचार नियन्त्रण गर्ने।

## (छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

दिगो विकास लक्ष्य सन् २०३० सम्ममा सबै मानिसलाई शान्ति तथा समुन्नतिको प्रतिफल सुनिश्चित गर्नको लागि संयुक्त राष्ट्र संघले सन् २०१५ मा विश्वव्यापी रूपमा स्वीकार गरिएको विकासको एजेण्डा हो। यस विश्वव्यापी एजेण्डामा १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ वटा विश्वव्यापी सूचक निर्धारण गरी नेपालसहित विश्वका १९३ देशले स्वीकार गरेका छन्। नेपालले कुल ४७९ वटा दिगो विकासका सूचकह निर्धारण गरेकोमा हाल पुनरावलोकन गरी तथ्याङ्क प्राप्त हुने ३०१ वटा सूचक कायम गरेको छ।दिगो विकास लक्ष्यको आन्तरिकीकरणलाई थप प्रभावकारी गराउन गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रः २०७९-२०८७ तयार गरेको छ।

गण्डकी प्रदेश सरकारले दिगो विकास लक्ष्यको आन्तरिकीकरणलाई प्रथम पञ्चवर्षीय योजनादेखि आत्मसात् गरी कुल २७५ वटा सूचक मार्फत दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरेको र दोस्रो पञ्चवर्षीय योजनामा दिगो विकासको लक्ष्य हासिल गर्न उच्च योगदान पुग्ने गरी रूपान्तरणका प्राथमिक क्षेत्र लगायत रणनीति, कार्यक्रम तथा सूचकमार्फत आबद्धता कायम गर्दै मध्यमकालीन खर्च संरचनामा कार्यक्रम योजना समावेश गरिएका छन्।

## (ज) त्रिवर्षीय नतिजा सूचक

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

**तालिका ३१: मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको त्रिवर्षीय नतिजा सूचक**

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | सार्वजनिक सुशासन सम्बन्धी कानून, नीति तथा कार्यविधि | सङ्ख्या | २ | ३ | ३ | ३ | ३ |
| २ | विद्युतीय माध्यमबाट सेवा प्रवाह | प्रतिशत | ५० | ५० | ६० | ७० | ८० |
| ३ | नागरिक सेवा सन्तुष्टि | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ७८ |
| ४ | प्रहरी भवन निर्माण | वटा | ५ | ३ | २ | १ | २ |
| ५ | कर्मचारी क्षमता विकास | पटक | १४० | १२० | १२५ | १३० | १३५ |
| ६ | नवप्रवतर्न साझेदारी | वटा | १७ | १९ | २७ | १० | ५ |
| ७ | कर्मचारीको कार्य विवरण | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ८ | वस्तुनिष्ठ कार्य सम्पादन सम्झौता | सङ्ख्या | १ | ० | ३ | ३ | ३ |

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ९ | वित्तीय सुशासन परिक्षण | मन्त्रालय | ११ | ० | ४ | ६ | ८ |
| १० | प्रदेशको आय र व्यय प्रकाशन | सङ्ख्या | १ | १ | १ | १ | १ |
| ११ | कानून तर्जुमा (एकल सूची) | सङ्ख्या | ७ | १२ | १२ | १४ | १६ |
| १२ | भ्रष्टाचार विरुद्द शुन्य सहनशिलता | - | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश*

## (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार रहेको छः

**तालिका ३२: मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान**

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | ३६३८४८ | ४४२७५० | ६९९५५५ | ६९८१९७ | ७१९०३७ |
| | पूँजीगत | १४६७७३ | १४२५६० | १८९४८४ | १९९७८८ | २०९८८६ |
| | **जम्मा** | **५१०६२१** | **५८५३१०** | **८८९०३९** | **८९७९८५** | **९२८९२३** |
| स्रोत | प्रदेश सरकार | ४३८५७८ | ४५५३१० | ६४११३९ | ६३४४६५ | ६५३३८६ |
| | वितीय समानीकरण | ३९९५४ | – | १४७५०० | १५८१२० | १६६९७५ |
| | सशर्त | ३२०८९ | १३०००० | १००४०० | १०५४०० | १०८५६२ |
| | समपूरक | – | – | – | – | – |
| | विशेष | – | – | – | – | – |
| | **जम्मा** | **५१०६२१** | **५८५३१०** | **८८९०३९** | **८९७९८५** | **९२८९२३** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## (ञ) सम्भाव्य जोखिम पक्ष

१. शासकीय प्रवन्ध, सेवा प्रवाह तथा विकास व्यवस्थापनका क्षेत्रमा विद्युतीय शासन प्रणालीलाई जोड दिइएकोमा सो अनुसारको प्रविधिको प्रवन्ध र गुणस्तरमा दिगोपना, जनशक्ति तथा सेवाग्राहीको क्षमता विकासमा सन्तुलन कायम गर्न नसक्ने।

२. सार्वजनिक खरिद व्यवस्थापनमा संस्थागत र जिम्मेवार जनशक्तिको क्षमता विकास गर्न नसकिएमा प्रस्तावित कार्यक्रमको निर्धारित लागत, समय, परिमाण र गुणस्तरमा कार्यसम्पादन हुन नसक्ने।

३. सहकारिता, सहअस्तित्व र समन्वयको मूल्य मान्यता अनुसार संघीय इकाईबीच अर्थपूर्ण, गतिशिल, दिगो/सुमधुर र सहयोगात्मक अन्तरसम्बन्ध र पारस्परिक सहयोगलाई प्रवर्द्धन गर्ने गरी योजना तर्जुमा एवम् कार्यान्वयन गर्न नसकिने अवस्था रहेमा प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्रभावकारी कार्यान्वयनमा अवरोध पुग्ने देखिन्छ।

४. संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधार र यसका मौलिक मूल्य अनुसार प्रदेश सरकारका विभिन्न निकायको संगठन संरचना र दरबन्दीलाई वस्तुपरक र वैज्ञानिक बनाउने कार्यमा आग्रहरहित भई निष्पक्ष रुपले कार्यसम्पादन गर्ने गराउने कार्यमा सरोकारवालाबाट मद्दत नपुर्‍याईएको अवस्थामा सर्वेक्षणको कार्य उद्देश्यमुलक अनुसार हुन नसक्ने देखिन्छ।

## ३.१२ मुख्य न्यायाधिवक्ताको कार्यालय

### (क) पृष्ठभूमि

नेपालको संविधानको धारा १६० (५) ले मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको कानूनी सल्लाकार हुने र संवैधानिक एवम्  कानूनी विषयमा प्रदेश सरकार/प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारी लाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था रहेको, धारा १६० (७) वमोजिम मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून वमोजिम हुने व्यवस्था भए वमोजिम गण्डकी प्रदेशमा मुख्य न्यायाधिवक्ता काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ वनेको छ। सोही ऐन वमोजिम मुख्य न्यायाधिवक्ता कार्यालयको देहायको काम कर्तव्य र अधिकार रहेको छ।

१. मुद्दा मामिलामा प्रदेश सरकारको तर्फवाट प्रतिनिधित्व गर्ने,
२. प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने,
३. अदालतको फैसला वा आदेशको कार्यान्वयनमा सहकार्य गर्ने,
४. प्रदेश सरकारको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून वनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्नू परेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,
५. प्रदेशभित्र रहेका हिरासत, थुनुवा कक्ष तथा कारागारमा रहेका थुनुवा तथा कैदीउपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने,

### (ख) प्रमुख कार्यक्षेत्र

१. प्रदेश सरकार पक्ष वा विपक्षी भएको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी, गर्ने तथा गराउने, कानूनी प्रश्नमा कानूनी राय प्रदान गर्ने, लिखित जवाफ दर्ता तथा बहस नोट तयार गरी सम्बन्धित अदालत समक्ष पेश गर्ने,
२. प्रदेश सरकार तथा मातहतका निकायका नाममा अदालतबाट भएको आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायलाई पत्राचार गर्ने तथा फैसला कार्यान्वयनको अनुगमन गर्ने र प्रदेशको कार्यक्षेत्रको विषयमा नयाँ कानूनको मस्यौदा बनाउने

तथा भईरहेका कानूनमा सँसोधन गर्न त्यसको कारण खुलाई गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

३. प्रदेश भित्र रहेका बालसुधारगृह, हिरासत, थुनुवा कक्ष तथा कारागारको निरीक्षण गरी कानूनको विवादमा परेका बालबालिका, थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए, नभएको सम्बन्धमा प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,

४. मागमा आधारीत कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने, मुख्यन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय तथा अदालत बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, कैदीबन्दी उपचार कोष तथा बालबालिका शैक्षिक कोषको स्थापना गर्ने।

## (ग) प्रमुख सवाल तथा चुनौती

१. प्रदेश सरकार तथा प्रदेश सरकार अन्तर्गतका निकायले कानूनी राय माग गर्दा कानूनले तोकेको प्रकृया नपु-याई/मौखिक रुपमा राय माग गर्न तथा लिखित जवाफ तोकिएको ढाँचा र समयावधीभित्र प्राप्त हुन,

२. मुख्य न्यायाधिवक्ताको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मातहत रहने वा महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत रहने भन्ने विषयमा कानूनी अन्योलता अन्त्य गर्न,

३. यस कार्यालयको आफ्नो नाममा भवन नभएकोले तत्कालिन महिला तथा बालबालिका विकास कार्यालयमा यस कार्यालय रहेको हुँदा भवन पुरानो तथा साँघुरो रहेको साथै गाडी पार्किङको समस्या समाधान गर्न,

४. यस कार्यालयको मुद्दा व्यवस्थापनको लागि रहेको सफ्टवेयरको क्षमता कम भएकोले डिजिटल रेकर्डलाई व्यवस्थित गर्न,

## (घ) रुपान्तरणकारी रणनीति

१. न्यायिक प्रक्रियालाई पारदर्शी र सूचना प्रविधिमैत्री बनाउन सहयोग गरिनेछ।

२. प्रदेशले निर्माण गर्नुपर्ने कानून सरोकारवाला समेतको सहभागितामा तर्जुमा गर्ने एवम् प्रदेशको साझा अधिकार सूचीका हकमा संघीय कानून प्रतिकुल नहुने गरी प्रदेश कानून निर्माण गरिनेछ,

३. हिरासत तथा थुनुवा कक्ष एवम कारागारको अनुगमन र निरिक्षण गरिनेछ,

४. प्रदेश सरकार र यस माताहतका निकायबाट माग भए अनुसार व्यवसायिक कानूनी राय प्रदान गर्ने एवम् फैसलाको प्रभावकारी कार्यान्वयन गरिनेछ,

५. ऐन नियम र कार्यविधि बनाउने कार्यमा प्रदेश सरकारका मन्त्रालय तथा अन्य कार्यालयलाई राय सुझाव दिईनेछ।

**(ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

१. प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट कुनै मुद्धामा अदालतमा बहस पैरवी र प्रतिरक्षा गर्ने एवम् लिखित जवाफ दर्ता गर्ने,
२. प्रोवेशन तथा प्यारोल बोर्ड एवम् सुधारात्मक दण्ड प्रणाली सम्बन्धी अन्तरक्रिया कार्यक्रम,
३. बाल न्याय सम्पादन, लैगिक हिँसा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य तथा वातावरण सँरक्षण,
४. मागमा आधारित कानूनी सचेतना कार्यक्रम,
५. कानून अधिकृत/कर्मचारी क्षमता अभिबृद्धि कार्यक्रम,

**(च) दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता**

**लैङ्गिक समानता तथा महिला सशक्तिकरणः** यस कार्यालयले मागमा आधारित कानूनी सचेतना कार्यक्रम तथा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रम विभिन्न जिल्लामा सञ्चालन गरी महिलाको हक, नेतृत्व विकासमा महिलाको पहुँच तथा सुरक्षीत मातृत्व तथा प्रजनन् स्वास्थ्यको हक सुनिश्चित गराउन प्रयास गरिएको।

**(छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता**

१. लैङ्गिक समानता हासिल गर्ने र सवै महिला, किशोरी र बालिकालाई सशक्त वनाउन क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गरिएको,
२. प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रदेश सरकारको तर्फवाट वातावरण संरक्षण समेतका विषयका रिट निवेदन तथा मुद्दाको विषयमा वहस पैरवी र प्रतिरक्षा गरेको,
३. वर पिपल संरक्षण लगायतका विषयमा माग भए अनुसार कानूनी राय प्रदान गरिएको।

**(ज) त्रिवर्षीय नतिजा सूचक**

मुख्य न्यायाधिवक्ताको कार्यालयले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

### तालिका ३३: मुख्य न्यायाधिवक्ता कार्यालयको त्रिवर्षीय नतिजा सूचक

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | वहस पैरवी प्रतिरक्षा | पटक | ३०० | ३४० | ३४५ | ३५२ | ३६४ |
| २ | कानूनी सचेतना कार्यक्रम | पटक | १३ | १५ | २५ | ३० | ३५ |
| ३ | विद्यमान कानून विषयक अन्तरक्रिया | पटक | १३ | ३ | ११ | ११ | ११ |
| ४ | विधेयक/कार्यविधि मस्यौदा तर्जुमा | पटक | ९ | ३ | ६ | ७ | ९ |
| ५ | स्थानीय तहका न्यायिक समितिका लागि न्यायिक कार्यसम्पादन तालिम | पटक | ६ | ४ | - | - | - |

*स्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश*

## (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

मुख्य न्यायाधिवक्ताको कार्यालयको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार रहेको छः

### तालिका ३४: मुख्य न्यायाधिवक्ता कार्यालयको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | १८९०७ | १८८६० | २३७५८ | २३५११ | २४२१२ |
| | पूँजीगत | ३७९ | १६०० | २००० | १९७९ | २०३८ |
| | **जम्मा** | **१९२८६** | **२०४६०** | **२५७५८** | **२५४९०** | **२६२५०** |
| स्रोत | प्रदेश सरकार | १९२८६ | २०४६० | २५७५८ | २५४९० | २६२५० |
| | वितीय समानीकरण | - | - | - | - | - |
| | सशर्त | - | - | - | - | - |
| | समपूरक | - | - | - | - | - |
| | विशेष | - | - | - | - | - |
| | **जम्मा** | **१९२८६** | **२०४६०** | **२५७५८** | **२५४९०** | **२६२५०** |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

## (ञ) सम्भाव्य जोखिम पक्ष

प्रदेश सरकार र प्रदेश मातहतका कार्यालयलाई प्रतिपक्ष बनाई दायर भएका मुद्धाको सङ्ख्या उल्लेख्य रूपमा बढ्दो क्रममा रहेकाले व्यवस्थापनको चुनौती रहेको छ।

## ३.१३ प्रदेश लोकसेवा आयोग

### (क) पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ बमोजिम स्थापित प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशले प्रदेश निजामती सेवा र स्थानीय सेवालाई सक्षम, निष्पक्ष र योग्यतामा आधारित बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ। गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले परिकल्पना गरेको 'आत्मनिर्भर र समुन्नत प्रदेश' को लक्ष्य प्राप्तिका लागि दक्ष जनशक्तिको छनोट र व्यवस्थापनलाई यस आयोगले उच्च प्राथमिकतामा राखेको छ। समसामयिक सन्दर्भमा, आयोगले प्रविधिमैत्री परीक्षा प्रणाली र समावेशी सिद्धान्तको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याइरहेको छ। आर्थिक वर्ष २०८३/८४ को कार्यक्रम तथा बजेट छलफलमा आयोगको भौतिक पूर्वाधार विकास, पाठ्यक्रम परिमार्जन र कर्मचारीको वृत्ति विकास जस्ता विषय रणनीतिक रूपमा केन्द्रित रहेका छन्।

### (ख) प्रमुख कार्यक्षेत्र

१. प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सेवाका रिक्त पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने।
२. प्रदेश सरकारी सेवा र स्थानीय सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श दिने।
३. प्रदेश निजामती सेवाको पदमा नियुक्ति, स्थानान्तरण वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श उपलब्ध गराउने।
४. प्रदेश सेवाका कर्मचारीको सेवाका सर्तसम्बन्धी कानून निर्माण र कर्मचारीको वृत्ति विकासका सम्बन्धमा प्रदेश सरकारलाई आवश्यक सल्लाह दिने।
५. आयोगले वर्षभरि सम्पादन गरेका कामहरूको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्ने।

### (ग) प्रमुख सवाल तथा चुनौती

गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले अघि सारेका सुशासन र संस्थागत सुदृढीकरण सम्बन्धी लक्ष्य समेत मध्यनजर गर्दा प्रदेश लोक सेवा आयोगका प्रमुख सवाल तथा चुनौती निम्न रहेका छन्:-

१. **कानूनी अस्पष्टता र संघीयता कार्यान्वयनः** संघीय निजामती सेवा ऐन जारी हुन ढिलाइ हुँदा प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको सेवाका सर्त, वृत्ति विकास र पदपूर्ति प्रक्रियामा सामञ्जस्यता कायम गर्नु प्रमुख चुनौतीको रूपमा रहेको छ।

२. **प्रविधिमैत्री परीक्षा प्रणालीको विकासः** दोस्रो पञ्चवर्षीय योजनाले डिजिटल शासनमा जोड दिएको सन्दर्भमा, आयोगका सम्पूर्ण प्रक्रियालाई पूर्णतः स्वचालित र अनलाइन प्रणालीमा रूपान्तरण गर्दै परीक्षाको गोपनीयता र निष्पक्षतालाई उच्च प्रविधिमैत्री बनाउनु चुनौतीपूर्ण छ।

३. **दक्ष जनशक्तिको अभाव र पलायनः** प्रदेशका लागि आवश्यक प्राविधिक तथा विशिष्टीकृत क्षेत्रका योग्य उम्मेदवारहरू आकर्षित गर्नु र छनोट भएका जनशक्तिलाई प्रदेशभित्रै टिकाइराख्नु आयोग र प्रदेश सरकारका लागि एक प्रमुख सवाल बनेको छ।

४. **समावेशीकरण र समन्यायको सुनिश्चितताः** बदलिँदो सामाजिक परिवेश र योजनाको लक्ष्य अनुरूप विभिन्न लक्षित वर्ग र समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्दै आरक्षण प्रणालीलाई अझ बढी न्यायोचित र परिणाममुखी बनाउनु चुनौतीपूर्ण देखिएको छ।

५. **भौतिक पूर्वाधार र स्रोत साधनको व्यवस्थापनः** आयोगको आफ्नै सुविधासम्पन्न परीक्षा हल, आधुनिक प्रयोगात्मक प्रयोगशाला र पर्याप्त जनशक्तिको अभावले गर्दा बढ्दो कार्यबोझलाई गुणस्तरीय रूपमा व्यवस्थापन गर्नु अर्को महत्वपूर्ण चुनौती हो।

(घ) रुपान्तरणकारी रणनीति

१. **पूर्ण डिजिटल रूपान्तरण र अनलाइन सेवाः** आवेदन प्रणालीदेखि नतिजा प्रकाशनसम्मका सम्पूर्ण प्रक्रियालाई 'पेपरलेस' बनाउन एकीकृत सूचना प्रणालीको सुदृढीकरण गर्ने र परीक्षार्थीका लागि "अनलाइन प्रोफाइल" र "ई-पेमेन्ट" लाई थप सरल र सुरक्षित बनाउने रणनीति लिइनेछ।

२. **परीक्षण विधिमा नवीनता र पाठ्यक्रम परिमार्जनः** सेवा प्रवाहमा आवश्यक पर्ने समसामयिक सीप र क्षमता परीक्षण गर्न पाठ्यक्रमलाई पुनरावलोकन गर्ने तथा वस्तुगत र प्रयोगात्मक परीक्षाका लागि आधुनिक 'प्रश्न बैंक' को विकास गरी परीक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ।

३. **संगठनात्मक सुदृढीकरण र पूर्वाधार विकासः** आयोगको आफ्नै सुविधासम्पन्न र प्रविधिमैत्री भवन तथा उच्च क्षमताको 'डाटा सेन्टर' निर्माण गरी संस्थागत कार्यक्षमता बढाउने र कर्मचारीहरूको व्यावसायिक क्षमता विकासका लागि नियमित तालिम तथा प्रशिक्षण सञ्चालन गरिनेछ।

४. **अन्तर-निकाय समन्वय र नीतिगत सुधारः** संघीय निजामती सेवा ऐनसँग तादात्म्यता मिलाउँदै प्रदेशका कानून परिमार्जन गर्न सरकारलाई परामर्श दिने र स्थानीय तहको जनशक्ति व्यवस्थापनलाई व्यवस्थित गर्न जिल्लागत समन्वय संयन्त्रलाई सक्रिय बनाउने रणनीति अवलम्बन गरिनेछ।

५. **अनुसन्धान र पृष्ठपोषण संयन्त्रको स्थापनाः** आयोगद्वारा लिइने परीक्षाको प्रभावकारिता र सफल उम्मेदवारको कार्यसम्पादनको नियमित अध्ययन (Post-selection Study) गरी प्राप्त पृष्ठपोषणका आधारमा छनोट प्रक्रियालाई अझ बढी वैज्ञानिक र विश्वसनीय बनाइनेछ।

**(ङ) प्रमुख हस्तक्षेपकारी कार्यक्रम**

१. **प्रश्न बैंकको निर्माण र सुदृढीकरणः** परीक्षाको गोपनीयता र गुणस्तर सुनिश्चित गर्न सबै सेवा र समूहका लागि विशेषज्ञद्वारा निर्मित विश्वसनीय 'प्रश्न बैंक' तयार गरी कम्प्युटर प्रणालीबाट स्वचालित रूपमा प्रश्नपत्र सेट तयार गर्ने पद्धति पूर्ण रूपमा लागू गरिनेछ।

२. **ई-रिक्रुटमेन्ट प्रणालीको पूर्ण कार्यान्वयनः** विज्ञापनदेखि सिफारिससम्मका सम्पूर्ण प्रक्रियालाई अनलाइन प्रणालीमा आबद्ध गरी 'कागजविहीन' सेवा प्रवाह सुनिश्चित गरिनेछ, जसले दुर्गम क्षेत्रका परीक्षार्थीको पहुँचलाई सरल बनाउनेछ।

३. **आधुनिक परीक्षा केन्द्र र प्रयोगात्मक प्रयोगशाला निर्माणः** आयोगको आफ्नै सुविधासम्पन्न र सूचना प्रविधिले सुसज्जित परीक्षा हल तथा प्राविधिक पदको क्षमता परीक्षणका लागि आधुनिक प्रयोगात्मक प्रयोगशाला (Skill Lab) को स्थापना र सञ्चालन गरिनेछ।

४. **योग्यतामा आधारित पाठ्यक्रम परिमार्जनः** सार्वजनिक सेवालाई नतिजामुखी बनाउन परम्परागत पाठ्यक्रमको सट्टा समसामयिक ज्ञान, सीप, मनोवृत्ति र आचरण (KSA - Knowledge, Skill, and Attitude) मा आधारित नवीन पाठ्यक्रम विकास र कार्यान्वयन गरिनेछ।

५. **अटोमेटेड उत्तरपुस्तिका परीक्षण प्रणालीः** वस्तुगत बहुवैकल्पिक प्रश्नको उत्तरपुस्तिका परीक्षणमा अत्याधुनिक 'अप्टिकल मार्क रिडर' (OMR) प्रविधिको उच्च क्षमता विकास गरी नतिजा प्रकाशनको अवधिमा उल्लेख्य कटौती गरिनेछ।

६. **समावेशी र समन्यायिक परीक्षण ढाँचाः** प्रदेशको विशिष्ट सामाजिक परिवेशलाई ध्यानमा राख्दै आरक्षण र समावेशिताको प्रभावकारिता अध्ययन गरी लक्षित वर्गका उम्मेदवारको क्षमता विकास र पहुँच बढाउने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**(च) दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनसँगको आवद्धता**

प्रदेश लोक सेवा आयोगका रणनीति र कार्यक्रमले विशेष गरी **'सुशासन तथा प्रशासनिक रूपान्तरण'** र **'जनशक्ति विकास तथा क्षमता अभिवृद्धि'** को क्षेत्रमा प्रत्यक्ष र निर्णायक योगदान पुऱ्याउँछन्। आयोगले अवलम्बन गर्ने 'ई-रक्रुटमेन्ट' र डिजिटल रूपान्तरणका कार्यक्रमले **'डिजिटल गण्डकी'** को लक्ष्य प्राप्त गर्न र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउन मद्दत पुर्‍याउँछन्। यसबाट योग्यता,

निष्पक्षता र स्वच्छता लगायतका आयोगको मूल्यमान्यता अभिबृद्धि गरी सक्षम सार्वजनिक प्रशासन निर्माण हुन मद्त पुग्नेछ।

त्यसैगरी, योग्यतामा आधारित पाठ्यक्रम परिमार्जन र वैज्ञानिक छनोट प्रक्रियाले **'शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास'** को क्षेत्रमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्तिको आपूर्ति सुनिश्चित गर्दछ। यसले प्रदेशका अस्पताल, विद्यालय र विकास आयोजनाहरूमा योग्य कर्मचारी उपलब्ध गराई सेवाको गुणस्तर बढाउन योगदान दिन्छ।

अन्ततः, समावेशी र समन्यायिक परीक्षण प्रणालीले **'सामाजिक न्याय र समावेशीकरण'** को प्राथमिकतालाई सम्बोधन गर्दै राज्यको प्रशासनिक संरचनामा सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्दछ। यसरी आयोगका हस्तक्षेपकारी कार्यक्रमले प्रदेशको **'उत्पादन र उत्पादकत्व वृद्धि'** का लागि आवश्यक पर्ने 'सक्षम मानव पूँजी' निर्माण गरी समृद्ध प्रदेशको समष्टिगत लक्ष्य हासिल गर्न मेरुदण्डको रूपमा कार्य गर्दछन्।

### (छ) दिगो विकास लक्ष्य कार्यान्वयनसँगको आवद्धता

१. **लक्ष्य १६ (शान्ति, न्याय र बलिया संस्थाहरू):** योग्यतामा आधारित पारदर्शी छनोट प्रणाली, डिजिटल रूपान्तरण र भ्रष्टाचार शून्य नीतिले सार्वजनिक संस्थालाई जवाफदेही, प्रभावकारी र समावेशी बनाउन मद्दत गर्दछ। यो आयोगको मुख्य कार्यक्षेत्र हो।
२. **लक्ष्य ५ (लैङ्गिक समानता) र लक्ष्य १० (असमानता न्यूनीकरण):** समावेशी पाठ्यक्रम र आरक्षणको प्रभावकारी कार्यान्वयनले राज्यको नीति निर्माण तहमा महिला, दलित र अल्पसङ्ख्यकको पहुँच सुनिश्चित गरी सामाजिक र आर्थिक असमानता हटाउन योगदान दिन्छ।
३. **लक्ष्य ८ (मर्यादित काम र आर्थिक वृद्धि):** दक्ष जनशक्तिको सही व्यवस्थापनले सरकारी उत्पादकत्व बढाई समग्र प्रदेशको आर्थिक विकासमा टेवा पुऱ्याउँछ।

### (ज) त्रिवर्षीय नतिजा सूचक

प्रदेश लोकसेवा आयोगले आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) मा निम्न उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छः

### तालिका ३५: प्रदेश लोकसेवा आयोगको त्रिवर्षीय नतिजा सूचक

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ (यथार्थ) | २०८२/८३ संशोधित अनुमान) | मध्यमकालीन त्रिवर्षीय लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | अनलाइन आवेदन र भुक्तानी | सङ्ख्या | दरखास्त-७७०४३ अनलाइन भुक्तानी-रु ६,११,६२,१२६ | दरखास्त-१०००० अनलाइन भुक्तानी-रु ९,००,००,००० | १००% कार्यान्वयन | प्रणाली सुदृढीकरण | पूर्णतः पेपरलेस सेवा |
| २. | प्रश्न बैंक विकास | प्रतिशत | ८०% (मुख्य) | ८५% (मुख्य) | ९०% (सबै) | ९५% (सबै) | १००% (सबै) |
| ३. | लिखित नतिजा प्रकाशन अवधि | महिना | ३ महिनाभित्र | ३ महिनाभित्र | २ महिनाभित्र | २ महिनाभित्र | २ महिनाभित्र |
| ४. | पाठ्यक्रम परिमार्जन (KSA आधारित) | प्रतिशत | ९५% पद | ९६% पद | ९८% पद | ९९% पद | १००% (सबै) |
| ५. | ओ.एम.आर (OMR) परीक्षण | सङ्ख्या | ५१,१७२ | ४५,००० | १००% वस्तुगत प्रश्न | थप उच्च गतिको प्रविधि | शून्य त्रुटि र तत्काल नतिजा |
| ६. | विज्ञ रोस्टर (Expert Roster) | जना | १२०० | १३०० | १५०० विज्ञ सूचीकृत | २०० (डिजिटल) | ३०००+ (पूर्ण स्वचालित) |
| ७. | उम्मेदवार सन्तुष्टि दर | प्रतिशत | ८५% माथि | ८५% माथि | ९०% माथि | ९९% माथि | १००% |
| ८. | स्थानीय तह जनशक्ति आपूर्ति | सङ्ख्या | ९९% | ९९% | माग अनुसार | माग अनुसार | शतप्रतिशत |
| ९. | प्रभावकारिता अध्ययन | क्षेत्र | - | स्थानीय तह | प्रारम्भिक सर्वेक्षण | ५०% सेवाको अध्ययन | नीतिगत सुधार प्रतिवेदन |

*स्रोतः गण्डकी प्रदेश लोक सेवा आयोग*

### (झ) त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

प्रदेश लोकसेवा आयोगको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को व्यय तथा स्रोतको अनुमान यसप्रकार रहेको छः

### तालिका ३६: प्रदेश लोकसेवा आयोगको त्रिवर्षीय व्यय तथा स्रोत अनुमान

(रू हजारमा)

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यय | चालू | ९२९०१ | ९६१२० | १०६५२७ | १०५४१८ | १०८५६२ |
| | पूँजीगत | ५२१५ | ६१२० | ४३५०० | ४६३४४ | ४८८४८ |

| विवरण | | २०८१/८२ (यथार्थ) | २०८२/८३ (संशोधित अनुमान) | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | **जम्मा** | ९८११६ | १०२२४० | १५००२७ | १५१७६२ | १५७४१० |
| **स्रोत** | **प्रदेश सरकार** | ९८११६ | १०२२४० | १५००२७ | १५१७६२ | १५७४१० |
| | वितीय समानीकरण | - | - | - | - | - |
| | सशर्त | - | - | - | - | - |
| | समपूरक | - | - | - | - | - |
| | विशेष | - | - | - | - | - |
| | **जम्मा** | ९८११६ | १०२२४० | १५००२७ | १५१७६२ | १५७४१० |

*स्रोतः आर्थिक मामिला मन्त्रालयबाट प्रकाशित वार्षिक मूल्याङ्कन प्रतिवेदन, व्यय अनुमानको विवरण तथा विश्लेषण*

**(ञ) सम्भाव्य जोखिम पक्ष**

१. **नीतिगत स्थिरताः** संघीय र प्रदेश तहमा निजामती सेवा सम्बन्धी कानून समयमै निर्माण र समयानुकुल परिमार्जन,

२. **स्रोतको उपलब्धताः** रणनीतिक योजना र भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक बजेट र दक्ष जनशक्तिको निरन्तरता,

३. **कानूनी र राजनीतिक जोखिमः** संघीय ऐन निर्माणमा ढिलाइ हुँदा कार्यक्षेत्रमा सम्भावित कानूनी जटिलता,

४. **प्राविधिक जोखिमः** साइबर सुरक्षाको चुनौती, सर्भरमा समस्या, र प्रविधि अनुकूल जनशक्तिको अभाव,

५. **दक्ष जनशक्ति पलायनः** आयोगले छनोट गरेका दक्ष कर्मचारी वैदेशिक रोजगारी वा अन्य क्षेत्रमा पलायन हुने उच्च दर।

गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

फोन : ०६१-४५११८८

Email: pppcgandaki@gmail.com    Website: ppc.gandaki.gov.np